# पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

१८
पू
र्णा
ङ्क

संशोधन–मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

५ वर्ष

२ अङ्क

[इतिहास—प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—

गौतमवज्र वज्राचार्य

महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक-

धनवज्र वज्राचार्य

(संशोधन-मण्डलद्वारा)

सहयोगीहरू—

रामजी तेवारी

देवीप्रसाद भण्डारी

शङ्करमान राजवंशी

दिनेशराज पन्त

# विषयसूची


| | | |
|---|---|---|
| १. लिच्छविकालिक बस्ती | –धनवज्र वज्राचार्य | ८७–१०१ |
| २. ललितपुर भीमसेनस्थानको शिवदेव+अंशुवर्माको अभिलेख | | १०२–१०३ |
| ३. भक्तपुर गोलमाढीटोलको शिवदेव+अंशुवर्माको अभिलेख | | १०३ |
| ४. धर्मस्थलीको शिवदेव+अंशुवर्माको अभिलेख | | १०४ |
| ५. बूढानीलकण्ठ नारायणस्थानको शिवदेव+अंशुवर्माको अभिलेख | | १०५ |
| ६. धर्मपुरको अभिलेख | | १०६ |
| ७. कान्तिपुर यङ्गालहिटीको नरेन्द्रदेवको अभिलेख | | १०७–१०८ |
| ८. ऐतिहासिक घटनावली | –गौतमवज्र वज्राचार्य | १०९–११४ |
| ९. श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू | –देवीप्रसाद भण्डारी | ११५–१२१ |
| १०. वि. सं. १८५२ को एउटा ऐतिहासिक कागत | –शङ्करमान राजवंशी | १२१–१३२ |
| ११. वीर भक्ति थापा | –महेशराज पन्त | १३२–१४१ |
| १२. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका धार्मिक कृत्य | –दिनेशराज पन्त | १४२–१५० |
| १३. सूर्यग्रहण | –नयराज पन्त | १५०–१६७ |
| प्रस्तावना | १५०–१५२ | |
| चन्द्रमाको आफ्नै प्रकाश छैन | १५२ | |
| चन्द्रकला बढ्नु र घट्नु | १५२–१५३ | |
| चन्द्रकलाको विषयमा डेढ सय वर्ष पुरानो नेपाली लेख | १५३–५७ | |
| सूर्यग्रहण लाग्ने अवस्था | १५७–१५८ | |
| ऋग्वेदमा सूर्यग्रहण | १५९–१६१ | |
| कृष्णजीको पालाको सूर्यग्रहण | १६१–१६३ | |
| बुद्धले पनि सूर्यग्रहणको चर्चा गरेका छन् | १६३–१६७ | |
| १४. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप | –रामजी तेवारी | १६७–१७७ |
| हाम्रो वक्तव्य | | १७८–१८० |

# लिच्छविकालिक बस्ती

*—धनवज्र वज्राचार्य*

लिच्छविकालका बस्ती र आजभोलिका बस्तीमा निकै अन्तर परिसकेको छ । उहिलेका कति प्रसिद्ध बस्ती अहिले उजाड भइसकेका छन् । अहिलेका कति बस्ती उहिले थिएनन् । यस कारण लिच्छविकालको जनजीवन, आर्थिक अवस्था, शासनपद्धति आदि कुरा बुझ्न त्यस वेलाका बस्तीबारे पनि बुझ्नु आवश्यक छ ।

अहिले मेची–महाकालीबीचको भूभाग 'नेपाल' भनी निश्चित भए जस्तै लिच्छविकालमा नेपालराज्यको सीमा कहाँदेखि कहाँसम्म थियो, यो कुरा निश्चित रूपमा बताउने साधन प्राप्त भएको छैन । तर लिच्छविकालमा पनि नेपालराज्यको सीमा करीब करीब वर्तमान नेपाल जत्रै थियो । यो कुरा हामी अनेक प्रमाणको आधारमा बुझ्न सक्छौं[1] ।

नेपाल–उपत्यकाभन्दा बाहिरका बस्तीबारे राम्रो ज्ञान नभएको हुनाले त्यसबारे अहिले केही लेख्न असमर्थ छु । यस कारण नेपाल–उपत्यका र आसपासका अलिकता क्षेत्रको परिचयमै यो लेख सीमित रहेको छ ।

आजभोलि बसाइको दृष्टिले नेपाल–उपत्यकामा कान्तिपुर, ललितपुर, भक्तपुर यी तीन शहरको प्रमुख स्थान रहेको छ । मल्लकालमा त यी तीन शहरमा तीन राज्यका राजधानी नै कायम थिए । तर लिच्छविकालमा बस्ती–बसाइको अवस्था अलि भिन्न थियो । त्यस वेला यी तीन शहर यस रूपमा विकसित भइसकेका थिएनन् ।

उपत्यकाका छेउ–छेउका अनन्तलिङ्गेश्वर, चापागाउँ, बुङमती, बलम्बु, थानकोट, सीतापाइला, धर्मस्थली, टोखा, बूढानीलकण्ठ, टुप्याक, गोकर्ण, साँखु, आदि ठाउँका बस्ती आजभोलि त्यति उल्लेखनीय रूपमा रहेका छैनन् । मल्लकालमा पनि यी बस्तीको विशेष स्थान थिएन । तर लिच्छविकालमा उपत्यकाका छेउ–छेउका यी बस्ती उल्लेखनीय थिए । यो कुरा तात्कालिक अभिलेखको अध्ययन गरी हेर्दा हामी बुझ्न सक्छौं ।

*'हंसगृहद्रङ्ग'—*

भक्तपुर सूर्यविनायकदेखि दक्षिणपट्टि, ललितपुर लुभुदेखि पूर्वोत्तरमा अनन्तलिङ्गेश्वरस्थान रहेको छ । त्यहाँ रहेको लिच्छवि राजा नरेन्द्रदेवको अभिलेखबाट लिच्छविकालमा यस भेकमा 'हंसगृहद्रङ्ग' नामले प्रसिद्ध बस्ती थियो भन्ने बुझिन्छ ।

---

१. 'इतिहास,–संशोधनको प्रमाण प्रमेय' २१–२८ पृष्ठ हेर्नुहोस् ।

ग्रामको परिभाषाभन्दा बढी आबादी भएका निश्चित इलाका भएको बस्तीलाई त्यस वेला 'द्रङ्ग' संज्ञा दिइएको हुन्थ्यो । एउटा द्रङ्गभित्र अनेक ग्राम पनि पर्दथे । लिच्छविकालमा द्रङ्ग-संज्ञा पाएको बस्तीले पछि पछि 'देश' (शहर) को संज्ञा पाएको देखिन्छ । यसरी 'द्रङ्ग' निकै आबाद भएको बस्ती हुन्थ्यो भन्ने निश्चित छ[१] । यस कारण द्रङ्गको रूपमा रहेको 'हंसगृह' पनि निकै आबाद भएको बस्ती थियो भन्ने स्पष्ट छ । त्यहाँ रहेको नरेन्द्रदेवको अभिलेखबाट पनि यस कुराको संकेत पाइन्छ । त्यस अभिलेखमा परेको 'द्रङ्गसीमाभ्यन्तरस्थानाम्ब्राह्मणप्रमुखानामा चाण्डालेभ्यो' आदि वाक्यले ब्राह्मणदेखि चाण्डालसम्मका विभिन्न जातका मानिसहरूको त्यहाँ बसोबास थियो भन्ने बुझिन्छ ।

हंसगृहद्रङ्गका देवता 'लोकपालस्वामी' पनि प्रसिद्ध देवतामा पर्दथे । अंशुवर्माको हाँडिगाउँको अभिलेखमा[२] 'हंसगृहदेवस्य पु ३ प १' भनी हंसगृहका देवतालाई तीन पुराण एक पण भाग छुट्याइएको छ । नरेन्द्रदेवको उक्त अभिलेखको तल्लो भाग निकै फुटेको छ। तैपनि बचेको भागबाट हंसगृहका देवताको पूजा–आजा, वार्षिक यात्रा धूमधामसंग हुन्थ्यो भन्ने बुझिन्छ । त्यहाँको धार्मिक विधानको देखरेखको लागि एकजना 'कुलपति' रहेका हुन्थे । देवमन्दिरमा सफाइ आदिको लागि दशौं 'देव--दास' र आरती आदिको लागि बीसौं देवदासी रहेका हुन्थे । कार्तिक शुक्ल द्वादशीको दिन लोकपालस्वामीको प्रतिष्ठादिनको उपलक्ष्यमा विशेष उत्सव गरिन्थ्यो । इत्यादि कुरा नरेन्द्रदेवको सो अभिलेखबाट बुझिन्छ[३] ।

तर आज--भोलि 'हंसगृहद्रङ्ग'मा (अनन्तलिङ्गेश्वरभेकमा) कुनै विशेष बस्ती छैन । लिच्छविकालमा विशेष आबाद रहेको 'हंसगृहद्रङ्ग' पछि कारणवश उजाड भएछ भन्ने यताबाट बुझिन्छ । हंसगृहका प्रसिद्ध देवता लोकपालस्वामीको पनि पहिलेको स्थिति कायम हुन सकेन । अनि पछि यो ठाउँ अनन्तलिङ्गेश्वरको रूपमा परिणत भएको देखिन्छ ।

*'लेम्बटीद्रङ्ग'—*

अनन्तलिङ्गेश्वरबाट दक्षिण पश्चिमभेकमा लेले रहेको छ । यो प्रदेश उपत्यकाबाहिर पर्छ । लेलेभेकमा लिच्छविकालमा 'लेम्बटीद्रङ्ग' थियो । लेलेमा रहेको शिवदेव+अंशुवर्माको अभिलेखबाट यो द्रङ्ग पनि निकै आबाद थियो भन्ने बुझिन्छ । पहिलेका श्रद्धालु राजाप्रजाले गुठीका रूपमा चढाएका त्यस इलाकाका जग्गाको बन्दोवस्त गरी राखिएको सो अभिलेखबाट विभिन्न गोष्ठी-अन्तर्गत रहेको तात्कालिक जनजीवनको झलक पाइन्छ[४] । तर अहिले लेलेमा विशेष बस्ती छैन । एउटा सानो गाउँको रूपमा मात्र यो रहेको छ । लिच्छविकालको 'लेम्बटी' शब्दको उत्तराधिकारीको रूपमा 'लेले' नाउँ जीवित छ तापनि 'लेम्बटीद्रङ्ग' जीवित छैन ।

---

१. 'पूर्णिमा' १० पूर्णाङ्कका १३–१७ पृष्ठ हेर्नुहोस् ।

२. 'पूर्णिमा' १४ पूर्णाङ्कको १२३ पृष्ठमा यो अभिलेख छापिएको छ ।

३. 'अभिलेख–संग्रह' १ भागका ३५–३८ पृष्ठ हेर्नुहोस् ।

४. 'पूर्णिमा' १३ पूर्णाङ्कका ३–५ पृष्ठ हेर्नुहोस् ।

लेलेबाट चारभञ्ज्याङभित्र पसेपछि चापागाउँमा पुगिन्छ । चापागाउँ पनि लिच्छविकालको बस्ती हो । त्यहाँ रहेको शिवदेवको अभिलेखमा विभिन्न जातका माछाको बिक्रीमा लागेको करसम्बन्धी कुरा परेको छ[१] । चापागाउँको बस्ती अहिले पनि कायमै छ ।

चापागाउँबाट ललितपुरतिर बढ्दै आएपछि सुनागुठी भृङ्गारेश्वर आदि लिच्छविकालका बस्ती भेट्टिन्छन् ।

*'शीताटिकाद्रङ्ग'*—

चन्द्रागिरि र दहचोक डाँडोको बीच भागमा लिच्छविकालमा प्रशस्त बस्ती बसेका थिए । सतुङ्गल, किसिपिडी, थानकोट, भेल्बु, बलम्बु, पासिख्य, मालटार, चौकिटार आदि ठाउँमा पाइएका लिच्छविकालका अभिलेखबाट[२] यो कुरा बुझिन्छ । यो भेकका धेरैजसा बस्ती शीताटिकाद्रङ्ग-अन्तर्गत थिए[३] । आजकाल भेल्बु, पासिख्य, मालटार, चौकिटारमा कुनै बस्ती छैन । यी सबै बस्ती खेतका रूपमा परिणत भइसकेका छन् । तर उहिले यहाँ बस्ती थिए भन्ने दर्शाउने चिह्न भने यहाँ प्रशस्त पाइन्छन् । उदाहरणार्थ अहिले खेतको फाँटको रूपमा रहेको भेल्बुलाई देखाउन सकिन्छ । त्यहाँ चार पाँच शय गजसम्मको गिर्दामा काला कुलेसा गोरेटा, ढिस्का जताततै राम्ररी पोलिएका ईंट झिगटी आदि भेट्टिन्छन्[४] । यसै गरी अन्त पनि बस्तीका चिह्न पाइन्छन् । यसबाट मालटारको अभिलेखमा उल्लिखित 'माखलग्राम' चौकिटारको अभि-लेखमा उल्लिखित 'तेग्वलग्राम' आदि लिच्छविकालका बस्तीको अस्तित्वलोप भइसकेको छ भन्ने थाहा पाइन्छ ।

पश्चिमभेकमा आदेश्वर, सीतापाइला डांडापौवा, इचंगुतिर पनि लिच्छविकालमा केही बस्ती थिए । आदेश्वरको अभिलेख[५] छोगं, युबीसामा, तलञ्जु ग्रामलाई सम्बोधन गरी राखिएको छ । सीतापाइलाको अभिलेख[६] खण्डित हुँदा ग्रामको नाउँ फुटेको छ तापनि ग्रामका बासिन्दालाई सम्बोधन गरिएको हुनाले त्यहाँ लिच्छविकालमा बस्ती थियो भन्ने स्पष्ट छ । यस भेकमा फाटफुट अलि बस्ती अहिले पनि छ तापनि लिच्छविकालका यहाँका बस्ती पनि क्षीण भएको देखिन्छ ।

---

१. यो अभिलेख नोलीद्वारा ३२ संख्याको रूपमा छापिएको छ ।

२. नोली १२,१४,१५,१९,२८,४४,५१,५५,५६,७६, संख्याका अभिलेख हेर्नुहोस् । पासिख्यको अभिलेख 'अभिलेखसंग्रह' ५ भागमा र भेल्बुको अभिलेख 'पूर्णिमा' ५ पूर्णाङ्कमा छापिएका छन् ।

३. 'पूर्णिमा' १० पूर्णाङ्कका ११–१२ पृष्ठ हेर्नुहोस् ।

४. 'पूर्णिमा' १० पूर्णाङ्कको १ पृष्ठ हेर्नुहोस् ।

५. आदेश्वरको अभिलेख नोलीद्वारा ५३ संख्याको रूपमा प्रकाशित भएको छ ।

६. सीतापाइलाको अभिलेख 'पूर्णिमा' ९ पूर्णाङ्कको ४ पृष्ठमा गौतमवज्र वज्राचार्यद्वारा प्रकाशित भएको छ ।

*'नुप्पुन्नद्रङ्ग'*—

सीतापाइलाबाट पश्चिमतिर लागेपछि पश्चिम १ नं. केवलपुरमा पुगिन्छ । त्यहाँ लिच्छविकालमा 'नुप्पुन्नद्रङ्ग' रहेको थियो भन्ने कुरा त्यहाँ पाइएको अभिलेखबाट[१] बुझिन्छ । धेरै लिच्छविकालका शासकहरूले यो बस्तीउपर अनुग्रह गरी सुबिधा गरिदिइएको थियो भन्ने सो अभिलेखबाट बुझिन्छ । साथै त्यहाँ 'नारायणस्वामी' देवताको स्थान थियो भन्ने पनि त्यस अभिलेखबाट बुझिन्छ । केवलपुरमा म पुगेको छैन । तर लिच्छविकालिक बस्ती अहिले त्यहाँ कायम छैन भन्ने सुन्दछु ।

*'थंतुंरीद्रङ्ग'*—

उपत्यकाको उत्तरी भेकका छेउ–छाउ पनि लिच्छविकालमा निकै आबाद थिए । धर्मस्थली, टोखा, धापासी, धर्मपुर, चपलीगाउँ, बूढानीलकण्ठ आदि ठाउँमा लिच्छविकालका अभिलेख[२] पाइएका छन् । लिच्छविकालका यी बस्ती केही अंशमा अहिले पनि कायमै छन् ।

तर यस भेकको प्रसिद्ध बस्ती 'थंतुंरीद्रङ्ग' सर्वात्मना नष्ट भइसकेको छ । बूढानीलकण्ठ नारायणस्थानबाट पश्चिम र उत्तर भेकमा विष्णुपादुका डाँडोको फेदीमा विष्णुमतीको तीरमा हालै लिच्छविकालका तीन अभिलेख पाइएका छन्[३] । तीमध्ये शिवदेवको अभिलेखबाट त्यस भेकमा 'थंतुंरीद्रङ्ग' थियो भन्ने थाहा पाइन्छ । सोही द्रङ्गका बासिन्दालाई केही कर माफी गरी सो अभिलेख गरिदिइएको हो । फेरि राजा मानदेवले यहाँ शिवलिङ्गस्थापना गरेका हुनाले पनि त्यस बेला यो ठाउँ प्रसिद्ध थियो भन्ने बुझिन्छ । तर यी अभिलेख पाइएको ठाउँमा तथा त्यसको आसपासमा अहिले फाटफुट १।२ घरबाहेक कुनै बस्ती छैन । बस्तीका चिह्न भने अहिले पनि पाइन्छन् । अभिलेख भेट्टिएको ठाउँको वरपर खेतका कान्ला ढिस्का आदि जताततै राम्ररी पोलिएका ईंट आदि देखापर्छन् । यताबाट पहिले यहाँ बस्ती थियो भन्ने स्पष्ट देखिन्छ । लिच्छविकालका माथि उल्लिखित कति बस्ती जस्तै 'थंतुंरीद्रङ्ग' पनि कालक्रमले उजाड भयो र खेतको रूपमा परिणत भयो भन्ने बुझिन्छ ।

उपत्यकाको उत्तरपूर्व र पूर्वभागका छेउछाउमा पनि लिच्छविकालमा बस्ती थिए । गोकर्ण, साँखु, चाँगु, नीलवाराही आदि ठाउँमा पाइएका अभिलेखबाट[४] यो कुरा बुझिन्छ ।

---

१. योगी नरहरिनाथद्वारा तथा नोलीद्वारा ५४ संख्याको रूपमा यो छापिएको छ ।

२. धर्मस्थली, बूढानीलकण्ठ, धर्मपुरका अभिलेख तल परिशिष्टमा दिइएका छन् । टोखा र चपलीगाउँका अभिलेख लेभी र नोलीद्वारा छापिएका छन् । धापासीको अभिलेख 'पूर्णिमा' ११ पूर्णाङ्कमा गौतमवज्र वज्राचार्यद्वारा छापिएको छ ।

३. 'पूर्णिमा' १५ पूर्णाङ्कका ३३०–३२ पृष्ठमा यी अभिलेख प्रकाशित भएका छन् ।

४. गोकर्णको अभिलेखको प्रतिलिपि वीरपुस्तकालयमा छ । यो प्रकाशित भएको छैन । चाँगुका अभिलेख भगवान्लाल, लेभी र नोलीद्वारा छापिएका छन् । साँखुको एउटा अभिलेख लेभी र नोलीद्वारा छापिएको छ । अर्को अभिलेख 'अभिलेख–संग्रह' पहिलो भागमा छापिएको छ । नीलवाराहीको अभिलेख 'पूर्णिमा' १३ पूर्णाङ्कमा छापिएको छ ।

अब ललितपुर, भक्तपुर, कान्तिपुरभित्र पस्नुभन्दा पहिले माथि उल्लिखित केही बस्तीको विचार गर्दा निस्कने निष्कर्षतिर लाग्नु उचित होला ।

सुबिधाअनुसार बस्ती बस्ने हुनाले प्राचीन कालमा नेपाल–उपत्यकामा बस्ती बस्दा छेउ-छाउमा बस्ती बसाल्न सजिलो भएछ । यो कुरा उपत्यकाको छेउ–छाउमा चारैतिर हातेमालो जस्तै गरी बसेका उपर्युक्त बस्तीले स्पष्ट पारेको छ । सुबिधा नभएको भए त्यस वेला यसरी छेउछाउमा बस्ती बस्ने थिएन । पछि उपत्यकाको बीच भागमा भने जस्तै तीन ठूला शहर बसेपछि बाटो–घाटोको कठिनाइ आदि कारणले छेउ–छाउका यी बस्ती सुक्दै गएको देखिन्छ ।

नेपाल–उपत्यका पहिले 'दह' को रूपमा थियो, पछि निकासा खुलेपछि विस्तारै विस्तारै यहाँ बस्ती बस्यो भन्ने अनुश्रुति चलेर आइरहेको छ[१] । चारैतिर अग्ला पहाडले घेरिएको उपत्यकालाई हेर्दा कुनै वेला यो दहको रूपमा थियो होला भन्ने अनुमान गर्ने ठाउँ नभएको होइन । फेरि उपत्यकाको छेउ-छेउमा त्यस वेला बस्ती बसाल्न सजिलो भएको उपर्युक्त कुराले पनि यस कुराको केही अंशमा पुष्टि गरेको छ ।

सुरक्षाको दृष्टिले तथा स्वास्थ्यको दृष्टिले पनि अनुकूल भएको हुनाले त्यस वेलाका धेरैजसा बस्ती अलि ऊचा जग्गामा बसेका देखिन्छन् । तात्कालिक बस्तीको विचार गर्दा यस कुरामा पनि दृष्टि दिनु आवश्यक छ ।

यसरी एकथरी मानिस सुबिधाअनुसार छेउ–छाउमा बस्न लागे । अर्काथरी मानिस वाग्वती विष्णुमती आदि खोलाको आसपास गई बस्न लागे । यसो हुनाले कान्तिपुर, ललितपुर, भक्तपुरभेकमा पनि लिच्छविकालमा प्रशस्त बस्ती बसिसकेका थिए । तर अहिले जस्तै तीन ठूला शहरका रूपमा भने यी परिणत भइसकेका थिएनन् । विभिन्न नाउँका ग्रामका समूह–रूपमा यी थिए । यो कुरा बुझ्न यस विषयमा अलि खुलाएर लेख्नुपरेको छ ।

*'यूपग्रामद्रङ्ग'—*

कान्तिपुर, भक्तपुरको अपेक्षा ललितपुरमा लिच्छविकालमा बस्ती बाक्लो देखिन्छ । यसरी घना बस्तीको दृष्टिले ललितपुरले त्यस वेला शहरको रूप लिइसकेको बुझिन्छ । मङ्गलबजार, कुम्भेश्वर, च्यासल, खपिछें, यागबहाल, त्यागल, सुनधारा, गैह्रिधारा, मीननाथ, लखनखेल आदि ठाउँमा पाइएका अभिलेखबाट[२] यो कुरा थाहा पाइन्छ । तर अहिले ललितपुर भनिए जस्तै त्यस वेला एउटै शहरको संज्ञा भने लिएको थिएन । संगसंगै बसेका विभिन्न नाउँका ग्रामहरूको समूहको रूपमा यो रहेको थियो । मङ्गलबजार र त्यसको आसपासको ठाउँ 'यूपग्राम' नामले प्रसिद्ध थियो । यूपग्राम 'द्रङ्ग' बनेपछि आसपासका धेरै बस्ती यस द्रङ्गअन्तर्गत रहेका थिए । तर

---

१. पूर्णिमा' १७ पूर्णाङ्कका १–२ पृष्ठ हेर्नुहोस् ।

२. नोली २२, २३, ३८, ४५, ५०, ६७, ७०, ७१, ७२, ७४, ७९, ८०, ८५, ८६, ८८ संख्याका अभिलेख हेर्नुहोस् । खपिंछेको 'अभिलेख 'अभिलेख–संग्रह' पहिलो भागमा र त्यागलको अभिलेख 'पूर्णिमा' ५ पूर्णाङ्कमा छापिएको छ ।

अलि पर परका ग्राम भिन्नाभिन्नै नामले रहेका थिए । यी ग्रामका बीच बीचमा ठूलठूला बौद्ध विहारहरू बनेका थिए ।

अब यी कुरा बताउने अभिलेखको चर्चा यहाँ गर्नु आवश्यक छ। मङ्गलबजार तलेजुचोकको नरेन्द्रदेवका अभिलेखमा[१] सबै तलसहित यूपग्रामद्रङ्गलाई सुबिधा गरिदिएको कुरा परेको छ । भीमसेनस्थानको अभिलेखमा[२] नाउँ फुटेको छ तापनि 'यस द्रङ्गभित्र 'त्रिकर' उठाउन मात्र कुथेर अधिकरणका अधिकारीहरूले पस्नू' भन्ने उल्लेख परेको हुनाले यो 'यूपग्रामद्रङ्ग' नै हो भन्ने स्पष्ट छ । मीननाथ मन्दिरनिरको धाराको अभिलेखमा पनि 'यूपग्राम' को उल्लेख परेको छ तथा त्यहाँ गीग्वल, जाज्जे, तेग्वल, यूग्वल –ल्ल पाँच पाञ्चालीको उल्लेख परेको हुनाले 'यूपग्राम' को बाक्लो बस्तीको झलक यताबाट पाइन्छ ।

तर मङ्गलबजारभन्दा अलि परका सुनधारा, यागबहाल च्यासल आदि ठाउँका अभिलेखमा भिन्नाभिन्नै नाउँका ग्रामको उल्लेख पाइन्छ । सुनधाराको अभिलेखमा 'माटिङग्राम' को उल्लेख परेको छ । यागबहालको अभिलेखमा 'गुल्लंतङ्ग' ग्रामको उल्लेख आएको छ । सो अभिलेखमा गुल्लंतङ्ग ग्रामको चारकिल्ला पनि खुलाई दिइएको छ । यस ग्रामको पूर्वोत्तरतिर वाग्वती नदी, त्यताबाट उत्तरतिर श्रीमानदेवविहार र खर्जुरिकाविहारको साँध, त्यताबाट पश्चिमपट्टि मध्यम-विहार, त्यताबाट पूर्वोत्तरतिर...मूलसडक, त्यताबाट उत्तरतिर अभयरुचिविहार, त्यताबाट पूर्वोत्तरतिर वार्तकल्याणगुप्तविहार, त्यताबाट पूर्वोत्तरतिर चतुर्भालटसनविहार, त्यताबाट उत्तर पश्चिमतिर मूलसडक, त्यताबाट पूर्वोत्तर लागी अनि त्यताबाट उत्तरपूर्वमा श्रीराजविहार, त्यताबाट उत्तरपूर्वतिर मूलसडक आदि कुरा सो गाउँको चारकिल्ला खोल्दा सो अभिलेखमा लेखिएको छ[३] ।

यताबाट गुल्लंतङ्गग्राम ललितपुरको पूर्वोत्तरभेकमा निकै फैलिएको बस्ती थियो भन्ने बुझिन्छ तथा लिच्छविकालका प्रसिद्ध बौद्ध विहारहरू श्रीमानदेवविहार, खर्जुरिकाविहार, मध्यम-विहार, श्रीराजविहार आदि यतै भेकमा थिए भन्ने यताबाट थाहा पाइन्छ। विहारको पूर्वप्राकार दक्षिणप्राकार आदिको उल्लेख यस अभिलेखमा भएको हुनाले यी विहारहरू चारैतिर पर्खालले घेरिएका हुन्थे भन्ने बुझिन्छ । गुल्लंतङ्गग्रामको चारकिल्लाभित्र तीन चार ठाउँमा महापथ, वृहत्पथ, मार्ग आदिको उल्लेख आएको हुनाले एक ग्रामबाट अर्को ग्राममा जाने मूलसडक, सडकहरू बनेका थिए भन्ने पनि बुझिन्छ ।

च्यासलटोलको अभिलेखमा पनि त्यहाँको ग्रामको चारकिल्ला खोलिएको छ । तर धेरै खण्डित हुँदा जम्मै कुरा बुझिदैन । तैपनि त्यस भेकमा लोप्रिम ग्राम थियो । त्यहाँ रेटापाञ्चाली पुनुपाञ्चाली आदिको उल्लेख आएको छ । पुष्पवाटिकाविहारको उल्लेख पनि त्यसमा परेको छ ।

---

१. 'संस्कृत–संन्देश' ?।१–२–३ मा ऐ. शि. बाबुराम आचार्य र श्रीगुरु पं. नयराज पन्त-द्वारा यो छापिएको छ ।

२. यो अभिलेख तल परिशिष्टमा दिइएको छ ।

३. 'पूर्णिमा' १४ पूर्णाङ्कका ११७–१९ पृष्ठ हेर्नुहोस् ।

इत्यादि कुराबाट लिच्छविकालमा ललितपुर प्रशस्त आबाद भइसकेको थियो, तर एकै नाउँको शहरको रूपमा थिएन, यूपग्राम आदि संगसंगै बसेका ग्रामको समूह–रूपमा यो थियो भन्ने स्पष्ट हुन्छ । यूपग्राम 'द्रङ्ग'को रूपमा परिणत भएपछि धेरैजसा ग्राम यसअन्तर्गत रहेका हुनाले 'यूपग्रामद्रङ्ग' नै वर्तमान ललितपुरको पूर्वरूप थियो भनी भन्न सकिन्छ । यस प्रसङ्गमा एउटा अर्को कुरामा पनि दृष्टि दिनु आवश्यक छ । 'यूप' भनेको 'मौलो' हो । नेवारी भाषामा मौलोलाई 'यल सिं' भनिन्छ । पुरानो नेवारी टीका भएको अमरकोशमा पनि यसको उल्लेख पाइन्छ । ललितपुरलाई नेवारी भाषामा 'यल' भनिन्छ । यसरी संस्कृतमा 'यूपग्राम' भनिएको र नेवारीमा 'यल' भनिएको देखिनाले यी दुइ नाउँको निकट सम्बन्ध थियो भन्ने कुराको झलक स्पष्ट रूपमा हाम्रो सामुन्ने आएको छ ।

यसै गरी देउपाटनभेकको अभिलेखमा संस्कृतमा नवगृह र नेवारीमा 'ग्वलं' भनिएको पाइन्छ । चांगुँलाई संस्कृतमा दोलाद्रि र नेवारीमा 'चँगुँ' भनिएको पाइन्छ । यी उदाहरणबाट ठाउँका नामकरणसम्बन्धी चलनको केही झलक पाइएको जस्तो मलाई लाग्छ । यस विषयमा अलि बढ्ता अध्ययन गरी पछि खुलाएर लेख्नेछु ।

*'दक्षिणकोलिद्रङ्ग'—*

अब कान्तिपुरतिर लागौं । कान्तिपुरको मध्यभाग त्यस वेला 'कोलिग्राम' नामले प्रसिद्ध थियो[1] । कोलिग्रामको दक्षिण भाग 'दक्षिणकोलिग्राम' अझ बढ्ता आबाद थियो । यो आबादी बढ्दै गई पछि यसले 'दक्षिणकोलिग्रामद्रङ्ग'को संज्ञा पायो । दक्षिणकोलिग्रामद्रङ्ग अन्तर्गत अनेक ग्राम थिए । यो कुरा यङ्गालहिटीको नरेन्द्रदेवको अभिलेखमा[२] परेको 'दक्षिणकोलीग्रामद्रङ्गस्य सर्वतलग्रामैः सहितस्य' भन्ने उल्लेखले देखाउँछ । ललितपुरमा जस्तै यहाँ पनि एउटै शहर कायम हुन सकेको थिएन । विभिन्न ग्रामको समूह यहाँ रहेको थियो ।

ललितपुरभन्दा कान्तिपुरमा व्यवस्थाप्रधान अभिलेख अलि कम पाइएका छन् । तैपनि टुँडिखेल, टेबहाल, गणबहाल, लगन, यङ्गाल, ब्रह्मटोल, मुसुंबहाल, जैसीदेवल, गाबहाल, ढोकाढल,

---

१. पछिसम्म पनि यो भेक 'कालिग्राम' नामले प्रसिद्ध थियो । यो कुरा यक्षमल्लको पालामा वि. सं. १५२७ मा सारिएको ग्रन्थबाट थाहा पाइन्छ–

"...श्रीश्रीजययक्षमल्लदेवस्य विजयराज्ये...सम्वत् ५९० श्रावणशुक्लप्रतिपद्यायान्तिथौ...लेखिक कोलिग्रामश्रीजमलगण्ठिवज्राचार्यमनिकराजचन्द्रेन"

(वीरपुस्तकालयको प. १११३ संख्याको पञ्चरक्षाबाट)

[श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा...ने. सं. ५९० (वि. सं. १५२७) श्रावण शुक्ल प्रतिपदाको दिन...कोलिग्राम श्रीजमलगण्ठि (मछिन्द्रबहाल) का मणिकराजचन्द्र वज्राचार्यले यो सारेका हुन् । ]

('पूर्णिमा' ९ पूर्णाङ्कको १५ पृष्ठबाट)

२. यो अभिलेख तल परिशिष्टमा दिइएको छ ।

हनूमान्ढोका, बटु, केलटोल, नघल, हेनाकरविहार आदि ठाउँमा लिच्छविकालका अभिलेख[1] पाइएका हुनाले कान्तिपुरमा पनि त्यस वेला निकै बस्ती बसिसकेका थिए भन्ने थाहा पाइन्छ ।

*कान्तिपुर इलाकामा पर्ने द्रङ्गहरू—*

कान्तिपुर इलाकामा नक्साल हाँडिगाउँतिर पनि लिच्छविकालमा विशेष बस्ती बसेका थिए । यो कुरा नक्साल नारायणचौरको अभिलेखबाट[2] बुझिन्छ । त्यस अभिलेखमा–

"ताम्रकुट्टशाला । मानेश्वर । शाम्भपुर । ह्मम्प्रिग । पुठम्प्रिङ्ग । जमयम्बी । पुंदट्टग्रामाणां द्रङ्गत्वमात्रमेव प्रसादीकृतम्"

[ताम्रकुट्टशाला, मानेश्वर, शाम्भ(साम्ब)पुर, ह्मम्प्रिग, पुठम्प्रिङ्ग, जमयम्बी पुंदट्ट यी ग्रामहरूलाई द्रङ्गको रूपमा मात्रै (मान्यता दिई) निगाह गरिएको छ ।]

यस्तो उल्लेख परेको छ । यसबाट यस भेकमा ताम्रकुट्टशाला, मानेश्वर, साम्बपुर जमयम्बी[3] आदि सात ग्राम थिए । यी ग्रामलाई द्रङ्गको दर्जामा राखिएको हुनाले यी ग्रामहरू विकसित थिए भन्ने थाहा पाइन्छ । सो अभिलेखमा चारकिल्ला खुलाउँदा उल्लिखित "मानेश्वरराजाङ्गणालीदक्षिणेन प्रेक्षणमण्डपीपृष्ठतः पूर्व्वोत्तरं गत्वा पूर्व्वद्वारेण प्रविश्य राजाङ्गणमध्येन पश्चिमद्वारेण ··त्तरं गत्वा=मानेश्वर राजपटाङ्गिनीको साँधदेखि दक्षिणपट्टि प्रेक्षणमण्डपी (डबली)को पछिल्तिरबाट पूर्वोत्तरतिर लागी पूर्व ढोकाबाट पसी राजपटाङ्गिनीबीच पश्चिम ढोकाबाट···उत्तर लागी" यस वाक्यबाट मानेश्वर ग्राममा कुनै राजदरबार पनि रहेको थियो भन्ने बुझिन्छ ।

१. नोली ७, १३, १८, ४०, ४३, ४८, ५२, ५८, ६१, ६३, ६६, ७७ संख्याका अभिलेख हेर्नुहोस् । गणबहालका अभिलेख प्रकाशित भएका छैनन् । मुसुंबहाल, ढोकाढल, नघलका अभिलेख 'अभिलेख–संग्रह' १ र ९ भागमा छापिएका छन् । केलटोलको अभिलेख 'पूर्णिमा' ९ पूर्णाङ्कमा छापिएको छ ।

२. 'पूर्णिमा' १६ पूर्णाङ्कका ३६०–३६४ पृष्ट हेर्नुहोस् ।

३. तीनधारा पाकशालाको उत्तर–पूर्वको भेक 'जमल' नामले प्रसिद्ध छ । त्यही भेकमा भुइँ खन्दा पाइएका हुनाले सेता मछिन्द्रनाथ 'जमलगण्ठि' नामले प्रसिद्ध भएका हुन् भनी भनिन्छ । त्यो भेकका पहिलेका बासिन्दा ज्यापूहरू अहिलेसम्म 'जमःमी' (जमलका बासिन्दा) भनिन्छन् । मछिन्द्रनाथको रथयात्रा महास्नान आदि धार्मिक विधानसंग ती 'जमःमी'हरूको अहिलेसम्म सम्बन्ध कायमै छ । वीरशमशेरको क्याम्पाभित्र सो भेक पारिनुभन्दा पहिलेसम्म त्यहाँ यी ज्यापूहरूको बस्ती थियो भन्ने सुनिन्छ । (यो कुरा मैले दाजू श्रीदिव्यवज्र वज्राचार्यबाट सुनेको हुँ ।)

इत्यादि कुरा विचार गर्दा लिच्छविकालको 'जमयम्बी' ग्राम यही 'जमल' भेकको बस्ती हो कि भन्ने मलाई लागेको छ । यस भेकमा पुरानो बस्तीका चिह्न अहिलेसम्म केही पाइन्छन् ।

अंशुवर्माको हाँडिगाउँको अभिलेखमा 'मानेश्वरस्य पु ३ प १ साम्बपुरस्य पु ३ प १' भनी मानेश्वर र साम्बपुरलाई तीन पुराण एक पणको दरले भाग छुट्याइएको हुनाले यी बस्ती विशिष्ट रूपका थिए भन्ने देखिन्छ ।

मानेश्वरमा रहेको भुवनेश्वर देवमन्दिरको हेरचाहको काम दक्षिणकोलिग्रामद्रङ्गलाई सुम्पेको उल्लेख नरेन्द्रदेवको यङ्गालहिटीको अभिलेखमा परेको छ । यसबाट यी दुइ बस्तीको परस्परमा सम्बन्ध रहेको कुरा बुझिन्छ ।

यस भेकमा अजिकाविहार, जीववर्म्मविहार आदि विहारहरू पनि थिए भन्ने सो अभिलेखबाट थाहा पाइन्छ । सो अभिलेखमा धेरै गोष्ठीहरूको पनि उल्लेख आएको छ । तीमध्ये 'तैत्तिरी-शाखागोष्ठी=तैत्तिरीशाखाको वेद अध्ययन गर्ने गोष्ठी' उल्लेखनीय छ ।

नक्साल गैह्रीधाराको अंशुवर्माको अभिलेखबाट[1] 'जोन्जोन्दिङ' भन्ने ग्राम पनि यस भेकमा थियो भन्ने बुझिन्छ । त्यहाँका बासिन्दाहरूले नीलीशाला प्रणाली (धारा) बनाएका हुनाले प्रसन्न भएर अंशुवर्माले सो धाराको रक्षाको प्रबन्ध मिलाइदिएका थिए ।

यसै गरी हाँडिगाउँतिर पाइएका अभिलेखबाट[2] त्यतातिर पनि लिच्छविकालमा बस्ती थिए भन्ने देखिन्छ ।

*'नवगृह'*—

देउपाटनभेकको ठाउँ लिच्छविकालमा 'नवगृह' नामले प्रसिद्ध थियो । पछि मल्लकालसम्म पनि 'नवगृह' नाम केही प्रचलित थियो[3] तापनि नेवारीमा यसको स्थान 'ग्वल' नामले लियो । प्रसिद्ध देवता पशुपतिनाथ आदिको स्थान भएको हुनाले 'देवपत्तन' नामले पनि मल्लकालमा यो प्रसिद्ध थियो । त्यस बेला देउपाटन एक किसिमको राजधानीकै रूपमा पनि रहेको देखिन्छ । केही मल्लराजाहरूको राज्याभिषेक यहीं भएको उल्लेख पाइन्छ[4] । लिच्छविकालमा पनि यो

१. संस्कृत-सन्देश १।९ मा ऐ. शि. बाबुराम आचार्य र श्रीगुरु पं. नयराज पन्तद्वारा यो छापिएको छ ।

२. नोली ११,३५,३६, संख्याका अभिलेख हेर्नुहोस् । हाँडिगाउँको एउटा अभिलेख 'अभिलेख-संग्रह' १ भागमा छापिएको छ ।

३. 'पूर्णिमा' ६ पूर्णाङ्कको १३ पृष्ठ हेर्नुहोस् ।

४. वि. सं. १३११ मा जयदेवको पट्टबन्ध (शिरपेच लाइदिएको समारोह) देउपाटनमा गरिएको उल्लेख गोपालवंशावलीमा परेको छ तथा वि. सं. १३७७ मा अरिमल्लको अभिषेक देउपाटन गरिएको उल्लेख पनि गोपालवंशावलीमा परेको छ—

"स ३७४ अशुनि कृष्ण द्वितीया अश्विनि हर्षण आदीतवार ग्वलम् ढंछं आदिन पाटाबन्ध श्रीजेदेवरायस उदयात्र घटि ६ राजस्यमंत्री समूह ङ्गतः । सुनोलापत्रछत्रः हीराधारत्नत्र पू० फ० २.

भेक निकै आबाद भएको देखिन्छ । नरेन्द्रदेवले 'नवगृह' बस्तीलाई सुबिधा गरिदिई राखेको अभिलेखबाट हामी यो कुरा बुझ्छौं । नवगृहको एक सडक 'वृजिकरथ्या' नामले प्रसिद्ध थियो । यसबाट त्यस भेकमा वृजिकहरूको बस्ती बसेको थियो भन्ने बुझिन्छ[१] ।

*'माखोपृंद्रङ्ग'—*

ललितपुर, कान्तिपुरभन्दा भक्तपुरमा लिच्छविकालका अभिलेख निकै कम पाइएका छन् । यसबाट लिच्छविकालमा भक्तपुरमा बस्ती केही कम थियो भन्ने अनुमान हुन्छ । तर गोलमाढी टोलको शिवदेव+अंशुवर्माको अभिलेखमा[२] तलसहित 'माखोपृंद्रङ्ग'को उल्लेख परेको हुनाले यो बस्ती पनि विकसित भइसकेको थियो भन्ने थाहा पाइन्छ ।

मल्लकालमा 'खोपृं'को बढ्ता विकास भयो । त्यस वेला धेरै कालसम्म यहाँ मल्लराजाहरूको राजधानी रह्यो । यसरी ललितपुर कान्तिपुरसंग दाँजो लाग्न यो पुग्यो ।

ललितपुर, कान्तिपुरले आफ्नो प्राचीन नाम छोडिसकेको छ । भक्तपुरले चाहिं 'खोप'को रूपमा आफ्नो पुरानो नाउँ कायम राखेको छ ।

*उपत्यकाबाहिरका बस्ती—*

उपत्यकासंगैका बाहिरका प्रदेशमा सांगा, बनेपा, नाला, खोपासी, पलाञ्चोक, लेले, फर्पिङ, टिस्टुङ, केवलपुर आदि ठाउँमा लिच्छविकालका अभिलेख पाइएका छन्[३] । यसबाट त्यतातिर लिच्छविकालमा बस्ती बसेका थिए भन्ने थाहा पाइन्छ ।

---

त्वकनछत्र । कनकदण्डछत्र, शीहध्वज ।। ढाक २ खिजा ८ तव काहलपा १६ ट्वाक काहल २४ छत्रधर ३ ''

[गो. रा. वं ३९ पत्रबाट]

[ने. सं. ३७४ (वि. सं. १३११) आश्विन कृष्ण द्वितीया आदित्यवार अश्विनीनक्षत्र हर्षणयोगको दिन सूर्योदयदेखि ६ घडी गएपछि देउपाटनमा ढंछं आदिले श्रीजयदेव राजालाई पगरी लाइदिइयो । सुनोलापत्रछत्र, हीराधारछत्र, त्वकनछत्र, कनकदण्डछत्र सिंहध्वज, २ढाक (बाजाविशेष) ८ खिजा (बाजाविशेष) १६ ठूला काहलपा (बाजाविशेष) २४ साना काहल, ३ छत्रधर आदि राजसामग्री जम्मै थिए…]

"स ४४० चैत्र कृष्ण द्वादशी ग्वलंस श्रीजयारिमलस अभिसेष दिनः"

[गो. रा. वं ४४ पत्रबाट]

[ने. सं. ४४० (वि. सं. १३७७) चैत्र कृष्ण द्वादशीको दिन देउपाटनमा श्रीजयारिमल्लको अभिषेक गरियो । ]

१. 'पूर्णिमा' ६ पूर्णाङ्कका ७--१४ पृष्ठमा प्रकाशित 'वृजिकरथ्या' भन्ने निबन्ध हेर्नुहोस् ।

२. यो अभिलेख तल परिशिष्टमा दिइएको छ ।

३. नोली ३१,३३,३७,५४, संख्याको अभिलेख हेर्नुहोस् । नाला र फर्पिङको अभिलेख 'अभिलेख-संग्रह' १ र ९ भागमा छापिएका छन् । पलाञ्चोकको अभिलेख 'हिमवत्संस्कृति' १ अङ्कमा छापिएको छ । टिस्टुङका अभिलेख छापिएका छैनन् ।

मानदेवको चाँगुका अभिलेखमा उल्लिखित पूर्वपट्टिका बस्ती तथा पश्चिमपट्टि गण्डकीपारिको मल्लपुरी आदिबारे खोजीनीति हुनु आवश्यक छ ।

गोरखामा लिच्छविकालको एउटा अभिलेख पाइएको छ[१] । तर अहिलेसम्म सो राम्ररी पढिएको छैन । सो अभिलेख राम्ररी पढिएको भए शायद पश्चिमपट्टिका लिच्छविकालका बस्ती-बारे त्यताबाट केही प्रकाश पर्दो हो ।

*लिच्छविकालका ग्राम—*

'ग्राम' शब्दको अर्थ हामी 'गाउँ' भन्ने गर्छौं । बीस पच्चीस फाट–फुट घर भएको बस्ती पनि गाउँ कहलाउँछ । गाउँको यस परिभाषाले हामीले लिच्छविकालका 'ग्राम'लाई हेर्‍यौं भने वस्तुस्थितिसंग मेल खाँदैन ।

लिच्छविकालका जम्मै बस्तीलाई 'ग्राम' भनिएको छ । कुनै बस्तीलाई पनि शहरको संज्ञा दिइएको पाइएको छैन । पाटन छिन्नमस्ताको अभिलेखमा एक ठाउँमा 'शहरिया' भन्ने उल्लेख आएको छ । त्यहाँ पनि कुनै ठाउँलाई तोकेर त्यस्तो उल्लेख आएको होइन । जिष्णुगुप्तको वर्णनको प्रसङ्गमा 'समस्तपौराश्रितशासनः' भन्ने पद प्रयोग गरिएको छ । गद्दीमा लिच्छवि राजा ध्रुवदेव बसे तापनि शासनको बागडोर जिष्णुगुप्तको हातमा रहेको छ भन्ने देखाउन मात्र यो पद त्यहाँ प्रयोग गरिएको छ। किनभने सो अभिलेख नै थम्बू, गाङशुल् मूलवाटिका ग्रामका बासिन्दालाई सम्बोधन गरी राखिएको हो[२] ।

नक्सालभेकका माथि उल्लिखित सात बस्तीमध्ये एउटाको नाउँ 'साम्बपुर' रहेको छ । तर 'पुर' नाम रहे तापनि त्यसलाई पनि 'ग्राम' नै भनिएको छ, यो विचारणीय छ ।

शासकको मुकाम भएको बस्तीलाई पनि 'ग्राम' नै भनिएको छ । नीलवाराहीको अभिलेखमा त्यस वेला जिष्णुगुप्तले याप्रिङ ग्राममा बसी शासन गरिरहेको उल्लेख परेको छ[३] ।

घना बस्तीको दृष्टिले 'यूपग्राम' ले त्यस वेला शहरको रूप लिइसकेको थियो । साधारण ग्राममा त्यहाँको बन्दोवस्तको लागि एक पाञ्चाली (पञ्चायत) रहेको हुन्थ्यो । तर यूपग्राममा अनेक पाञ्चाली कायम रहेको उल्लेख पाइने हुनाले 'यूपग्राम' निकै विकसित बस्ती थियो भन्ने स्पष्ट बुझिन्छ । यसै गरी दक्षिणकोलिग्राममा पनि अनेक पाञ्चाली कायम भएका थिए । यसै हुँदा 'यूपग्राम' 'दक्षिणकोलिग्राम' आदिले 'द्रङ्ग' संज्ञा पाएका थिए । तर तिनलाई पनि ग्राम भन्न छोडिएको थिएन ।

इत्यादि कुराबाट लिच्छविकालका 'ग्राम' को अनुवाद सोझै 'गाउँ' भनी गर्नु ठीक्क मिल्दो छैन भन्ने स्पष्ट छ । यसको लागि 'ग्राम' को तात्कालिक परिभाषा बुझ्नु आवश्यक छ ।

---

१. इतिहास–प्रकाश १ अङ्कको ३९ पृष्ठ हेर्नुहोस् ।

२. यो अभिलेख भगवान्‌लाल ९ संख्याको रूपमा तथा नोली ५० संख्याको रूपमा छापिएको छ ।

३. 'पूर्णिमा' १३ पूर्णाङ्कका ७–८ पृष्ठ हेर्नुहोस् ।

पाँच शयसम्म घर भएको बस्तीलाई 'ग्राम' संज्ञा दिने चलन संस्कृतवाङमयमा प्रचलित थियो । यो कुरा कौटलीय अर्थशास्त्रको 'जनपदनिवेश' प्रकरणको यो वाक्यबाट बुझ्न सक्छौं–

"......कुलशतावरं पञ्चशतकुलपरं ग्रामं क्रोशद्विक्रोशसीमानमन्योन्यारक्षं निवेशयेत् ।।२।।"

(कौ. अ. २ अधि. १ अ.)

[···घटीमा शय घर भएको, बढीमा पाँच शय घर भएको, एक दुइ कोशको इलाका भएको, परस्परमा रक्षाको प्रबन्ध भएको 'ग्राम' बसाउनू ।]

शुक्रनीतिमा पनि 'भवेत्क्रोशात्मको ग्रामः' १।१९३ भनी एक कोश गिर्दा भएको बस्तीलाई 'ग्राम' भनिएको छ । यसै परिभाषाअनुसार राजदरबार भएको समृद्ध बस्ती पनि 'ग्राम' नै कहलाउँथ्यो । यो कुरा हामी भासबिरचित 'स्वप्नवासवदत्त नाटक' बाट राम्ररी बुझ्न सक्छौं । विचारार्थ त्यहाँको अलिकता अंश यहाँ उद्धृत गरिन्छ—

**"यौगन्धरायणः–भोः कुत आगम्यते, क्व गन्तव्यं क्वाधिष्ठानमार्यस्य ।**

**ब्रह्मचारी —भोः श्रूयताम् । राजगृहतोऽस्मि । श्रुतिविशेषणार्थं वत्सभूमौ लावाणकं नाम ग्रामस्तत्रोषितवानस्मि ।**

**तत्रोदयनो नाम राजा प्रतिवसति । तस्यावन्तिराजपुत्री वासवदत्ता नाम पत्नी दृढमभिप्रेता किल । ततो मृगयानिष्क्रान्ते राजनि ग्रामदाहेन सा दग्धा । ततो ··· विलपन्तं राजानममात्यैर्महता यत्नेन तस्माद् गृहीत्वापक्रान्तम् । ततो निष्क्रान्ते राजनि प्रोषितनक्षत्रचन्द्रमिव नभो ऽ रमणीयः संवृत्तः स ग्रामः । ततोऽहमपि निर्गतो ऽ स्मि । "**

(पहिलो अङ्कबाट)

[यौगन्धरायण–तपाईं कहाँबाट आउनुभएको, कहाँ जान लाग्नुभएको, तपाईंको घर कहाँ हो ?

ब्रह्मचारी– सुन्नुहोस् । राजगृहबाट आउँदैछु । वत्सदेशमा लावाणक नाउँको 'ग्राम' छ । विशेष वेद अध्ययन गर्न त्यहाँ बसेको थिएं ।

त्यहाँ उदयन राजा हुनुहुन्छ । अवन्तिका राजाकी छोरी वासवदत्ता नामकी महारानी उहाँको ज्यादै मन पर्ने हुनुहुन्थ्यो । अनि राजा शिकार खेल्न जाँदा ग्राममा आगलागी हुँदा उहाँ महारानी पनि आगोमा पर्नुभयो । यसपछि...विलाप गरिरहनुभएका राजालाई बल्लतल्ल साथ लिई मन्त्रीहरू त्यो ग्राम छोडी जानुभयो । अनि राजाको सवारी भएपछि नक्षत्र चन्द्रमा नभएको आकाश जस्तै त्यो 'ग्राम' नरमाइलो हुन थाल्यो । त्यसपछि म पनि त्यताबाट हिंडें । ]

'ग्राम'को यस्तै परिभाषाअनुसार लिच्छविकालका सबै बस्तीहरूलाई 'ग्राम' संज्ञा दिइएको हो ।

लिच्छविकालमा उपत्यकाको कुन ठाउँमा 'राजधानी' रहेको थियो, यो कुरा अहिलेसम्म प्रामाणिक रूपमा निश्चित गर्न सकिएको छैन । चीनिया वृत्तान्तमा त्यस वेलाको राजधानीको

घेरा ४० ली थियो भन्ने उल्लेख आएको छ । ४० लीको करीब ३ कोश जति हुन्छ[1] । ३ कोश जति घेरा भएको लिच्छविकालको राजधानी कहाँनिर थियो भन्ने कुरासम्म पनि निश्चित गर्न नसकिएको यस घटनाले हाम्रो अन्वेषण र अध्ययनको ज्यादै कमीलाई औंल्याइरहेको छ जस्तो मलाई लाग्छ ।

मध्यकालमा उपत्यकाका तीन शहर र देशसंज्ञा पाएका अरू साना साना शहरहरू पनि गढरूपमा रहेका थिए । ती शहरको चारैतिर पर्खालले घेरिएको हुन्थ्यो, पर्खालबाहिर खाई बनाइएको हुन्थ्यो[2] । तर लिच्छविकालको कुनै बस्ती पनि यस किसिमले गढको रूपमा रहेको उल्लेख पाइएको छैन । यद्यपि लिच्छविकालमा ठाउँ ठाउँमा कोट्ट (किल्ला) रहेको उल्लेख पाइन्छ । ती कोट्ट (किल्ला)भित्र बस्ती पनि हुन्थ्यो, खेती पनि हुन्थ्यो । उदाहरणार्थ चाँगुको शिवदेव+अंशुवर्माको अभिलेखलाई देखाउन सकिन्छ । त्यसमा यस्तो उल्लेख परेको छ—

**"...अस्मद्गुरुभिः कृतसीमनिर्णयो योयं सर्वकोट्टमर्यादोपपन्नत्वादचाटभटप्रवेश्यो वसतये कृषिकर्मणे च कोट्टो वः प्रतिपादितः..."**

**(यो अभिलेख नोलीद्वारा ३४ संख्याको रूपमा छापिएको छ ।)**

[ हाम्रा पुर्खाहरूले सबै कोट्ट (किल्ला) सम्बन्धी स्थितिबन्धेजले युक्त भएको हुनाले चाटभटले पस्न नपाउले गरी चारकिल्ला छुट्याई बस्ती बसाल्न र खेती गर्न पाउने गरी जुन यो कोट्ट (किल्ला) तिमीहरूलाई सुम्पिएको छ... ]

यताबाट लिच्छविकालको कोट्टको झलक पाइन्छ । तर खाई पर्खाल आदिसमेत भएको गढरूपको तात्कालिक बस्तीको उल्लेखचाहिं पाइएको छैन ।

अन्त्यमा लिच्छविकालमा यहाँ बसोबास गरेका विभिन्न जातिबारे पनि अलिकता चर्चा गर्नु आवश्यक देखन्छु ।

उहिलेको अवस्थाअनुसार जुन जाति जहाँ गएर बसोबास गर्दथे, ती त्यहींकै बासिन्दा मानिन्थे । यसरी त्यस ताका बसाइ सर्नु त्यतिको गाह्रो थिएन । यसो हुनाले अनुकूलता हेरी बराबर जातिले बसाइ सरिरहन्थ्यो । यसै हुँदा नेपालको तराइप्रदेशसंग राज्य जोडिएका र तराइप्रदेशमै पर्ने लिच्छवि, वृजिक, कोली, शाक्य आदिको पनि बस्ती नेपाल–उपत्यकामा बस्न थाल्यो । तात्कालिक अभिलेखहरू केलाई हेर्दा यस कुराको झलक हामी स्पष्ट रूपमा पाउँछौं ।

लिच्छविहरूको यहाँ लामो कालसम्म शासन नै कायम भएको हुनाले उनीहरूको बसोबास यहाँ भएको कुरा त स्पष्ट छ ।

लिच्छविबाहेक वृजिक कोली आदिको पनि यहाँ बस्ती बसेको देखिन्छ । माथि उल्लिखित

---

१. 'इतिहास–संशोधनको प्रमाण प्रमेय'का २३–२४ पृष्ठ हेर्नुहोस् ।

२. 'पूर्णिमा' २ पूर्णाङ्कका २२–३० पृष्ठ हेर्नुहोस् ।

नरेन्द्रदेवको देउपाटनको अभिलेखबाट नवगृहमा (देउपाटनभेकमा) वृजिकहरूको बस्ती बसेको थियो भन्ने स्पष्ट बुझिन्छ ।

कान्तिपुरभेकको प्रदेश लिच्छविकालमा 'कोलिग्राम' नामले प्रसिद्ध थियो । कोलिग्रामको दक्षिण भाग दक्षिणकोलिग्राम अझ बढ्ता आबाद थियो । 'कोलिग्राम' यो नामकरण यहाँ कोलीहरूको बस्ती भएको हुनाले रहन गएको देखिन्छ । कोलीहरू पनि लिच्छवि, वृजिक, शाक्यहरू जस्तै त्यस बेलाका प्रसिद्ध जातिमा पर्दथे[1] ।

---

१. रोहिणी नदीको पश्चिमपट्टि शाक्यहरूको नगर 'कपिलवास्तु' थियो, पूर्वपट्टि कोलीहरूको नगर थियो । रोहिणी नदीमा बाँधिएको बाँधबाट पानी लिई दुवै खेती गर्दथे । रोहिणी नदीको पानीको कुरा लिई एकचोटि शाक्य र कोलीको बीच कलह भयो र यसले गर्दा दुइ राज्यको बीच युद्ध हुनै लागेको थियो । तर भगवान् बुद्धले सा कलह शान्त पारिदिए भन्ने उल्लेख 'धम्मपद–अट्ठकथा'मा पाइन्छ । (राहुल सांकृत्यायनको 'बुद्धचर्य्या'को २५१–५२ पृष्ठ हेर्नुहोस् ।)

कुशीनारामा बुद्धको निर्वाण भएपछि उनको अस्थिका लागि उपस्थित मल्ल लिच्छवि शाक्य आदि आठ संघ, गणमध्ये एक रामग्रामका कोली पनि थिए। यो कुरा 'महापरिनिब्बाणसुत्त'को यस अंशबाट बुझिन्छ—

"अथ खो राजा मागधो अजातसत्तु वेदेहि–पुत्तो कोसिनारकानं मल्लानं दूतं पाहेसि···अहं पि अरहामि भगवतो सरीरानं भागं ।···

अथ खो वेसालिका लिच्छवी कोसिनारकानं मल्लानं दूतं पाहेसुं···मयम्पि अरहाम भगवतो सरीरानं भागं ।...

अथ खो कपिलवत्थुवासी सक्या कोसिनारकानं मल्लानं दूतं पाहेसुं...मयम्पि अरहाम भगवतो सरीरानं भागं ।...

अथ खो अल्लकप्पका बुलयो कोसिनारकानं मल्लानं दूतं पाहेसुं...मयम्पि अरहाम भगवतो सरीरानं भागं ।...

अथ खो रामगामका कोलिया कोसिनारकानं मल्लानं दूत पाहेसुं–'भगवा पि खत्तियो मयम्पि खत्तिया । मयम्पि अरहाम भगवतो सरीरानं भागं । मयम्पि भगवतो सरीरानं थुपञ्च महञ्च करिस्सामा,ति ।।

अथ खो वेठदीपको ब्राह्मणो कोसिनारकानं मल्लानं दूतं पाहेसि...

अथ खो पावेय्यका मल्ला कोसिनारकानं मल्लानं दूतं पाहेसुं...

एवं वुत्ते कोसिनारका मल्ला ते सङ्घे गणे एतदवोचुं–'भगवा अम्हाकं गाम–खेत्ते परिनिब्बुतो । न मयं दस्साम भगवतो सरीरानं भागन्ति'

एवं वुत्ते दोणो ब्राह्मणो ते सङ्घे गणे एतदवोच...सब्बे व भोन्तो सहिता समग्गा सम्मोदमाना करोमट्ठ भागे ।...

केही शाक्यहरूले पनि यहाँ बसोबास गरेको देखिन्छ । टेबहालको एउटा अभिलेखमा भिक्षु प्रियपाल शाक्यको उल्लेख आएको छ[1] । कपिलवास्तुका केही शाक्यहरूले नेपाल–उपत्यकामा आई बसोबास गरेको उल्लेख 'मूलसर्वास्तिवादविनय' मा पनि परेको छ[2] ।

वसन्तदेवको उदयदेखि नरेन्द्रदेवको उदय नहुन्जेल लिच्छविकालको शासनमा आभीर गुप्तहरूको ठूलो प्रभाव रहेको थियो । यसबाट आभीर गुप्तहरू पनि यहाँ निकै थिए भन्ने बुझिन्छ ।

यसरी यहाँका पुराना बासिन्दा र पछि बस्न आएका लिच्छवि, वृजिक, कोली, शाक्य आदिको सहवासले नेपाल–उपत्यकमा एउटा विशिष्ट संस्कृतिले विकसित हुने अवसर पायो । ाँको तात्कालिक लौकिक जीवन, शासनव्यवस्था, धार्मिक भावना, अर्थस्थिति आदि अनेक कुरामा यस कुराले असर पारेका देखिन्छ । यस विषयको चर्चा भिन्नै निबन्धमा गर्नु आवश्यक छ ।

—●—

तेन हि ब्राह्मण ! त्वञ्ञेव भगवतो सरीरानि अट्ठधा समं सुविभक्तं विभज्जाही' ति ।।"

[अनि मगधका राजा वैदेहीपुत्र अजातशत्रुले कुशीनाराका मल्लहरूकहाँ दूत पठाए ।...मैले पनि भगवान्को अस्थिको भाग पाउनुपर्छ ।

अनि वैशालीका लिच्छविहरूले कुशीनाराका मल्लहरूकहाँ दूत पठाए ।...हामीले पनि भगवान्को अस्थिको भाग पाउनुपर्छ ।

अनि कपिलवास्तुका शाक्यहरूले कुशीनाराका मल्लहरूकहाँ दूत पठाए ।...हामीले पनि भगवान्को अस्थिको भाग पाउनुपर्छ ।

अनि अल्लकप्पका बुलिहरूले कुशीनाराका मल्लहरूकहाँ दूत पठाए ।...हामीले पनि भगवान्को अस्थिको भाग पाउनुपर्छ ।

अनि रामग्रामका कालीहरूले कुशीनाराका मल्लहरूकहाँ दूत पठाए···भगवान् पनि क्षत्रिय, हामी पनि क्षत्रिय । हामीले पनि भगवान्को अस्थिको भाग पाउनुपर्छ । हामी पनि भगवान्को अस्थिको स्तूप बनाउनेछौं र पूजा गर्नेछौं ।

अनि वेठदीपका ब्राह्मणले कुशीनाराका मल्लहरूकहाँ दूत पठाए... ।

अनि पावाका मल्लहरूले कुशीनाराका मल्लहरूकहाँ दूत पठाए ।···

यसपछि कुशीनाराका मल्लहरूले ती सङ्घ र गणहरूलाई भने–भगवान्को निर्वाण हाम्रो ग्राम क्षेत्रमा भएको छ । हामीहरू भगवान्को अस्थिको भाग दिँदैनौं ।

यसपछि द्रोण ब्राह्मणले ती सङ्घ र गणहरूलाई भने–तपाईंहरू सबै मिली खुशीसाथ आठ भाग लाउनुहोस् ।...

त्यसो भए ब्राह्मण, तपाईं नै भगवान्को अस्थि राम्ररी आठ भाग लाइदिनुहोस् ।]

१. संस्कृत–संन्देश २ । १–२–३ मा यो अभिलेख छापिएको छ ।

२. लेभीको 'लि नेपाल' तेस्रो भागको १८१–८५ पृष्ठ (केसर–पुस्तकालयमा रहेको अंग्रेजी अनुवादको १५६–५७ पृ. ) हेर्नुहोस् ।

# लिच्छविकालका केही अभिलेखहरू

[विभिन्न विद्वान्द्वारा पहिले प्रकाशित भइसकेका अभिलेखहरूको पनि मूलसंग भिडाई शुद्ध पाठ ठम्याई ती फेरि छपाउनु आवश्यक छ । यस कारण पूर्णिमाका गताङ्कहरूमा तत् तत् निबन्धसंग सम्बन्ध राख्ने केही अभिलेखका सकभर शुद्ध पाठ छपाइएका थिए । यस निबन्धमा पचासौं अभिलेखको चर्चा परेको हुनाले ती जम्मैका शुद्ध पाठ एकैचोटि अहिले यहाँ दिनु सम्भव भएन । यसो हुनाले अहिले छवटा अभिलेखका मात्रै शुद्ध पाठ यहाँ दिइएका छन् ।

## ललितपुर भीमसेनस्थानको

१. (ॐ स्वस्ति मानगृहात्)...चीयमानकल्याणो[1] निरुपमगुण-
२. ... ... ... (भ)ट्टारकमहाराजश्रीशिवदेवः कुशली
३. ... ...(निवासि)नः प्रधानपुरस्सरान् ग्रामकुटुम्बिनः कु
४. (शलमाभाष्य) समाज्ञापयति विदितम्भवतु भवतां यथाने-
५. (न) ... ...प्रणत... ... ... चरणयुगलेन प्रख्याता-
६. (मलवि)पुल(यशसा) श्रीसामन्तांशुवर्म्मणा विज्ञापितेन मयैतद्गौर-
वाद् (युष्म)
७. (दनुकम्पया च) कुथेर्वृ त्त्यधिकृतानां समुचितत्रिकरमात्रसाधना(यै)
८. (व प्रवेशो)स्मिन्द्रङ्गे... ... लिङ्ग्वलशुल्लीपञ्चापराधादिनिमित्त-
न्त्वप्रवे(श)
९. (इति) प्रसादो वः कृतो लशुनपलाण्डुकराभ्यां च प्रतिमुक्तश्चिरस्थितये चास्य
१०. (प्र)सादस्य शिलापट्टकशासनमिदन्दत्तन्तदेवंवेदिभिरस्म-
११. त्पादोपजीविभिरन्यैर्व्वा न कैश्चिदयम्प्रसादोन्यथा करणीयो यस्त्वे-
१२. तामाज्ञां विलङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा तमहमतितरान्न मर्षयि-
१३. ष्यामि भाविभिरपि भूपतिभिर्धर्म्मगुरुभिर्ग्गुरुकृतप्रसादानु-

---

नोलीको पाठ—१...मा-कल्याणो

१४. र्वात्तिभिरियमाज्ञा सम्यक्पालनीयेति समाज्ञापना दूतकश्चात्र
१५. रामशीलवार्त्तः संवत् ५१६* वैशाखमासे शुक्लदिवा दशम्याम्

[यो अभिलेख योगी नरहरिनाथद्वारा तथा नोलीद्वारा २३ संख्याको रूपमा छापिएको छ।]

## भक्तपुर गोलमाढी टोलको

१. स्वस्ति मानगृहादपरिमितगुणसमुदयोद्भासितयशा ब–
२. प्पपादानुद्ध्यातो लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशिवदे–
३. वः कुशलो माखोपृंसतलद्रङ्गनिवासिनः प्रधानपुरस्सरा–
४. न्ग्रामकुटुम्बिनः कुशलपरिप्रश्नपूर्व्वं समाज्ञापयति विदि–
५. तम्भवतु भवतां यथानेन प्रख्यातामलविपुलयशसा स्वप–
६. राक्रमोपशमितामित्रपक्षप्रभावेन श्रीमहासामन्तांशुवर्म्म–
७. णा विज्ञापितेन मयैतद्गौरवाद् युष्मदनुकम्पया च कुथेर्वृ–
८. त्त्यधिकृतानामत्र समुचितस्त्रिकरमात्रसाधनायैव प्रवे–
९. शो लेख्यदानपञ्चापराधाद्यर्थन्त्वप्रवेश इति प्रसादो वः
१०. कृतस्तदेवंवेदिभिरस्मत्पादप्रसादोपजीविभिरन्यैर्व्वा न
११. कैश्चिदयमन्यथा करणीयो यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा कु–
१२. र्य्यात्कारयेद्वा तमहमतितरान्न मर्षयिष्यामि येपि मदू–
१३. द्ध्र्वम्भूभुजो भवितारस्तैरपि धर्मगुरुभिर्गुरुकृतप्रसा–
१४. दानुर्वात्तिभिरियमाज्ञा सम्यक्प्रतिपालनीयेति समाज्ञापना
१५. दूतकश्चात्र भोगवर्म्मगोमी संवत् ५१६† ज्यैष्ठशुक्लदिवादशम्याम्

[यो अभिलेख बेण्डालद्वारा १ संख्याको रूपमा तथा नोलीद्वारा २४ संख्याको रूपमा छापिएको छ।]

* नोलीले संवत् ५१७ पढ्नुभएको छ। यो अभिलेखको संवत्को अङ्कको प्रतिलिपि 'पूर्णिमा' ५ पूर्णाङ्कको ७ पृष्ठमा दिइएको छ। यहाँको एकस्थानी अङ्क ७ होइन, ६ हो। यस कुराको टुङ्गो 'पूर्णिमा' १४ पूर्णाङ्कको १२४ पृष्ठमा गरिएको छ। यस कारण यहाँ संवत् ५१६ हो।

† नोलीले यसको पनि संवत्को अङ्क ५१७ पढ्नुभएको छ। यहाँको संवत्को अङ्कको प्रतिलिपि 'पूर्णिमा' ५ पूर्णाङ्कको ७ पृष्ठमा छापिएको छ। यहाँको संवत्को एकस्थानी अङ्क पनि माथिको पाटन भीमसेनस्थानको जस्तै छ। यस कारण यो अङ्क ७ होइन, ६ हो। यस कारण यहाँको संवत् ५१६ हो।

## धर्मस्थलीको

१, स्वस्ति मानगृहात्प्रथितामलविपुलयशा निरुपमगुणगणो १
२. (लि)च्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशिवदेवः कुशली –द्रु२ ...
३. ...ग्ग्रामनिवासिनः प्रधानपुरस्सरान्ग्रामकुटुम्बिनः कुशल३
४. (प)रिप्रश्नपूर्व्वं समाज्ञापयति विदितम्भवतु भवतां यथानेन४ ...
५. —पनमितानेकक्षितिपतिशिरोविभूषणमणिरुचा(वभासित)चर५ -
६. णयुगलेन सम्यक्प्रजापालनपरिश्रमोपार्जितदिगन्तव्याप्तप-
७. (रा)क्रमश्रीमहासामन्तांशुवर्म्मणा युष्मदनुग्रहाय... ...
८. कूथेरवृत्त्यधिकृतानामिह समुचितस्त्रिकरमात्रसाधनायैव (प्रवे)
९. शो(ले)ख्यदानपञ्चापराधादिनिमित्तन्त्वप्रवेश इति प्रसादो वःकृतस्त(दे)
१०. वं वेदिभिरस्मच्चरणोपजीविभिरन्यैर्व्वा न कैश्चिदयं प्रसादोन्यथा(क)
११. रणीयो यस्त्वेतामाज्ञामुल्लङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा तमहमति–
१२. (त)रान्न मर्षयिष्यामि येपि मदूर्ध्वम्भूभुजो भवितारस्तैरपि धर्म्मगु–
१३. रुभिर्ग्गुरुकृतप्रसादानुवर्तिभिरियमाज्ञा सम्यक्प्रतिपालनीया
१४. दूतकश्चात्र विप्रवर्म्मगोमी संवत् ५१७* प्रथमाषा–
१५. ढशुक्लदिवाद्वादश्याम्

[यो अभिलेख नोलीद्वारा २६ संख्याको रूपमा छापिएको छ । वीरपुस्तकालयमा रहेको प्रतिलिपि यसको पाठ ठम्याउन सहायक भएको छ ।]

---

नोलीको पाठ–१ पं. मा [स्वस्ति मानगृहाद्] अमल... ... ... ...
,, २ पं. मा... ... ... ... ... ... ... ... ... ...[श्री] शिवदेवः कुशली... ...
,, ३ पं. मा... ... ... ... ... ... ... ... ... ... ... ...कु... ... ... ... ...
,, ४ पं. मा... ...समाज्ञापयति विदितम्[भवतु भवतां यथानेन]
,, ५ पं. मा... ... ... ...क्षितिपति... ... ... ... ... ... ... ... ...
,, ६ पं. मा... ...लन... ... ... ... ... ... ... ... ... ... ... ...

*संवत्को अङ्क नोलीद्वारा ५१८ पढिएको छ । यस अभिलेखको संवत्को प्रतिलिपि 'पूर्णिमा' ५ पूर्णाङ्कको ७ पृष्ठमा दिइएको छ । यहाँको एकस्थानी अङ्क जस्तो अङ्क ७ हो भन्ने निर्णय 'पूर्णिमा' १४ पूर्णाङ्कका १०१–१०५ पृष्ठमा गरिएको छ । यस कारण यहाँको संवत् ५१७ हो ।

## बूढानीलकण्ठ नारायणस्थानको

१. ॐ स्वस्ति मानगृहाच्छ्रुतनयविनयगाम्भीर्य्य१धैर्य्यवीर्य्याद्यशेष–
२. सद्गुणगणाधारो लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशि–
३. वदेवः कुशली ग्राङ्लाबकसपितानर्रसिंहोभयपाञ्चाली–
४. निवासिनो यथाप्रधानङ्ग्रामकुटुम्बिनः कुशलमाभाष्य
५. समाज्ञापयति विदितम्भवतु भवतां यथानेन पृथुस–
६. मरसम्पातनिर्जयाधिगतशौर्य्यप्रतापोपहतसक–
७. लशत्रुपक्षप्रभावेन सम्यक्प्रजापालनपरिश्रमोपार्ज्जि-
८. तशुभ्रयशोभिव्याप्तदिङ्मण्डलेन श्रीमहासामन्तांशुवर्म्म-
९. णा युष्मद्धितविधानाय विज्ञापितेन मयैतद्गौरवा-
१०. (द्युष्मदनुकम्प)या च कूथेर्व्र्यधिकृतानां समुचितस्त्रि-
११. करमात्रसाधनायैवात्र प्रवेशो (लेख्यदान-)
१२. पञ्चापराधादिनिमित्तन्त्वप्रवेश इति प्रसादो वः कृ-
१३. तस्तदेवंवेदिभिरस्मच्चरणतलोपजीविभिरन्यैर्व्वा
१४. न कैश्चिदयम्प्रसादोन्यथा करणीयो यस्त्वेतामाज्ञां विल-
१५. ङ्घ्यान्यथा कुर्यात्कारयेद्वा तमहमतितरान्न मर्षयिष्या-
१६. मि भाविभिरपि भूपतिभिर्द्धर्म्मगुरुभिर्गुरुकृतप्रसा-
१७. दानुवर्त्तिभिरियमाज्ञा सम्यक्प्रतिपालनीया दूतकश्चात्र
१८. विप्रवर्म्मगोमी संवत् ५१७† प्रथमाषाढशुक्लद्वादश्याम्

[यो अभिलेख भगवान्लालद्वारा ५ संख्याको रूपमा, नोलीद्वारा २७ संख्याको रूपमा छापिएको छ। यस अभिलेखको १० पङ्क्तिभन्दा मनितिरको मूलभाग बूढानीलकण्ठ नारायणस्थानमा अहिले छैन। तर वीरपुस्तकालयमा सम्पूर्ण भागको प्रतिलिपि छ।]

---

नोलीको पाठ–१ शौर्य्य

† नोलीले यस अभिलेखको पनि संवत्को अङ्क ५१८ छपाउनुभएको छ। यहाँको संवत्को अङ्कको प्रतिलिपि 'पूर्णिमा' ५ पूर्णाङ्कको ७ पृष्ठमा छापिएको छ। यहाँको संवत्को अङ्क पनि माथि उल्लिखित धर्मस्थलीको जस्तै छ। यस कारण यहाँको संवत् ५१७ हो।

## धर्मपुरको

१. ... ... ...
२. ... ... ...
३. ... ... निवासिनः
४. (प्र)धानपुरस्सरान् ग्रामकुटुम्बिनः कुश(ल)-
५. (प्र)श्नपूर्व्वं समाज्ञापयति विदितम्भवतु भ(वतां)
६. (य)थायङ् ग्रामः पूर्व्वराजकृतप्रसादा... ...
७. (चा)टभटाप्रवेश्यः सर्व्वकोट्टमर्य्यादोपपन्न...
८. ... सो ... ...
९. ... सि ... ...
१०. ... ... ...
११. ... ... ...
१२. ... ... ...
१३. ... श्वर ...
१४. ... तेभ्यश्च मल्लकर... ...
१५. (स)मुचिततामूपणचतुष्टयादूर्द्ध्व(न्न ग्रा)
१६. ह्यमिति प्रसादद्वयं समधिकन्दत्तं तदे-
१७. वंवेदिभिर्न्न कैश्चिदिदमप्रमाणङ्कार्य्यं
१८. येप्यस्मदूर्द्ध्वम्भूभुजो भवितारस्तैर-
१९. पि धर्म्मगुरुभिर्ग्गुरुकृतप्रसादानु-
२०. रोधिभिरेव भाव्यमिति समाज्ञापना
२१. दूतकश्चात्र वार्त्तभोगचन्द्रः संवत्
२२. ५२० माघशुक्लद्वादश्याम्

[यो अभिलेख लेभीद्वारा ११ संख्याको रूपमा, नोलीद्वारा ३० संख्याको रूपमा छापिएको छ। लेभीहरूद्वारा १४ पङ्क्तिदेखिको मात्र पाठ छपाइएको छ। वीरपुस्तकालयमा रहेको प्रतिलिपिको आधारमा त्यसभन्दा माथिल्लो भाग पनि केही पढ्न सकिने हुनाले त्यताबाट माथिल्लो भागको पढ्न सकिने जति भाग यहाँ थपिएको छ।]

## का. इ. यङ्गालहिटीको

१. ॐ स्वस्ति कैलासकूटभवनाच्छरदाप्यानशशाङ्कामलमयूखनिकरावभा-
स्यमानहिमव–

२. दुत्तुङ्गशिखरावदातयशोमालावतंसिताशेषदिङ्मण्डलो य एष शौर्य्य-
न्नीतिगुणैर्गुणै–

३. रकलितैरात्मानमुद्भासिभिः शक्त्या बाहुबलं मतिं स्मृतिमतीं शास्त्रा-
गमैर्भूरिभिः मर्य्यादाः स्थि-

४. तिर्भिर्दिशोपि यशसा राज्यश्रिया मेदिनीर्ख्यात्या लिच्छविराजवंश-
मनघं योलङ्करोत्युच्चकैः ॥

५. भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातो भट्टारकमहा-
राजाधिरा–

६. जश्रीनरेन्द्रदेवः कुशली भविष्यतो [1]नेपालराजान्सम्यक्प्रतिमान्या-
नुदर्शयति विदितम-

७. स्तु भवतां यथा दक्षिणकोलिग्रामद्रङ्गस्य सर्वतलग्रामैः सहितस्य
पूर्वराजभिर्मानेश्व-

८. रे भुवनेश्वरदेवकुलं यथाकल्पिताग्रहारादिप्रत्यायम्पालनोपभोगाय
प्रति(पा)दितं

९. केनापि च हेतुना श्रीभूमगुप्तेनाक्षिप्तं [2]राजकुलभोग्यमभूत् तदिद-
मधुना पूर्वमर्य्यादा-

१०. स्थितिप्रवर्तनादृतमनोभिरस्माभिः सततञ्च[3] प्रजानां श्रेयसेस्यैव
सर्वतलग्रामसहि–

---

१. नोलीद्वारा यहाँ 'नेपालराज्ञस्' पाठ छापिएको छ । तर मूलमा 'नेपालराजान्' पाठ स्पष्ट देखिन्छ । 'राजाहस्सखिभ्यष्टच्' ५।४।९१ ले समासान्त टच् प्रत्यय हुने हुनाले 'नेपालराज्ञः' पाठ व्याकरणविरुद्ध पनि छ । नोलीको पाठको पछि लागेर हामीले पनि नेपालराज्ञः' पाठ छपाएका थियौं (इतिहास–संशोधनको प्रमाणप्रमेयको २४ पृष्ठ र 'पूर्णिमा' १० पूर्णाङ्कको १५ पृ.) तर यो पाठ अशुद्ध हो ।

नोलीको पाठ–२. राजतल– ३. ...

११. तस्य दक्षिणकोलिग्रामद्रङ्गस्य तदेव भुवनेश्वरदेवकुलं यत्र तत्रावस्थि-
तक्षेत्रवा-
१२. टिकागृहपण्याकारै१र्य्यथापूर्वभुज्यमानसीमभिस्त्रिभिः कोङ्गोबिल्व-
मार्गंहुस्प्रिन्दुङ् ग्रामैरेभि-
१३. रग्रहारत्वेनोत्सृष्टैश्चाटभटाप्रवेश्यैः सर्वकोट्टमर्यादास्थितिमद्भिश्च सहितं
प्रतिमुक्त-
१४. मित्येवञ्च विदितार्थैरप्येतदग्रहारत्रयनिवासिभिर्यथाकल्पितम्पिण्ड-
कादिप्रत्यायम-
१५. स्योपनयद्भिरकुतोभयैराज्ञाश्रवणविधेयैर्भवितव्यम्भूयोप्यनेनैव न्यायेन
शीताटर्चा
१६. शिवगलदेव(कुलं) यथापूर्व्वकल्पितक्षेत्रपिण्डकादिप्रत्यायम्पालनोपभो-
गायैव सर्वत-
१७. ल(ग्रा)मसहितस्यैवास्य द्रङ्गस्य (प्रतिमु)क्तमेवंविदितार्थैर्न हीनान-
वमन्यमानैरन्योन्य-
१८. प्रीतिदृढीकृतस्नेहानुबन्धैर२ ... ...पुरुषैस्तलसमेतैरेतदुभयमेव३ प्रतिपा-
१९. पालयद्भिः सततमस्म...र्वतितव्यन्न कैश्चिदस्मत्पादोपजीविभिरन्यैर्वा
स्वल्पा-
२०. पि पीडा कार्य्या यस्त्वेतामाज्ञामुल्लङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा
तस्य वयं राजशासनव्यतिक्रम-
२१. कारिणस्तीव्रं दण्डम्पातयिष्यामो भाविभिरपि भूपतिभिरिह यशः
कल्याणायुरारोग्यराज्य-
२२. श्रियां वृद्धिमीहमानैरमुत्र च स्वर्गे शाश्वतीं स्थितिमिच्छद्भिः पूर्वराज-
कृतेषु प्रसादेषु पा-

---

नोलीको पाठ–१.–धण्याकारै–

२. प्रीतिवृद्धिकृतस्नेहानुग्रहै–

३.–पुरुषैस्त... ... ... ...त्रयमेव

२३. लनादृतैर्भाव्यश्चिरस्थितये चास्य प्रसादस्य शिलापट्टक(शासनेन प्रसादः) कृत इति
२४. समाज्ञापना दूतकश्चात्र कुमारामात्यप्रियजीवः संवत् ६७* भाद्रपदशुक्लद्वितोयायाम् ।

[यो अभिलेख नोलीद्वारा ६६ संख्याको रूपमा छापिएको छ ।]

-□-

# ऐतिहासिक घटनावली

—गौतमवज्र वज्राचार्य

केही वर्षअगाडि देवहर्ष वज्राचार्यबाट इतिहास लेखन काम लाग्ने केही पुराना कागत अध्ययन गर्नाको लागि हामीले पाएका थियौं । पाको कागतमा लेखिएका ती कागतपत्रहरू अस्त व्यस्त रूपमा थिए । धागोले बाँधन प्रत्येक पत्रको मध्यभागमा प्वाल पारिएका भए तापनि धागो फुस्किसकेका हुनाले पत्रका क्रमसंख्या मिलेको थिएन । पत्रहरू मिलाइहेर्दा दुइ किसिमका पुस्तकका पाना देखापरे । वि. सं. १७६९देखि वि. सं. १८०५ सम्मका घटना टिपिएका आठ पत्र आकार प्रकारमा केही साना छन्, हरिताल लाइएका छैनन् तथा पत्रको क्रमसंख्या पनि तिनमा दिइएको छैन । एकातिर हरिताल लाइएका अर्काथरी पत्रमा चाहिँ क्रमसंख्या दिइएको छ । जसमा टिपिएका धेरैजसा घटना शाहकालका छन् । आफूभन्दा अघिकाले थालेर गएको 'घटनावलि' लेख्ने परिपाटीको अनुसरण गरी पछिका मनुष्यहरूले आफ्नो पालामा घटेका घटनाहरू थप्दै गएको यताबाट बुझिन्छ । त्यसैले देवहर्षका पिताजी श्रीगुह्यहर्ष वज्राचार्यसम्मले टिपेका आफ्नो समयका घटना पनि त्यसमा परेका छन् । यसका उठानैदेखिका पत्र प्राप्त नभएको र बीच बीचका पत्र पनि हराएका हुनाले देवहर्षजीका पूर्वजहरूले धेरै अघिदेखि क्रमबद्ध रूपले आफूले महत्त्वपूर्ण ठानेका घटनाहरू टिप्दै आएको अनुमान हुन्छ ।

---

* नोलीले यहाँको संवत्को अङ्क ६९ छपाउनुभएको छ । यहाँको संवत्को अङ्कको प्रतिलिपि 'पूर्णिमा' ६ पूर्णाङ्कको ४ पृष्ठमा छापिएको छ । यहाँको एकस्थानी अङ्क जस्तो अङ्क ९ होइन, ७ हो भन्ने निर्णय 'पूर्णिमा' १४ पूर्णाङ्कका १०१–५ पृष्ठमा गरिएको छ । यस कारण यहाँको संवत् ६७ हो ।

पुस्तकको आकार प्रकार लिपि तथा समयको दृष्टिले यस घटनावलिको संग्रहलाई दुइ थरी पुस्तकको रूपमा विभाजन गर्नु उचित देखिनाले अहिले यहाँ उठानका आठ पानाको मात्र मूल-पाठ दिइएको छ ।

इतिहास पढ्ने चलन हाम्रो यता नभएको हुनाले 'घटनावलि' लेख्ने काम राजनीतिको दृष्टिकोणले गरिँदैनथ्यो । ज्योतिषीहरू जन्मतिथि आदिको लागि र पुरोहितहरू पाठपूजाको विधिविधान र तिथिमिति संझनाको लागि तात्कालिक घटना टिप्ने गर्दथे । प्रस्तुत घटनावलि पनि काठमाडौंका वज्राचार्यहरूको एक वंशले टिपेका हुनाले आफ्नै संप्रदायका कुराहरूको विशेष चर्चा हुनु स्वाभाविक छ । विशेष गरेर शान्ति स्वस्तिको कुरा यसमा परेका छन् । प्रसङ्गवश हामीलाई इतिहास लेख्न काम लाग्ने घटनाको उल्लेख ठाउँठाउँमा भएका छन् । यहाँ भास्कर मल्लको मृत्यु तिथि टिपिएको छ । सो टिप्नामा पनि हेतु थियो । राजाको मृत्यु हुनाले सबै प्रजालाई जूठो लाग्यो र पुरोहितवर्गको पाठपूजाको काम पनि रोकियो । पछि मात्र पूजा आजाको काम हुन थाल्यो भनी यहाँ लेखिएको छ । यताबाट आफ्नो पौरोहित्यको कामसँग सम्बद्ध भएको हुनाले नै भास्कर मल्लको मृत्युतिथि टिपिएको बुझिन्छ ।

'घटनावलि' किन टिपिन्थ्यो भन्ने विषयमा विचार गर्न देवहर्ष वज्राचार्यको पछिल्लो घटना-वलिको यस वाक्यले पनि मद्दत दिन्छ–

"सं. ९३९ सहनं महामारी ओयाओ कतक भदिक सिक ह्नि ३०।४०।५० सिक थ्वया शान्तिक महिमल्लदेवया वेलस यागु परंपरा सोया यातकर वैशाष शुदि १० बुधबार"

[ने. सं. ९३९ (वि. सं. १८७६) मा महामारी पस्यो र दिनहुँ ३०,४०,५० जना मानिस मरे । महीन्द्रमल्लदेवको पालाको परम्परा हेरेर वैशाख शुक्ल दशमी बुधवारको दिन यसको शान्ति गरियो ।]

महीन्द्रमल्लको पालामा मच्चिएको महामारी शान्त गर्न त्यस वेला जे जस्तो शान्ति स्वस्ति गरिएको थियो, त्यस्तै शान्ति स्वस्ति वि. सं. १८७६ मा महामारी मच्चिएको वेलामा पनि गरियो भनी यहाँ लेखिएको छ । यताबाट महीन्द्रमल्लको पालामा भएको महामारीको वर्णन लेखिराखेको टिपौटे कागत उनीहरूले संग्रह गरिराखेको बुझिन्छ तथा त्यसरी घटनावलि टिपि-राख्नामा मूल कारण के थियो भन्ने पनि बुझिन्छ ।

प्रस्तुत घटनावलिमा प्रायः भास्करमल्लको ताकाका इतिहासलाई प्रकाश पार्ने केही घटनाहरू परेका छन् । यस समयका घटनावलि टिपिएको ठ्यासफु प्राप्त भएको छैन । यस कारण यस-ताकाको कुरा बुझ्न हामीलाई यसले मद्दत दिन्छ । भास्करमल्लको हात्ती पकड्ने सौंख, भास्कर मल्ल र झगल ठाकुरको संबन्ध, पाटनका भारादार र प्रजाहरूले भास्करमल्ललाई आफ्ना राजा बनाउन सिन्दूरजात्रा गरी लगेको घटना आदिको वर्णन यसमा परेका छन् । यसैले इतिहास-ज्ञहरूलाई यो घटनावलि उपादेय होला भन्ने संझी प्रस्तुत गरेको छु । विशेष अध्ययन गरी यसको व्याख्या पछि प्रकाश गर्ने विचार छ ।

## मूलपाठ

…कया खओया दुदुया थासनीस्यं ही धार २ सोरोह ओस्यं चोङ थ्वया शान्तीक छुकिनि वाग्वदार वलि बिया थनन रीव ए देशस अति कतक सिक शान्ति याङा याङाथे शान्तिक रजुव।

सम्वत् ८४३ कातिक सुद्दी दसमी तीथ्व थवहीरिया श्रीगध्वूरिजुजुया रुचोत कुती ओयाव ह्लवणे मदपातास जुङाओ चोन थ्वया शान्तिक श्री ३ जयजगजयमल्लदेवन यात जुरो।

सम्वत् ८३५ वैशाष शुक्ल सप्तमी वुद्धवारया दिनस ३ पंचर भैरव सिमाया चोस मिदङ दिन थ्वया शान्तिक ४ ह्ल॰ कुह्ल॰ यात क्वाथवाहारन थाकुर भाकुतु क्वाथ वाहारया ।।

सम्वत् ८३७ थ्वकुह्ल॰ श्री ३ महीन्द्रसिंह माहाराजा झगर थाकु काजि किसि अफर विज्याक दिन।

सम्वत् ८३७ ज्येष्ठ शुद्धि सप्तमी थ्वकुह्ल॰या दिनस एरया थछेवया थास एध्वाकाया थास चोङ पुषुरिस एदेशया केफेचूस व्याङ सभा मुङ थ्व कुह्ल॰या दिनस गरखूहितीन पेह्ल॰त्वसे घिङा ङि हितीधारान ह्लचाङ वव।

सम्वत् ८३७ ज्येष्ठ कृष्ण आमवास्याया रात्रिस ललितपातनया राजा अभाग जुओ दिन. एकादशा ह्लतकुह्ल॰ एरया नियवेह्ल परमा प्रजा गामापातयो ओयाव श्री ३ महिसि राजा जिमीस्त छरपोर जुरो धक एथ राज्ये सिरा किर्तिपुरि वुग जर आदि स(म)स्त राज्य ग्राम दक्व रव ल्लात.ओ ओ दि. थननरी महिन्द्रसिंह महाराजाया प्रतापन आषाढ शुक्ल पूर्णमासि कुह्ल॰ श्री ३ महीसिं महारा अनेक पातनया लोक ओयाव सिधजात्रा याङाओ पातन दो ।।

सम्वत् ८३६ चैतरा थ्वक चतुदसीकुह्ल॰ तेथ्रोदे त्वारस छतन,मजुव सिङओ राक्षसन युन धायाव चवुसथी ६४ भेओत वार गो ३ शान्तिक यज्ञा ५ हवान वि दिन।

सम्वत् ८३६ आषाढ कृष्ण १४ स झोलक्षेया क्वमारी भरानी रील जुओ दिन।

संवत ८३७ एरा गाक ३ कुह्ल॰ ओतु धम्मचन्द्रजु क्षय कौमारी भवानी ली जुओ।

संवत ८३८ कोसरा थ्व ७ खुनु दरु पूजा विया दिन।

सम्वत् ८३७ कोसरा थ्व १५ स कुह्ल॰ ओवाहालया चक्रपूजा यचि देव खिचाओ खल ओखलन नयाव ओङ थ्वननरी जजोमाण कजित मोक ८३८ स दिन संचक्रपूजा मङाओ खयार मगाङाओ थ्वथेङ छात दु। अरवन्द्रजुया पा।

सम्वत् ८४२ भाद्र व दशमी थ्व श्री ३ भास्कमल्ल अभाग जुओ जुजु मछाङ वङा छह्ल॰ ह्लकास्य छोयान पूजा मयाकु सेगुवदेतीन धार गुबुनु सान्तिपुरि पूजा या जुरो उखह्ल॰ जिपनि पूजास थकारी जुर ओय धक धार थ्वन रिश्रो आशुण शुक्ल ११ स छह्ल॰ दु याङा थ्व छात दु उपाध्याजुन पूत विस्य हल, रयविसि याङा जुलो।

सम्वत् ८४३ माघसीर सुदि नमीया तिथ्व श्री ३ जमलेश्वर जओ ह्लसपत कुतिन ओ जुरो खओ ख्वार स्यलन थ्वयः शान्तिक ह्लत्र॰ मफिस्यं याङा जुरो, राजा श्री ३ जयजगजय

मल्लण यात जुरो दार नोङा हगुवा ह्लाह्म ३ नोओग्रह दान ह्मं ति ह्लटीकुर जुरो कमाकथे उपाध्या तया देव भारगु पा ग्वआ जिनेन्द्र भद्र उपाध्या तओछेया पीनजु रोधमक जपती जुलो सूजविम्बू आतमविम्वू ग्रहपथू ती ह्मति काल जुरो ॥

सम्वत् ८६९ चैत्यशुक्लतृतियां तिथ्वे शुक्र वार थ्वकुह्न तोषास चंद्रेश्वर महादेओयाके पेदुजोरसं हिफुति जुङाओ चोङ थ्वया शान्तिक उपाध्यान ॥

सम्वत् ८३३ चैत्रवदि १२ कुह्न श्री ३ ह्न तिश चोङ चोचित्तिरङ चैत्य भराडया ण्यास पिकाया दिन. ण्यास घर चपारसं तया जुरो ।

सम्वत् ८३३ वैशाष शुक्ल तृतिया ण्यास दुथस्यं थ्वकुह्न दुसरकी याङा सतिकुह्न प्रतिष्ठा थ्वकुह्न ह्नयास पिवाहह्म १ फसि ल्हुतिस मयजु पूजाओ १ थ्वया क्रियाया वजाचार्य्य क्वाथ वाहारया पूर्ण्णदेव वजाचार्य्य. उपाध्या सिक्वंमुगुलिया गुणाकल. थकारि असनयाछेया जयकिह्नजु प्रभृति थवहिरि ग्वस्ति समुच्चयनं ह्नाना जुरो श्री ३ भास्कर मल्ल महाराजाया प्रर्यावस शुभ ।

सम्वत् ८३६ फाग्गु वदि कुह्न तेओदे त्वालस कतक छता मजुओह्मं तत्कारणं मित्य जुयाओ अतिक सिङाग्रो श्री ३ महिंसिह महाराजाया आज्ञान तेवदे द्वार शान्तिया वजाचार्य्य होमकाल क्वाथवाहारया मुणि उपाध्या वलिक्रिया कर्त्ता वजाचार्य गुणाकल ह्म १ परसेषन गुरभराड गर थ्वया शान्ति छुकि निदाल ३ पिथस मुशानस ह्न ति बात थ्वते छुकि तय ग्वल ६४ चैलथि जोगिणि वलि विया ग्व ८ अष्ट मातृवलि ग्रह दान ब्राह्मनयात विया सूर्य विम्बु चन्द्रविम्व आतमविम्व गुरुभराडयात विया थ्वतेन शान्ति जु शुभं ।

सम्वत् ८३३ चैत्रवदि ११ कुह्न मनसुवाहार अधिक किसानी कुमारया काय सिङाओ लेवक सास मो वातकु गुथिकतकसन. पाषाकु थङ थ्व वेलस त्वाल कतकसन झवक सामवा तस्यं पाषाकु थन दओला धक धायाओ त्वालेस थ्वया शान्तिक माल षे धक त्वाल कतकन धायाया शान्तिक याङा सिक गुरुननिस जुलो ।

सम्वत् ८३३ चैत्रवदि एकादशि प्र द्वादसि शुक्रवार थ्वकुह्न श्री ३ वज्रयोगिनिया न्याश पिकाया लंगकोतुया विन जुलो थ्वकुह्न सक्वया जयधर्मया मुस्छत प्रत्यति सिकोयागु वाहार देवस्कं ओने दको सकर ओलाङ चोङाओ थन सिक्वमगुलिया वजाचार्य्य राजगुरु भराड गुणाकल वजाचार्य उपाध्या रविपति थानि निह्मं ह्नापानि जपति देवजु विद्याधलजु जिनिदेवजु थ्वपनि २ दुहाओयो चोङ छातस्यं देचोस्यन. गुणाकल रविणेह्मं दूमोवोनस्यं तओ थ्व वेलस गुणाकलण ए देस काजि अनन्तसिं भाजुयाके श्री ३ सेगुया पंचतथागत थङास श्री ३ अक्षोभ्यया साचच्छयासे खे ङागसे तओ वेरस यिनाल पा जियानिनिह्मं ह्ना छात दस्य चोङ गुथि छात जिप निह्मं दुमोवोङा आओ जिमोदुनिमो चोङ नासन. विजाक्षर थनेस जिमिस भार अभाले मयओ धक सकोस पतमान जुयाओ चोसे दिकृकृष्णह्लिभा विमलेश्वर भा नेह्मसके कोजि याके ॥

सम्वत् ८३४ चैत्रवदि २ कुह्न वुगदेवया ख्वार तुङाओ दिन जुलो ।

सम्वत् ८३३ वैशाषकृष्ण ४ प्र ५ पंचमि कुह्न श्रीवज्रयोगिगिनिया मूल लंग विर्जाधिष्ठान दिन जुलो: पूजा मजात्राथें ॥

सम्वत् ८३३ आषाढ शुक्ल २ कुन्हु श्री ३ वजजोगिनिया प्रतिष्ठा दिन जुरो सेगु ष्यास लुयाओ वु दिन राजा श्री ३ भास्करमल्ल महाराजाया प्रर्य्यावस ।।

सम्वत् ८३३ श्रावण शुक्ल ११ कुन्हु बसिक गालस रोको लंष लाहाति मनुतिओ नियाङां ना धाओ दूर्ग थथे जुस्यं चोङ. थ्वया शान्तिक छोनंतपं मयाक. थ्वयान खुन्हु लिव ए एल ओ वू जुओ खवापोया लाजा एलया प्रजान सकलेसन देशन पिमछ्वसे वार गस्य कोप विस्यं तओ, राजाया अभिमान जु थन रीव थ्व राजायातं तंओ ।

श्रावण शुक्लवदि १३ कुन्हुया रात्रिस थास मबुया डोय थाकुर अभाक जुलो थ्वया लत्या पर्य्यन्तं जिमनेन्हु याङाओ ओन थ्व छातदु ।

सम्वत् ८३४ पौषशुक्ल पूर्णमासि कुन्हु श्री ३ भास्करमल्लन जोको थपालिस अफ विज्याक दिं ।

सम्वत् ८३४ मार्ग्गशिलशुक्ल दशमी उर्त्तर भद्र नक्षत्र सोमवाल थ्वकु सब्वान पाङाति सेगुदे संमूचयन ।।

सम्वत् ८३४ पौषबदि ९ कुन्हु मक्र शंक्रान्ति कुन्हु वजयोगिनिस, साहास दुतु श्री ३ भुवनलक्ष्मी राजपत्निन कीया याक, वन्देन होमाचन, संकलपया वाक्य उपाध्या ।।

सम्वत् ८३४ पौषवदि ११ कुन्हुया अनुलाढा नक्षत्र सुक्रवाल थ्वकुन्हु श्री ३ भास्कर मल्ल महाराजाया प्रजाया महाभागेस श्री ३ सापजु जात जुव दिं थ्व ने कुन्हु श्री ३ भास्कर-मल्ल हनुहलन लिहा विज्याक दिं ।।

सम्वत् ८३४ माघ शुदि १० कुन्हु तुंछेया तुराधर लमंषर जुया संखबाल पा दिन जुलो माघ शुक्ल त्रयोदशि रविजु थकादि लुया दिं ।।

चैत्र शुदि पुनिसि कुन्हु साहेवजु अभा जुओ दिन जुलो सम्वत् ८३४ ।।

सम्वत् ८३४ नष्ट आषाढ शुक्ल चतुर्दसि कुन्हु सेगुस माहामेघ पाथ धुनका वा गाल धाल वलिविस्यं शान्तिक याक थंथे वा मगा कथ्वं अभागाथन गार भति २ गाक ।।

सम्वत् ८३४ नष्ट आषाध वदि द्वितिया कुन्हु षंषोस भूमीकंप जुको थ्वया शान्तिक देशन महावलि विय्रो । थ्वरन लिओ एकादसि कुन्हु वालाहितलन रल थ्व धाला ह्लस्यं ओओ थ्वया शान्ति मेस पा १ स्याक हनो स्याय धुन तुनं ह्लह्लपाया थ्व ह्लुन ओओ जुलो । ह्निच्छेय धुलि शेनलो मुचा सित ।

संवत् ८३५ फाग्गुण शुक्ल पचमी आदित्यवार थ्वकुन्हु श्री ३ गंधूरीजुजु देवया मटुक कुटिन ओव दिन जुल ।

संवत् ८३५ पौषकृष्ण चतुथ्या कुन्हु रात्रिस ६ घटि रीव पातनया वीरनरसिंह वैकुण्ठ विज्याक दिन ।

संवत् ८३६ मिति फागु गाक १० कुपो धन मि मतयकं अतयुवारण मितव थन चोय चोङपनिसं धह्लया पूत ह्लयाव काव मो टं ४ × थ्वते देकरान काव, थ्वतेया पूतग अहो-

रातछि १ सति धनका पूजा कर साचन थ्वतेया गुरुभराड ओवाहारया ववचपारछेया रत्न-सिजु थकारि यिवोगु रामकृष्णजु ।

सम्वत् ८३६ मिति चगुरा थ्वक २ कुह्न षोपोया मिसापूतत्तया मुसरमानयाके धरि वजि नयाव चोङ ४ चा ङाह्न थ्वते सुद्ध जुओ सप्रदाय विश्वंभरओ पाया ॥

सम्वत् ८३६ चैत्रकृष्ण सप्तमी अंगारवार थ्व कुह्न मूल देव खवस चण्डमण्डलस, सर्प्प सिङाओ वसपोरस घाल दस्य चोङ, थ्वन ङाह्न रीव अक्षोभ्यया पुलून हि ओया चोङ. थ्व नेगुरिया शान्ति छपोरनं थाना, वैशाख शुक्ल प्रतिपदा बृहस्पतिवार कुह्न शान्ति याङा वलि. खासि वलि दान या राजिकास चोङथें नेता कथनं विय ॥

सम्वत् ८३६ वैषाख कृष्ण तृतिया शनिश्चरवार थ्वकुह्न ने भार वि मविस श्री ३ सेगु सरववस्व सामामव वुजि नु कतक गोष्ठिया ॥ लुसि धेङ वेनक दुओ कुह्न, नय धुन सति-कुह्न वेनके जुलो । विश्वम्भरया सूष्याषे ॥

सुजाति मिसा कुजा मिजन व अजानेन प्रसंग जुयाया प्राचित तयछाप राजाङ जुलो प्रतित सर मीसा सुजाति मिजन नी जोगि जाति सम्वत् ८३४ श्रावणवदि ८ कुङेड प्रतिम पंवाहारया हाकुमि गुरुभराड कङ विश्वम्भर उपाध्या ।

सम्वत् ८५४ भाद्र व वदि दर्सामि बुधवाल कुह्न श्री ३ शान्तिपुलीस खड्ग भेत वुलाओ चोङ. थ्वया शान्ति या राजिकास सोयाओ याङा जुलो ।

सम्वत् ८३५ वैशाष शु षोपोया तरेजुया वलि लोहोस सर्व्वश्व त्वाक ल्हासे तओ दिन वैशाष शुदि श्री ३ पशुपतिस मिहि मुकं चोङ मिति वैशाष शुदि, श्री ३ ग्वकर्ण्णेश्वलस्क धलपौ छ्याङास वद ओहि धलीड नहि धापात जुव मिति वैशाष श्री ३ जयवागिश्वरीया यतासि थसुसे चोङ ।

श्री ३ भोयुजलसेनस अनेग थास दुदु धारा चासे चोङ ।

श्री ३ तेदु महाकार देओस्के तुतिस घार जुओ भिति ज्येष्ठवदि शुभ ।

सम्वत् ८४४ वैशाष शुदि द्वितियां तिथ्व थ्वकुह्न श्री ३ वुगदेव लथ भेत वल ॥ सम्वत् ८४४ वैसाव वदि पचमिया तिथ्वकुह्न श्री ३ तलेजु माजुस लक्षाहुति जग यात ।

सम्वत् ८४४ श्रावण वदि नसि लोहिनि नक्षत्र आदित्यवाल थ्वकुह्न जमलगुथिस जमलेश्वल-या जसवतस निपाह्ना… ।

(क्रमागत)

# श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू

## (ऐतिहासिक टिप्पणीसहित)

—*देवीप्रसाद भण्डारी*

पृथ्वीनारायण शाहले नेपालउपत्यकाभित्रका केही मुख्य मानिसहरूसंग गुप्तरूपले सम्बन्ध राखी आफ्नो पक्षमा मिलाउने नीतिअनुसार काठमाडौंका अभुदसिंह प्रधानलाई आफ्नो पक्षमा मिलाउन वि. सं. १८२० श्रावण २९ गते बुधवारको दिन पत्र लेखे[१] ।

"स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम्

**स्वस्तिश्रीअभुदसि प्रधानके आशीषपूर्वकपत्रमिदं. जाहाँ कुशल ताहाँ कुशल चाहि. जेहिते सानन्द होइ. आगे जाहाँको समाचार भलो छ.**

**उप्रांत भंडेल भन्याका परदेसि मेरा इष्ट हौ[२]. आज जसो गरि हुंछ. मेरो काम पुन्याव. आफनु रहेछ भनि कामेमहाँ जानिछ. ताहाँ चिर्फोर् गरि यो काम पुन्याव. आफनु पट पीठ पनि पूरण गरुला. उचो तिषो पनि गरुला. सुरो पुरो गरि काम गर. उत्तरा चाडो पठाव. किमधिकं विज्ञेषु.**

**श्रावणशुदि २ रोज ४ मुकाम काभ्या शुभम्."**

[चिर्फोर् गरि=भेदनीति खेली । पूरण=पूर्ण । उचो तिषो=ठूला र बलिया । सुरो पुरो गरि=सूरो भएर, पूरा गरेर ।]

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८२० श्रावणशुक्ल

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| श्रावण | २९ | बुध | प्रतिपदा | १५। |

(पात्रोबाट)

---

१ यस पत्रको नक्कल श्रीबखतमानसिंह बस्नेतबाट प्राप्त भएको हो । यो पत्र 'ऐतिहासिक पत्रसंग्रह' पहिलो भागका २३–२५ पृष्ठमा र श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ९९०–९८ पृष्ठमा व्याख्यासहित छापिएको छ ।

२ प्रधानको नाउँमा लेखिएको यस चिठीमा 'भंडेल भन्याका मेरा परदेसि इष्ट हौ' भनी पृथ्वीनारायण शाहले यहाँ भँडेल र प्रधानमा अभेद देखाएका छन् ।

## ऐतिहासिक टिप्पणी—

यो पत्र काभ्रेबाट पृथ्वीनारायण शाहले कान्तिपुरका अभुदसिंह प्रधानलाई लेखेका हुन् । यस पत्रमा संवत् लेखिएको छैन । महीना, तिथि र वार मात्र लेखिएको छ । मुकाम काभ्रे लेखिएको हुनाले र कान्तिपुर विजय गर्ने उद्देश्यले त्यहाँका मुख्य मानिसलाई हात लिई आफ्नो काम सफल पार्ने योजना मिलाउन लेखिएको हुनाले पनि यो पत्र लेखिएको समय वि. सं. १८१६ माघ १ गतेको काभ्रे विजय[1]भन्दा पछाडि, वि. सं १८२५ आश्विन १३ गतेको कान्तिपुर विजय[2]भन्दा अगाडि हो भन्ने कुरा बुझिएकोले त्यति वर्षभित्र (वि. सं. १८१७ देखि वि. सं. १८२५ तक) प्रत्येक श्रावण महीनामा गणना गरिहेर्दा तथा पाइएसम्मका पञ्चाङ्गमा भिडाइहेर्दा यस पत्रमा उल्लेख गरिएका तिथि वार वि. सं १८२० मा मात्र मिल्न आयो । त्यस कारण वि. सं १८२० श्रावण २९ गते बुधवार श्रावणशुक्ल प्रतिपदाउप्रान्त द्वितीयाको दिन यो पत्र लेखिएको देखिन्छ ।

यस वेला पृथ्वीनारायण शाह पूर्वतिरबाट बढ्दै आई नेपालखाल्डो विजय गर्ने उद्देश्यले काभ्रेतिर आइरहेका थिए । उनले नेपालखाल्डोलाई चारैतिरबाट घेरा हाल्ने उद्योग पहिलेदेखि नै गर्दै गएका र विस्तार विस्तार उनी यस काममा सफल पनि हुँदै आएका हुनाले नेपाल-खाल्डाका (कान्तिपुर, ललितपुर र भक्तपुरका) मल्ल राज्यक्षेत्र चारैतिरबाट अँचेटिंदै, घट्तै जान थालेका थिए । आफुसको कलहले र पृथ्वीनारायण शाहको अँचेटयाइँले गर्दा मल्ल राजाहरूको शक्ति क्षीण हुँदै जान लागेको थियो । नेपालखाल्डामा बाहिरबाट आउने नून, कपास आदि उपभोगका चीजहरू विस्तार विस्तार रोकिंदै गएकोले नेपाल खाल्डाका बासिन्दालाई निकै कष्ट पर्न लागेको थियो । त्यो कष्ट हटाउने उपाय मल्ल राजाहरूले गर्न सकेका थिएनन् । त्यस अवस्थामा जेथाजमीन भएका केही सम्पन्न व्यक्तिहरूले आफ्नो जेथाजमीन जोगाउन बलियाको आड लिने चेष्टा गर्न थालेका थिए । त्यस्ता मानिसहरू शत्रुले भडकाउँदा भड्किने हुन्छन् । त्यस्तै मानिसहरूलाई पृथ्वीनारायण शाह खोजी खोजी सम्बन्ध जोड्न चाहन्थे । उनीहरू पनि पृथ्वीनारायण शाहसंग मिल्न जाने गर्न थालेका थिए । पृथ्वीनारायण शाहले पहिलेदेखि नै त्यस्ता खालका मानिसलाई हात लिने कोशिश गरिरहेका हुनाले र आफूसँग मिली आफ्नो काम सफल गराइदिने मानिसलाई कदरका साथ उनीहरूको जेथाजमीन थामिदिने, केही धनमान गरा हौसला बढाइदिने नीति लिएका[3] हुनाले काठमाडौंका प्रधान भँडेलहरू पृथ्वीनारायण शाहतिर लहसिएका थिए । यिनैमध्येका अभुदसिंह प्रधान पनि

---

१. पूर्णिमा १२ पूर्णाङ्कका ३९–४० पृष्ठ हेर्नुहोस् । २. योगी नरहरिनाथद्वारा योगप्रचारिणीबाट प्रकाशित 'गोरखालीहरूको सैनिक इतिहासको ७ पृष्ठ, संस्कृत–सन्देश १ वर्ष १०–१२ संयुक्ताङ्कको ८१ पृष्ठ, त्रिरत्नसौन्दर्यगाथाको परिशिष्टको २६१ पृष्ठ र साही सैनिक इतिहासको ३८ ग पृष्ठ हेर्नुहोस् । ३. पूर्णिमा १२,१७ पूर्णाङ्कका ४०–४२, १९–२० पृष्ठ हेर्नुहोस् ।

हुन् । यी काठमाडौँका राजा जयप्रकाश मल्लको अवस्थादेखि असन्तुष्ट जस्ता देखिन्छन् । त्यसै हुनाले उनी पृथ्वीनारायण शाहसँग गुप्त रूपले सम्बन्ध राख्न पुगेका हुन् भन्ने कुरा यताबाट बुझिन्छ । काठमाडौंमा बसी पृथ्वीनारायण शाहको नेपालखाल्डो विजय गर्ने योजना सफल गराउने काममा यी अभुदसिंह प्रधान लागेका थिए । यसै कामको सिलसिलामा पृथ्वीनाराण शाहले यी अभुदसिंह प्रधानलाई पुरानु सम्बन्ध देखाई अभुदसिंहद्वारा काठमाडौंमा भेदनीतिको प्रयोग गरी काठमाडौं फुटाउने योजना पृथ्वीनारायण शाहले मिलाएका र अभुदसिंह प्रधानलाई आफ्नो योजना सफल गराइदिएमा केही (धनमान) दिई बढाइदिने आश्वासनसमेत दिएका कुरा यस पत्रमा उल्लेख गरिएका "स्वस्तिश्रीअभुदसिं प्रधानके आशीषपूर्वकपत्रमिदं यहाँ कुशल तहाँ कुशल चाहि...उप्रान्त भँडेल भन्याका परदेसि मेरा इष्ट हौ. आज जसो गरि हुन्छ. मेरो काम पुन्याव. आफनु रहेछ भनि कामैमहाँ जानिन्छ: ताहाँ चिर्फोर् गरी यो काम पुन्याव. आफ्नु पटपीठ पनि पूरण गरुला उचो तिषो पनि गरुला, सुरो पुरो गरी काम गर" यी वाक्यहरूबाट बुझिन्छ ।

"क्रुद्धलुब्धभीतावमानिनस्तु परेषां कृत्याः ॥२२॥"

(कौटलीय अर्थशास्त्र विनयाधिकरण १।१३।)

(रिसाएका, लोभी, डराएका तथा घमण्डी स्वभावका मानिसहरू शत्रुले भड्काउँदा भड्किने हुन्छन्।)

यस्ता मानिसहरू आफूले चिताएको कुरा नपाएकाले वा आफ्नो अभीष्ट कुरा गुम्यो भन्ने रिसले अथवा गुम्ला भन्ने डरले आफ्नो देशको सरकारदेखि अप्रसन्न हुन्छन् । आफ्नो स्वार्थ सपार्न खोज्ने यस्ता मानिसहरू शत्रुपक्षमा मिल्ने सम्भावना हुन्छ । यस्ता मानिसहरूलाई कृत्यपक्ष भन्छन् । आफ्नो राज्यमा कृत्यपक्ष पैदा हुन नदिनु, पैदा भएका कृत्यपक्षलाई पनि शत्रुसंग मिल्न नदिनु, आफ्ना पक्षकालाई प्रोत्साहन दिई उचित सत्कार गर्नु, यी कुरालाई "स्वविषये कृत्याकृत्यपक्षरक्षणम्" भन्दछन् । शत्रुका राज्यमा कृत्यपक्षलाई खोजी खोजी तिनीहरूसंग मीठो बोली तिनीहरूलाई केही दिई तिनीहरूबाट आफ्नो काम फत्ते गराउनु, शत्रुका पक्षकालाई पहिचान गरी तिनलाई बढ्न नदिनु, यी कुरालाई "परविषये कृत्याकृत्यपक्षोपग्रह" भन्दछन् । काठमाडौंका अभुदसिंह प्रधान पनि यिनै वर्गभित्र पर्दछन् ।

राजकाजमा लागेका सिपालु मानिसहरू शत्रुको देशमा रहेका भड्काउँदा भड्किने मानिसलाई मीठो बोली बोलेर, फकाइफुल्याइ गरेर, केही दिएर हात लिने काम गरिरहन्छन् । पृथ्वीनारायण शाहले जयप्रकाश मल्लको राज्य (काठमाडौं)का अभुदसिंह प्रधान जस्ता मानिसलाई आफ्ना पक्षमा मिलाई हातलिन सक्नु अरूको देशमा" कृत्याकृत्यपक्षोपग्रह" गर्न सक्नु तथा जयप्रकाश मल्लले आफ्नो देशमा भड्काउँदा भड्किने र नभड्किने (अभुदसिंह प्रधान जस्ता) ठूला साना सबै मानिसलाई शत्रुको भड्काइबाट जोगाउन नसक्नु आफ्नो देशमा "कृत्याकृत्यपक्षरक्षण" गर्न नसक्नु हो । त्यस कारण पृथ्वीनारायण शाहले 'अरूको देशमा कृत्यपक्षोपग्रह' गरेको उदाहरण यो पत्र हो भन्न सकिन्छ ।

शत्रुले भड्काउँदा भड्किने र नभड्किने आफ्नो देशका मानिसलाई हातलिने कुरा र शत्रुको देशका त्यस्ता मानिसहरूलाई हातलिने कुराका विषयमा कौटल्यको अर्थशास्त्र विनयाधि-

करणमा "स्वविषये कृत्याकृत्यपक्षरक्षणम्" र "परविषये कृत्याकृत्यपक्षोग्रह" नामको तेह्रौं र चौधौं अध्यायमा विस्तृत वर्णन गरिएको छ । ('श्री ५ पृथ्वीनारायण शाहको उपदेश' ९९१–९७ पृष्ठमा यसको विशेष चर्चा गरिएको छ ।)

\+ + + +

भक्तपुरका राजा रणजित् मल्लको राज्यक्षेत्रभित्र पर्ने धुलिखेल प्रदेश वि. सं. १८२० कार्तिक १० गते आदित्यवारको दिन पृथ्वीनारायण शाहले विजय गरे ।

"साके १६८५ (वि. सं. १८२०) मासे ७ दिनगत १० रोज १ दिनगतघटी १४।४५ मा धुलषेल सर भयो ।".

(गोरखालीहरूको सैनिक इतिहासको ६ पृष्ठबाट)

"जस पाई आयाका शूरप्रताप शाहसंग सल्लाह गरी धुलिखेल हान्नलाई भरादारहरू खटाउनुभयो । फौज लिई कालु कपरदार, रामकृष्ण कुँवर हरिवंश उपाध्यायप्रभृति फौज गई नेपालका पनि ठूलो लश्कर उहाँ जम्मा भएका रहेछन्, बाहिरको फौज ठूलो भई जित्या । वैरीका पनि धेरै काटिया, आफ्ना पनि घाइते काटिन्या धेरै भया । जित गोर्खाको भयो । जिती लपेटा लिई शहरभित्र लश्कर हाली शहरभित्र धेरै लश्कर रहेछन् र बाहिर घेरा दिई बसेका थिया । बाहिर रणगढ बाँधी लड्दथ्या । त्यस्तैमा ढीलो गर्‍यो भनी महाराजबाट रिसानी भई जसकर्ण खत्रीलाई पठाई धुलीखेल हान्नी चौकोट, पनौती हान्न भनीकन पठायामा ढीलो गर्‍यो भनी रिसानी भई चौकोट हान्नालाई दलजित् शाहलाई पठाई जसकर्ण खत्रीले तीनैजना (कालु कपरदार, रामकृष्ण कुँवर हरिवंश उपाध्याय)लाई ५।५ सप्को (लुगाको हनाइ) लाया । चौकोट हान्न दलजित् शाह पुग्याको देखता धिनीहरूले पनि शाके १६८५ (वि. सं. १८२०) कार्तिकका दिन १० जाँदा आदित्यबारका दिन ११ घडी ४५ पला दिन चढ्दा धुलिखेल फत्ते भयो ।"

(भाषावंशावलीबाट)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८२० (शाके १६८५) कार्तिककृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| कार्तिक | १० | आदित्य+ | द्वितीया | ६० |

(पात्रोबाट)

\+ श्रीसोमध्वज विष्टको साही सैनिक इतिहासको ३६ पृष्टमा वि. सं. १८२० कार्तिक १० गते शनैश्चरवारका दिन धुलिखेल विजय भयो भनी लेखिएको छ। परन्तु कार्तिक १० गते आदित्यवार पर्दछ, शनैश्चरवार पर्दैन। त्यस कारण सो वार प्रामाणिक देखिदैन । यसको विशेष चर्चा श्री ५ पृथ्वीनारायण शाहको उपदेश ८५५–५६ पृष्ठमा पनि गरिएको छ ।

## ऐतिहासिक टिप्पणी—

पृथ्वीनारायण शाहले वि. सं. १८१८ ज्येष्ठमा पनि यस भेकमा (धुलिखेलतिर) आक्रमण गर्ने उद्योग गरेका थिए । परन्तु त्यस वेला गोरखाली फौजलाई अलि अनुकूल नपरेको हुनाले त्यस प्रदेशदेखि दक्षिणतिर रहेको चौकोट प्रदेश मात्र कब्जा गरेका थिए[१] । चौकोट प्रदेश लिएपछि नेपालखाल्डोलाई वरिपरिबाट घेरा हाल्नाका निमित्त पश्चिम, उत्तर र पूर्वतिरका केही प्रदेश विजय भए तापनि दक्षिणतिरका प्रदेशहरू विजय गर्न बाँकी नै थिए। त्यस कारण पृथ्वीनारायण शाहले त्यता (चौकोट)तिरको युद्ध बन्द गरी केही समय नयाँ योजना बनाई दक्षिण-तिरका प्रदेशहरू कब्जा गर्ने योजना मिलाउनतिर उनी लागेका थिए। वि. सं. १८१९ भाद्र ९ गते मकवानपुर विजय भएपछि लगत्तै नै आश्विन महीनामा तिमालकोट, सिंधुली र हरिहर पुर विजय गरे[२] । त्यतातिर गोरखालीहरूको अधिकार जम्न लागेको देखेर बङ्गालका नवाब मीरकासिमले यसै साल पौषमा मकवानपुरमा आक्रमण गरेका थिए । तर लगत्तै नवाब मीरका-सिमको मुसलमानी फौजलाई मार खुवाई पृथ्वीनारायण शाहले हटाइदिए[३] । यति गरी मकवानपुर प्रदेश आफ्नो अधीनमा गराएपछि पृथ्वीनारायण शाह यतातिर लागे । उनले पहिले भक्तपुरको राज्यक्षेत्रभित्र प्रमुख बस्तीका रूपमा रहेका धुलिखेल पनौती आदि 'सात गाउँ'मा आक्रमण गर्ने प्रबन्ध मिलाउन वि. सं. १८२० का ज्येष्ठ आषाढतिर आफ्ना भारादार रामकृष्ण कुँवरलाई पनौतीतिर पठाइराखेका थिए। पनौतीका प्रमुख मानिसलाई हात लिई आफ्नो पक्षमा मिलाउने काममा रामकृष्ण कुंवर लागेका थिए । सो काम उत्साहका साथ छिटो गराउने उद्देश्यले रामकृष्ण कुंवरलाई जागीरको लालमोहर गरी पठाई पुरस्कारसमेत दिने आशा देखाएर त्यतातिरका चाँजो मिलाएका थिए[४] । पृथ्वीनारायण शाह आफूचाहिं श्रावण-तिर धुलिखेल आदि सातगाउँमा आक्रमण गर्ने योजना मिलाउन काभ्रेतिर गएका थिए भन्ने कुरा अभुदसिंह प्रधानलाई लेखेको पत्रको मुकामबाट बुझिन्छ । त्यताबाट धुलिखेलतिर झर्न आफ्नो अनुकूल पर्ने देखी पृथ्वीनारायण शाह त्यहाँ बसी सैन्य-संघट्टन गर्न लागे । गोरखाली फौजलाई काभ्रेबाट धुलिखेल, चौकोट, खँड्पु, पनौतीतिर बढ्दै जान सजिलो पर्ने हुनाले पहिले धुलिखेलमा आक्रमण गर्ने आज्ञा पृथ्वीनारायण शाहले दिए। धुलिखेल काठमाडौंबाट ७ कोश जति पूर्वतिर अलि उच्च ठाउँमा पर्दछ । केही बाक्लो बस्ती भएको त्यस प्रदेशलाई कब्जा गर्न गोरखाली फौजलाई अलि दिन सङ्घर्ष गर्नुपर्‍यो र ढीलो भयो तापनि आखिरमा धुलिखेल प्रदेशलाई वरिपरिबाट घेरा हाली वि. सं. १८२० कार्तिक १० गते आदित्यवार गोरखाली फौजले सधैंका निमित्त विजय गर्‍यो ।

+ + +

---

१. पूर्णिमा चौथो वर्षको २८–३० पृष्ठ हेर्नुहोस् ।

२. पूर्णिमा चौथो वर्षका ३१–३३ पृष्ठ र १४३–४९ पृष्ठ हेर्नुहोस् ।

३. पूर्णिमा चौथो वर्षका ३८२–८५ पृष्ठ हेर्नुहोस् ।

४. पूर्णिमा पाँचौ वर्षका १९–२० पृष्ठ हेर्नुहोस् ।

भक्तपुरका राजा रणजित् मल्लको राज्यक्षेत्रभित्र पर्ने चौकोट[1], खँड्पु पनौती प्रदेश वि. सं. १८२० कार्तिक ११ गते सोमवारका दिन पृथ्वीनारायण शाहले विजय गरे ।

**"साके १६८५ (वि. सं. १८२०) मासे ७ दिन ११ रोज २ दिनगत घटी ० चौकोट सर भयो । साके १६८५ (वि. सं. १८२०) मासे ७ दिन ११ रोज २ दिनगत घटी ० पनौती सर भयो । साके १६८५ (वि. सं १८२०) मासे ७ दिन ११ रोज २ मा षड्पु प्रवेश भयो ।"**

**(गोरखालीहरूको सैनिक इतिहास ६ पृष्ठबाट)**

**"दलजित् शाहका साथका फौजले पनि ठूलो लडाइँ जितीकन साके १६८५ (वि. सं. १८२०) कार्तिकका दिन ११ जाँदा सोमवार १५ घडी चढ्दा चौकोट सर गऱ्यो । त्यसै दिनको लपेटामा पनौती पनि सर भयो । अर्को मुहुडाले खँड्पु पनि सर गऱ्यो"**

**(भाषावंशावलीबाट)**

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८२० (शाके १६८५) कार्तिक कृष्ण

(पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| कार्तिक | ११ | सोम[2] | द्वितीया | २। |

**(पात्रोबाट)**

## ऐतिहासिक टिप्पणी—

धुलिखेलदेखि केही (एक पाउ जति) दक्षिणतिर चौकोट र दक्षिण पश्चिमतिर खँड्पु प्रदेश पर्दछन् । चौकोटकिल्लादेखि पश्चिमपट्टि खोल्सो पारी रहेको खँड्पु अलि बाक्लो वस्ती बसेको समथर जमीन छ । खँड्पुबाट १ कोश जति पूर्व र आग्नेयतिर पनौती प्रदेश पर्दछ । यी प्रदेशहरूमा एकैचोटि आक्रमण गर्ने योजना मिलाई गोरखाली फौज खटिएर गएका थिए । ती प्रदेशमा आक्रमण गर्न ढीला गरे भनी पृथ्वीनारायण शाहले तागिता गरी पठाएका र

१. चौकोट प्रदेश पृथ्वीनारायण शाहले वि. सं. १८१८ ज्येष्ठ ३० गते सोमवारको दिन विजय गरेका हुन् तापनि त्यहाँको केही प्रदेश विजय गर्न बाँकी नै थिए । त्यस कारण चौकोट प्रदेश सर्वात्मना विजय भई नसकेको हुनाले अहिले त्यस प्रदेशका आसपासमा रहेका धुलिखेल, खँड्पु, पनौती आदि प्रदेशका साथै यी चौकोटको बाँकी भाग पनि विजय गरेका हुन् भन्ने बुझिन्छ ।

२. श्रीसोमध्वज विष्टको साही सैनिक इतिहासको ३६ पृष्ठमा वि. सं. १८२० कार्तिक ११ गते आदित्यवारका दिन चौकोट विजय भयो भनी लेखिएको छ । परन्तु कार्तिक ११ गते सोमवार पर्दछ, आइतवार पर्दैन । यसको विशेष चर्चा श्री ५ पृथ्वीनारायण शाहको उपदेश ८५६ पृष्ठमा गरिएका छ ।

धुलिखेल गएको टोलीले सो प्रदेश वि. सं १८२० कार्तिक १० गते आदित्यवार विजय गरेको हुनाले यतातिर खटिएका टोलीले (दलजित् शाहका साथ रहेका गोरखाली फौजले) पनि खूप वीरतापूर्वक आक्रमण गरी वि. सं. १८२० कार्तिक ११ गते सोमवार चौकोट तथा पनौती प्रदेश आफ्नो अधीनमा गराए। यसै दिन खँड्पुतिर गएको अर्को टोलीले पनि वीरतापूर्वक लडी खँडपु प्रदेश आफ्नो अधीनमा गरायो। गोरखाली फौजको दुइ दिनको आक्रमणले भक्तपुरका राजा रणजित् मल्लको राज्यका सात गाउँमध्ये चार गाउँ (धुलिखेल, चौकोट, खँड्पु, पनौती) पृथ्वीनारायण शाहको अधीनमा गरायो।

_*_

# वि. सं. १८५२ को एउटा ऐतिहासिक कागत

*—शङ्करमान राजवंशी*

इतिहास तयार पार्न पहिले सामाग्री संग्रह गर्नुपर्छ। शाहकालको इतिहास लेख्ने सामग्री त केही अंशमा पाइएका छन् तापनि यसताकाको पनि प्रामाणिक इतिहास लेख्न अझै सामग्रीको राम्ररी लेखाजोखा भइसकेको छैन। यस कारण यस ताकाको पनि सामग्री संग्रह गर्दै जानुपरेको छ।

वि. सं. १८५२ को सरकारिया आम्दानी खर्चसम्बन्धी केही विवरण भएको एक ताउ कागतको उतार यहाँ दिइएको छ। हाल यो कागत संशोधनमण्डलको संग्रहमा छ। तर केही वर्ष पहिले यसमा संशोधनमण्डलको दृष्टि नपरेको भए यस कागतमा सखर पोका पारिने थियो र यो नष्ट हुने थियो।

सखर पोका पारिने अवस्थामा पुग्न लागेको यस कागतबाट पनि तात्कालिक निकै कुरा प्रामाणिक रूपमा बुझ्न मद्दत पाइन्छ। यस कारण यस्ता कागतलाई नष्ट हुनाबाट जोगाउनु आवश्यक छ।

*सम्वत् १८५२ साल*

*सर्कार श्रीश्रीश्रीज्यु*

**चिठा आमदनि षर्च नुलछेको कौस्नि, जिमा गजिंद्र लछिमन्**...

... ... ... ... ...

वैसाष शुदि १३ रो ३[1]

आमदनि षर्च…

रनमर्दन षवासले चह्लायाको कपर्दार मार्फत
आयाको सानु षाग[2]… … … … … १

षर्च… … … …

धर्मा[3]का राजाके चिठि बेह्लनाके हस्ते काजि नर्सिं[4]
षाता… … … … … … … १

वैसाषशुदि १५ रो १ के[5]

आमदनि … … … … …
… … … … … …

षर्च … … … …

दाषिल श्रीहजुर[6]हस्ते माहासुर चांदिको डाठ
भयाको मषौरा[7] … … …

लषनौ नवाव[8]र चेरिसाहेवकन[9]कन षत[10] लेषनाके
हस्ते मुनसि मानिकचंद सुनौला कागद वंद… … … २

---

१. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको संग्रहमा रहेको वि. सं. १८५२ को पात्रोसंग रुजु गरी हेर्दा यहाँ परेका धेरैजसा तिथिमिति मिल्छन् । २,३ ठाउँमा लेखकको गलतीले मिलेको छैन । सो पात्रोमा वैशाखको पत्र छैन । त्यस कारण वैशाखका तिथिमितिचाहिँ गणना गरी जाँचिएका छन् । यहाँ वैशाखशुदि १३ का दिन रोज ६ वैशाख २२ गते पर्छ, रोज ३ गलतीले लेखिएको बुझिन्छ । किन भने यही कागतमा वैशाखशुदि १५ रोज १ लेखिएको छ ।

२. षाग=गैंडाका नाकमाथिको सीङ । यस निबन्धमा शब्दका अर्थ प्रायः बालचन्द्रशर्माको नेपाली शब्दकोश र रामचन्द्र वर्माको देवनागरी उर्दूहिन्दी कोशबाट दिइएका छन् ।

३. "भूटानमा देव राजा र धर्म राजा दुई राजा पहिले हुन्थे । अत एव नेपालीहरू भुटानलाई देवा धर्माका मुलुक भन्थे ।" (सूर्यविक्रम ज्ञवालीको पृथ्वीनारायण शाह ३९ पृष्ठ)

४. वि. सं. १८६३ मा शेरवहादुर शाहद्वारा रणबहादुर शाह मारिएपछि शेरबहादुर शाहको मतियारको दोष लगाई भीमसेन थापाले यी काजी नरसिंह गुरुङलाई मराएका थिए । (त्रिरत्न-सौन्दर्यगाथा १९३ पृष्ठ)

५. वैशाखशुदि १५ रोज १ वैशाख २४ गते पर्छ ।

६. दाषिल श्रीहजुर=श्री ५ रणबहादुर शाहको बाहुलीमा दाखिल ।

७. मषौरा=कागतका धुर्का, घोडाका पुच्छरका रौं आदि लट्ठीका छेउमा बाँधी चमर जस्तो बनाएका झींगा धपाउने साधन ।

८. यस वेला अवधका नवाव आसफुद्दौला थिए । (ऐतिहासिकपत्रसंग्रह पहिलो भाग ८८ पृष्ठ)

९. यिनी वि. सं. १८५५ को हिउँदमा काशीमा उजीरअलिकाण्डमा मारिएका थिए । (ऐ. प. सं. पहिलो भाग ८९ पृ. र पूर्णिमा ९ पूर्णाङ्कको ५५ पृष्ठ)

१०. षत=चिठी

ज्येष्ठशुदि ७ रो २ के,


आमदनि··· ··· ··· ···
··· ··· ··· ··· ··· ···
षर्च··· ··· ··· ···
**दाखिल हजुर हस्ते त्रिभुवन काजि[२] सुनौला काम**
**भयाको गंज[३]** ··· ··· ··· ··· ··· ··· १

जष्ठशुदि ८ रो ३ के[४]

आमदनि··· ··· ··· ···
··· ··· ··· ··· ··· ···
षर्च··· ··· ··· ··· ···
**जैंकिशनदास[५] महंतका भँडाराके अभिमानसिं काजि[६]**

---

१. ज्येष्ठशुदि ७ रोज २ ज्येष्ठ १५ गते पर्छ ।
२. यी त्रिभुवन पाटने काजी धनवन्तका नाति हुन् । त्रिभुवनको बाबुको नाउँ वीरनसिंह हो। (चित्तरञ्जन नेपालीको श्री ५ रणबहादुर शाहको १२२ पृष्ठ)। वि. सं. १८६३ मा शेरबहादुर शाहद्वारा रणबहादुर शाह यिनैको घरमा मारिएका थिए। शेरबहादुर शाहको मतियारको दोष लगाई भीमसेन थापाले यी त्रिभुवन काजीलाई मराएका थिए। (त्रिरत्न-सौदर्यगाथा १९२–९३ पृष्ठ)
३. गंज =कलम कर्द आदि घुसारी राख्नाका निम्ति खुकुरीको दापमा जडिएको थपुवा खण्ड (पूर्णिमा १० पूर्णाङ्क ४८ पृष्ठ)
४. ज्येष्ठ शुदि ८ रोज ३ ज्येष्ठ १६ गते पर्छ ।
५. यी महन्त जयकृष्णदास मटियानीका हुन् । जनकपुर जानकीमन्दिरका महन्तहरू महन्त्याइँ-विषयमा झगडा पर्दा यिनै जयकृष्णदासकहाँ न्याय माग्न गएका थिए । श्री ५ रणबहादुर शाहले वि. सं. १८४४ मा जयकृष्णदासको न्याय थामी ती महन्तहरूलाई लालमोहर गरिदिएका थिए। (पुरातत्त्वपत्रसंग्रह दोस्रो भाग २९ पृष्ठ)
६. यी काजी अभिमानसिंह शिवरामसिंह बस्नेतका साहिंला छोरा हुन् । यिनको जन्म वि. सं. १८०१ फाल्गुन १४ गते भएको हो ।




अभिमान बस्न्यात १६६६ फागुन १४ गते जन्म
(दैवज्ञशिरोमणि लक्ष्मीपतिको परम्पराको टिपोटबाट)

साँगाचोकको लडाइँमा शिवरामसिंहको मृत्यु भएपछि पृथ्वी-नारायण शाहले उनका छोराहरूको पालनपोषण गरेका थिए । यी अभिमानसिंहले पूर्व चौदण्डी तथा बिजयपुरविजयमा विशेष काम गरेका थिए ।

वि.सं. १८५७ आषाढसम्म अभिमानसिंह बस्नेतको उल्लेख पाइन्छ। (पृथ्वीनारायण शाहको उपदेश ९१४–१९,१०४२–४६, १०८४–८५,११५८–६१ पृष्ठ)

हस्ते कोचिन[१] थान … … … … … २
सुर्माइ[२] रंग षत्ति थान… … … … … १
[३]जर्द षत्ति थान… … … … … … १
सर्कारका इलाजके[४] हस्ते दलवार निसोथ[५] तोला… … ७

जेष्ठशुदि ६ रो ४ के[६]

आमदनि … … … …
… … … … … …

षर्च … … … …
श्री चिनवादसाहका[७] चिठिमा सुनौला लेखनाके हस्ते
धोकल प्रमांगि काजि त्रिभुवन लेषन्या सुनमासा… … ३।२

हजुरका इलाजके हस्ते धोकल निसोथ तोला … … ३
ऐजनके हस्ते राधमलभ वैद्य[८] वंसलोचन मासा सात … ७
श्री जेठिमैयासाहेवका इलाजके हस्ते जायफर वंसलोचन मासा… ५

जेष्ठशुदि १३ रो १ के[९]

आमदनि… … … …
… … … … … …

षर्च … …
सर्कारका इलाजके हस्ते वल्लभ वैद्य[१०] निसोथ तोला… … १०

---

१. कोचिन=कपडा विशेष ।
२. सुर्माइ=नीलो रंग ।
३. जर्द=सुर्ती रंग ।
४. इलाज=रोग निको पार्ने उपचार ।
५. निसोथ=दिसा खलास गर्ने जरा औषधि (यहाँ परेका औषधिको अर्थ वैद्य दिव्यवज्र वज्राचार्यले गरिदिनुभएको हो ।)
६. ज्येष्ठशुदि ९ रोज ४ ज्येष्ठ १७ गते पर्छ ।
७. यस बेला चीनका बादशाह काओत्सुङ (चइन्लुङ) थिए। (मार्गरेट डब्ल्यू. फिसर र लिओ इ. रोज्को इङ्गल्यान्ड इण्डिया नेपाल टिबेट, चाइनाका १–३ पृष्ठ) ।
८. यी वैद्य राधावल्लभ राजदरबारका बैद्य थिए भन्ने कुरा वि. सं. १८५५ को पत्रबाट पनि थाहा पाइन्छ । (श्री ५ रणबहादुर शाहको १२६ पृष्ठ)
९. ज्येष्ठशुदि १३ रोज १ ज्येष्ठ २१ गते पर्छ ।
१०. यी बैद्य वल्लभ जोशी निकै पहिलेदेखि राजदरबारका बैद्य थिए । वि. सं. १८३४ को पत्रमा "वैद्य वल्लभ जैसि जांछन् पुगनन् इलाज गराव" भन्ने उल्लेख परेको छ । (पूर्णिमा १७ पूर्णाङ्कको ३९ पृष्ठ)

आषाडवदि १ रो ४ के[1]

आमदनि··· ··· ··· ···

··· ··· ··· ··· ···

षर्च ··· ··· ··· ···

दाषिल हजुर हस्ते दसरथ षवास् मुजुरपंषि पंषा··· ··· १

आषाडवदि ७रो ३ के[2]

आमदनि··· ··· ··· ··· ···

··· ··· ··· ··· ··· ···

षर्च··· ··· ··· ··· ··· ···

सर्कारका इलाजके हस्ते राधावल्लभ वैद्य विधारा[3] तोला ··· ३०

भिञ्यानि नानिके हजुरबाट बकस हस्ते रामरुद्र चिनिया

कटौरा··· ··· ··· ··· ··· ··· ··· १

आषाड वदि ८ रो ५ के[4]

आमदनि··· ··· ··· ··· ···

··· ··· ··· ··· ··· ···

षर्च··· ··· ··· ··· ··· ···

चिनबादसाह कन चिठि लेषन्या कागतमा लाउनाके हस्ते

त्रिभुवन् काजि लेषन्या सुन मासा··· ··· ··· ··· २

लासाका अंबालाइ[5] चिठि पठाउदाके हस्ते नरसिं काजि षाता··· १

आषाडवदि ११ रो ७ के[6]

आमदनि··· ··· ··· ··· ···

··· ··· ··· ··· ··· ···

षर्च ··· ··· ··· ··· ···

लासा बश्न्या अंबा केरु आउदा सौगात पठायाको हस्ते

माधौ साहि मछिन्द्र षवास्

केसर तोला··· ··· ··· ··· ··· ··· १०

जायफला गोटा··· ··· ··· ··· ··· ··· ५०

अमोठ[7] धार्नि ··· ··· ··· ··· ··· १

---

१. आषाढवदि १ रोज ४ ज्येष्ठ २४ गते पर्छ । २. आषाढवदि ७ रोज ३ ज्येष्ठ ३० गते पर्छ ।
३. विधारा=विदाले गानु, तागतको औषधि । ४. आषाढवदि ९ रोज ५ ज्येष्ठ ३२ गते पर्छ ।
५. अम्बा=चीनका राजदूत । ६. आषाढवदि ११ रोज ७ आषाढ २ गते पर्छ ।
७. अमोठ=पाकेको आँप निचोरेर सुकाएको पाप्रो, आँपको माडा ।

हजूर्मा नजर गराउन लैजादा हजुरैमा रह्याको
जायफल गोटा··· ··· ··· ··· ··· ··· २
दाषिल हजुर हस्ते गजबिर षवास चिनिया
कटौरा··· ··· ··· ··· ··· ··· ··· १
चिनबादसाहके सौगात पठाउनाके हस्ते काजि
अभिमानसिं षजांचि श्रीकांत उपाध्या··· ···
जर्दमा लालबुटादार मिहि बनात[1] बस्ता[2]··· ··· ··· १
लाल सुलतानि टवन बनात बस्ता··· ··· ··· ··· १
जर्मुदिरंग सुलतानि बनात बस्ता··· ··· ··· ··· २
लालनिम सुलतानि बनात बस्ता··· ··· ··· ··· १
कलेजि रंगको सुलतानि बनात बस्ता ··· ··· ··· १
पेस्ताइ रंगको सुलतानि बनात बस्ता ··· ··· ··· १
कोथि[3] कबुजा[4] सुनौला लयसको[5] दुवाल भयाको
[6]मिश्रि तरवार··· ··· ··· ··· ··· १
पट्टावाल[7] तरवार ··· ··· ··· ··· ··· १
माहि दंदानको दिस्ता सुनौला तारकसिंकाम भयाको
वंद समेतको पेसकबुज··· ··· ··· ··· ··· २
सबुज[8] रंगको सुलतानि बनात बस्ता ··· ··· १
जालिदार वंदरि छिट थान ··· ··· ··· ६

*आषाडवदि १२ रो १ के*[9]

आमदनि ··· ··· ··· ···
··· ··· ··· ··· ··· ···
षर्च ··· ··· ··· ··· ···

---

१. बनात=बाक्लो उनी कपडा
२. बस्ता=पुस्तक वहीखाता आदि बाँध्ने वा बेर्ने कपडा
३. कोथी=तरवारको म्यान वा खुकुरीको दापका टुप्पामा जडिने धातुका बुट्टादार वा सादा वस्तु
४. कबुजा=तरवार समात्ने ठाउँ
५. लयस=रेसमको फित्ता
६. मिश्रि तरवार=मिश्रदेशको तरवार
७. पट्टावाल=तरवारको खोल म्यानसहितको
८. सबुज=हरियो रंग
९. आषाढवदि १२ रोज १ आषाढ ३ गते पर्छ ।

श्रीसाहेवनिका हजुर गयाको हस्ते कपर्दार भोटु पाडे[१]
चक्कु··· ··· ··· ··· ··· ··· ··· २

आषाडशुदि ६ रो २ के[२]

आमदनि··· ··· ··· ··· ···
··· ··· ··· ··· ··· ···

षर्च··· ··· ··· ··· ···
दफे श्रीबादसाहलाइ लेषन्या चिठिमा सुन लाउनाकन
हस्ते धोकल लेषन्या सुन मासा··· ··· ··· ··· ३

आषाडशुदि ७ रो ३ के

आमदनि··· ··· ··· ··· ···
··· ··· ··· ··· ··· ···

षर्च··· ··· ··· ··· ··· ··· ···
श्रीहजुरबाट बकस हस्ते कदमसि चस्मा··· ··· ··· २
लछिमिनारां षर्दारके··· ··· ··· ··· ···१
मधेस्या चित्रकारिके··· ··· ··· ···१
सर्कारका इलाजके हस्ते चामु बिधारा तोला ··· ··· ५

आषाड़शुदि ९ रो ५ के[४]

आमदनि··· ··· ··· ··· ···
··· ··· ··· ··· ··· ···

षर्च··· ··· ··· ··· ··· ···
सुब्बा अमरसिं थापा[५] छेउ षालि लिफाफा[६]मा मोहोर
गरि पठाउके हस्ते काजि अभिमानसिं सुनौला कागत
वंद··· ··· ··· ··· ··· ··· ··· २

---

१. यी कपर्दार भोटु पांडेलाई वि. सं. १८५९ मा श्री५गीर्वाणयुद्धविक्रम शाहले कपर्दारी रकमको धेरै अधिकार दिएका थिए। (इतिहासप्रकाश १ अङ्कको १५० पृष्ठ) । यी भोटु पाँडे तुलाराम पाँडेका छोरा हुन् (पूर्णिमा २ पूर्णाङ्कको ३८ पृष्ठ)
२. आषाढशुदि ६ रोज २ आषाढ ११ गते पर्छ।
३. आषाढशुदि ७ रोज ३ आषाढ १२ गते पर्छ।
४. आषाढशुदि ९ रोज ५ आषाढ १४ गते पर्छ।
५. यी अमरसिंह थापा भीमसेन थापाका बाबु हुन् (पूर्णिमा १२ अङ्कको ४९ पृष्ठ)। यिनको परिचय पूर्णिमा ६ पूर्णाङ्कको ६८ पृष्ठमा छापिएको छ ।
६. लिफाफा=चिठी हाल्ने खाम

आषाडशुदि ११ रो १ के

आमदनि··· ··· ··· ··· ···
··· ··· ··· ··· ··· ···

षर्च··· ··· ··· ··· ··· ···
भटियानिका महंत वनमालिदासके सिरोपाउ गयाको
हस्ते काजि अभिमानसि, दीनानाथ उपाध्या जरिको
पोसाक··· ··· ··· ··· ···
जरिका षिरा··· ··· ··· ··· ··· ··· १
वादलाको जामा ··· ··· ··· ··· ··· १
जरिको पटुका··· ··· ··· ··· ··· ··· १
गोसवारा ··· ··· ··· ··· ··· ··· १
सिरपेच··· ··· ··· ··· ··· ··· ··· १
सफेद साल फर्द ··· ··· ··· ··· ··· २
गंजिद्र लमजुंबाट आयापछि आमदनि षर्च भयाको···
··· ··· ··· ··· ··· ···

आषाड़शुदि ११ रो १ के[1]

आमदनि··· ··· ··· ··· ···
··· ··· ··· ··· ··· ···
षर्च ··· ··· ··· ··· ··· ··· ···
भित्र हजुरमांको संदुकमा राषनाके हस्ते हेमंत षस्मा ··· १

श्रावनवदि ३ रो ७ के

आमदनि ··· ··· ··· ··· ··· ···
··· ··· ··· ··· ··· ··· ···
षर्च ··· ··· ··· ··· ··· ···
लासाका अंबाका चिठि बेह्नि पठाउनाके हस्ते नरसिं काजि
षाता··· ··· ··· ··· ··· ··· ··· १

श्रावनवदि ४ रो १ के[3]

आमदनि··· ··· ··· ··· ··· ···

---

१. आषाढशुदि ११ का दिन रोज ७ आषाढ १६ गते पर्छ । यहाँ गलतीले रोज १ लेखिएको बुझिन्छ ।

२. श्रावणवदि ३ का दिन रोज १ आषाढ २४ गते पर्छ । यहाँ गलतीले रोज ७ लेखिएको बुझिन्छ ।

३. श्रावणवदि ४ का दिन रोज २ आषाढ २५ गते पर्छ । यहाँ गलतीले रोज १ लेखिएको बुझिन्छ ।

रघुनाथ पाडे पटनाबाट आउदा चह्लायाको चिनिया
कटौरा साना ठूला ... ... ... ... ... ...७
षर्च... ... ... ... ... ...
माधौ साहि जेठा बुढा चिन जादाको पोसाकके हस्ते
काजि अभिमानसिं षजांचि श्रीकांत पाध्या चिर ।
पगरि थान् ... ... ... ... ... ... ...१

श्रावनवदि १२ रो २ के[1]

आमदनि... ... ... ... ...
... ... ... ... ... ... ...
षर्च... ... ... ... ... ...
वुदेलषंडका मर्दानसाह राजाकन चिठि लेषनाके
हस्ते वलभद्र पंडित् सुनौ कागत बंद ... ... ... ...१
माधौ साही जेठा बुढा चिन जादा बकस हस्ते अभि-
मानसिं काजि पहेलो बिजुलिवाल कोचिनको बषु... ... ...१

श्रावनवदि ३० रो ५ के[2]

आमदनि... ... ... ... ...
... ... ... ... ... ... ...
षर्च... ... ... ... ... ...
दफे चिन बादसाहकन चिठि लेषदा चिठिमा सुनौला
गर्नाके हस्ते धोकल लेषन्या सुन मासा ... ... ... ...३

श्रावनशुदि १ रो ६ के[3]

आमदनि... ... ... ... ... ...
... ... ... ... ... ... ...
षर्च... ... ... ... ... ...
ठुलो भैरव ढालदा सुन किनाकन कपर्दार भोटु पाडेले
लै गयाको महिंद्रमलि रुपैया चार हजार डेढ रुपैया... ४००१॥

---

१. श्रावणवदि १२ रोज २ श्रावण १ गते पर्छ ।

२. श्रावणवदि ३० रोज ५ श्रावण ४ गते पर्छ ।

३. श्रावणशुदि १ रोज ६ श्रावण ५ गते पर्छ ।

श्रावनशुदि ४ रो २ के[1]

**आमदनि**··· ··· ··· ··· ··· ···
··· ··· ··· ··· ··· ··· ···

**षर्च**··· ··· ··· ··· ··· ···
**लषनौका नवाव, कलकत्ताका बडासाहेव[2] डंकिन साहेव[3]**
**चेरि साहेव, नसरुद्दिषांकन[4] षत लेषनाक हस्ते मुनसि**
**सुनौला कागत बंद**··· ··· ··· ··· ··· ···४
**रुपैला[5] कागत** ··· ··· ··· ··· ··· ···१

यहाँ राजदरबारको एक विभागको वैशाखदेखि श्रावणसम्म चार महीनाको आम्दानी खर्चको विवरण परेको छ । प्रामाणिक कागत हुँदा तात्कालिक राजकाज आर्थिक कुरा र अरू लौकिक कुरा बुझ्न यताबाट केही मद्दत पाइन्छ ।

चीन, भोट, धर्मा (भूटान) तथा भारतका अवधका नवाब, कलकत्ताका गभर्नर जनरल, बुडेलखण्डका राजा आदिसंग यस बेला नेपालसरकारको बराबर पत्रव्यवहार भइरहन्थ्यो भन्ने यो कागतबाट बुझिन्छ । पत्र पठाउंदा हैसियतअनुसार पठाइँदो रहेछ । चीनका बादशाहको सन्मानको लागि सुनौला कागतमा चिठी लेखिंदो रहेछ । यसरी चीनबादशाहलाई एउटा पत्र पठाउँदा दुइ तीन मासासम्म सुन खर्च हुंदो रहेछ । यसै गरी अरू शासकलाई पत्र लेख्दा पनि सुनौला कागत विशेष मात्रामा प्रयोग गरिन्थ्यो भन्ने यताबाट बुझिन्छ ।

ल्हासामा बसेका चिनिया दूत अम्बाहरू कुराकानी गर्न नेपालको सीमानामा आउँदा उनलाई यताबाट सौगात जाँदो रहेछ । सौगातको रूपमा पठाइएका चीजको उल्लेख पनि यसमा परेको छ तथा चीनबादशाहकहाँ पठाइएको सौगातका चीजबीजको उल्लेख पनि यहाँ परेको छ ।

वि. सं. १८५२ का राजाका विश्वासपात्र ठूलठूला भारदारबारे पनि यताबाट केही बुझिन्छ । 'त्रिभुवनको प्रमागी' भन्ने वाक्य यहाँ परेको छ । यसबाट काजी त्रिभुवन प्रधान यस बेला शक्तिशाली थिए भन्ने बुझिन्छ । यसै गरी नरसिंह गुरुङ, अभिमानसिंह बस्नेत, खजांची श्रीकान्त उपाध्याय, अमरसिंह थापा, माधौ साही आदिको उल्लेख यसमा भएको छ ।

---

१. श्रावण शुदि ४ रोज २ श्रावण ८ गते पर्छ ।
२. यस बेला बडा साहेब (गभर्नर जनरल) जॉन शोर थिए । (रमेशचन्द्र मजुमदार हेमचन्द्र रायचौधुरी कालिकिंकर दत्तको 'भारतका बृहत् इतिहास'को तेश्रो भागको ४८२ पृ.)
३. यस ताका काशीमा राखिएका अंग्रेज दूत जोनाथन डङ्कन यी हुन् । (पूर्णिमा १२ पूर्णाङ्कको ४६ पृ.)
४. लखनौका यस बेलाका नवाफ आसफुद्दौलाका दाजु सआदत अलीका नाति यी हुन् ? यिनी पछि वि. सं. १८८४ देखि १८९४ सम्म नवाब भएका थिए । 'भारतका बृहत् इतिहास'को तेस्रो भागको ४४०–४१ पृष्ठ)
५. रुपैला=चाँदीका रङ्गको, सेतो ।

यस वेला श्री ५ रणबहादुर शाहको स्वास्थ्य ठीक नभएको कुरा यस कागतबाट बुझिन्छ । उनको उपचारको लागिको औषधिको उल्लेख पनि यसमा परेको छ । आयुर्वेदीय औषधिको प्रयोग त्यस वेला हुन्थ्यो । त्यस वेला वैद्य वल्लभ जोशी र राधावल्लभ थिए भन्ने यसबाट बुझिन्छ[1] । यस ताका रणबहादुर शाहको स्वास्थ्य अलि ठीक थिएन भन्ने कुरा तात्कालिक अरू पत्रबाट पनि बुझिन्छ[2] ।

हनूमान्ढोकाको ठूलो घण्टाको सामुन्ने ठूलो सेता भैरव (शरभमुख) भैरव वि. सं. १८५२ मा रणबहादुर शाहले बनाउन लाएका हुन् । यो कुरा सो भैरवको घाँटीमा कुँदिएको अभिलेखबाट थाहा पाइन्छ[3] । सो भैरव बनाउँदा ४००० जतिको सुन खर्च भएको थियो भन्ने यस कागतबाट थाहा पाइन्छ ।

भूतप्रेतको लागोभागोबाट बच्न यी भैरवको स्थापना गरिएको हो भन्ने उल्लेख सुन्दरानन्दले

---

१. वि. सं. १८५५ को ताम्रपत्रमा राजदरबारका वैद्यहरूको उल्लेख यसरी गरिएको छ–

**'वल्लभ वैद्य जग्यवल्लभ वैद्य राधावल्लभ वैद्य एकदैव वैद्य झिलिझंकार वैद्य साढ्या वैद्य मिल्मा वैद्य ज्ञानन्द वैद्यले व्यहान वेलुका रोजिन्ना २ बेर सब परियारका नाडी हेरि संच विसंचको विचार गरि वेथा अँसारको औषधि शास्त्र हेरि ठहराइ बनाइ टक्राउनु भान्सा कोट भंडारमा सुसाऱ्या केटाहरूलाइ पनि जिउनारलाई एस्तो चिज टक्याउनु भनि उर्दि दिनु"**

(श्री ५ रणबहादुर शाहको १२६ पृष्ठ)

२. यस ताका भोटमा रहेका अम्बाले पठाएको पत्रमा रणबहादुर शाह बिरामी भएको चर्चा परेको छ—

**..."उप्रांत अरितदेषि आफु वाङको विसन्च वात वेथाले घुंडा बहुतै दुषतछ भन्दा सुन्यौ र संदेह थियो, आजसम संच विसंच भयाको केही थाहा पाइन. निको भयो. भयेन तस्का उतरा जरताको तस्तो लेखि पठायाको भया हामि हुकुम अम्बाको मनमा षातिरजामा होला" मार्गसिरशुदि ५ रोज ४"** ❁...

**...आपना चिठिमा लेष्याको शरिर्मा विसंचका कुरोलाई अवत निको हुन्दै आयो भन्दा सुनि हामि हुकुम अम्बा २ को मन्मा बहुतै हूर्ष लाग्या अझ पनि आपना क्षेम शरिरको बहुतै संभार गर्नुहोला...**

(श्री ५ रणबहादुर शाहको १०९–१११ पृष्ठ)

३. **स्वस्ति श्रीसंवत् १८५२ साल भाद्रशुक्लपक्ष द्वादश्यां तिथौ शुक्रवारे धनिष्ठानक्षत्रे धृतियोगे एतस्मिन् दिने भैरवमूर्तिनिर्माणपूर्वकं प्रतिष्ठा विहिता श्रीरणबहादूरभट्टारकेणेति शाके १७१७ शुभम्**

[त्रिरत्नसौन्दर्यगाथा १४८ पृष्ठ]

---

❁ मार्गशुदि ५ रोज ४ वि. सं. १८५२ पौष ४ गते पर्छ ।

गरेका छन्[1] । भूत प्रेतको लागोबाट रोग लाग्छ भन्ने त्यस वेलाको लोकधारणा थियो । यताकोबाट यी भरव स्थापना रणबहादुर शाहको रोगशान्तिको लागि ग.रएको थियो कि भन्ने आभास पाइन्छ ।

इत्यादि निकै तात्कालिक कुरालाई फाटफुट रूपमा यस कागतले देखाएको छ । यस कारण यस्ता कागत नष्ट हुनाबाट जोगाउन हामीले सावधान रहनुपर्छ ।

– ६ –

(क्रमागत)

# वीर भक्ति थापा

*—महेशराज पन्त*

नयनसिंह थापा काँगडाको लडाईंमा परे भन्ने खबर काठमाडौंमा आइपुगेपछि सुब्बा रुद्रवीर शाह र काजी दलभञ्जन पाँडेको मातहतमा काँगडामा थप फौज पठाइयो । यो फौज काँगडामा पुगेपछि काजी अमरसिंह थापाले घेरा झन् झन् कस्दै ल्याएकाले कोटकाँगडाभित्र बसेका संसारचन्दलाई रसदको खूप सकस पर्न गयो । यसपछि दून (शतरुद्राको पश्चिमा प्रदेश)मा आई संसारचन्दले रुद्रवीर शाह र दलभञ्जन पाँडेसँग भेट गरेर आफ्नी छोरी र पाँच लाख रुपियाँ नेपालका महाराजाधिराजलाई चढाई सन्धि गर्ने प्रस्ताव राखे ।

यस ताका नेपालसँग बाउँटिई गुलेरले नेपालको विरोध गर्न लागेकोले नेपालको पक्ष केही कमजोर हुन गएको थियो । यसैले संसारचन्दले राखेको प्रस्ताव अमरसिंह थापाको मनले खाएकोले उनले यो कुरा काठमाडौंमा लेखी पठाएका थिए । तर यसै समय गुलेरका मन्त्री ध्यानसिंहलाई नेपाली सैन्यले पक्री गुलेरको सेखी झार्न सकेकोले अमरसिंह थापाको सम्पूर्ण काँगडा नै विजय गर्न सक्ने आँट बढ्न गयो र उनले यही छाँटको कुरा काठमाडौंमा लेखी

१. श्रीरणबहादूर साहबाट स्वाराट्तुष्टचें भन्नु इंद्रयात्राको शोभा बढाउनानिमित्त मत्स्य मांस मदिरा मुद्रा मैथुन मकारपंचका आत्नो रगत षान्या भयंकर रूप पनि नहुन्या सौम्यरूप पनि नहुन्या एस्ता मध्यमरूपका सुवर्णका शरभमुखनामा भैरवकन निर्माण गर्दा भया. आफ्ना अमल्विषेका मज्जा मेद बोसो रगत आं.. मासु इत्यादि षान्या प्राणीका जीउमा दुःख दिन्या डाकिनी शाकिनी भूतिनी पिशाचीहरूका मुक्ति गर्नानिमित्त योगमूर्ति भयाका शरभमुख भैरव स्थापित गर्दा भया ॥८६॥

[त्रिरत्नसौन्दर्यगाथा १४८ पृष्ठ]

पठाए । उनले आफ्नो चिठीमा रुद्रवीर शाह र दलभञ्जन पाँडेलाई संसारचन्दले आफूपट्टि लहस्याएको कुराको सङ्केत पनि गरेका थिए । यसपछि काँगडासँग सन्धि नगरी काँगडा विजयै गर्ने ठहर काठमाडौंमा भयो र अमरसिंह थापालाई यो खबर पठाइयो । शत्रुसँग लहसिएका रुद्रवीर शाह र दलभञ्जन पाँडेलाई काँगडामा राखिछोड्नु मनासीब नठानी नेपालसर्कारले उनीहरूलाई काठमाडौंमा फिर्ता बोलायो र परशुरामको मातहतमा काँगडातिर वि. सं. १८६५ को उठानमा फौज पठायो[1] ।

१. कहे लोक सभि अपसोजमाहि ।।
नैर्नसिंह काजि बये प्रांन राजकाजमै ।।
(गई षवर नै)पाल इह कांतीपुर दरबार ।।
(नैर्नसिंह) काजी गिन्यो करी षूब तलबार ।।
प्रांन दये निज षेत नदी(यो) ।।
(षे)त दये अरि बस कर लीन्यो ।।
महाराज सुनि उत्तर दीनी ।।
जो इत कही सा ई उत कीनी ।।
नैर्नसिंह से वीर कहां अब ।।
जो मुष कहे करें साई सब ।।
सीस दयो पै बचन नहान्यो ।।
लड्यो कांगडा शत्रु सिहान्यो ।।
भीमसेन काजी कह्यो सुन्यो भूप मन लाय ।।
जैसे भैया हमरो पड्यो तह हौं लडूंगो जाय ।।
विदा सिघ्र दीजे प्रभु मोंही ।।
कारज सिद्ध श्रापको होही ।।
नेर्नसिहको पुंनहि जाग्यो ।।
स्वामिकाजमै जो सिर लाग्यो ।।
भीमसेन सौं कहत प्रभु तुमरो हमै विश्वास ।।
जो तुम जावो जंगमै कौन हमारे पास ।।
अमरसिंह काजी तब बोले ।।
वचन सुधारस मधुर हि षोले ।।
महाराज मम देहो विदाई ।।
भीमसेनको राषो सरनाई ।।
नैर्नसिंह हमरो सुत ज्ञानी ।।
स्वामिकाज सिर दीयो पेछानी ।।
सो सिगरे जंगमै जस गायो ।

हमसौ काज न कछु सरि आयो ।।
ऐसे भाग कहाँ हम पावैं ।।
जो प्रभु काजमैं सीस लगावैं ।।
ताते सिघ्र विदा मम दीजै ।।
इहै कृपा प्रभु मोपै कीजै ।।
महाराज सुनि अरज इह कहे वचन शुभ दोय ।।
चन्दननिकट जो द्रुम उघै सोवी चन्दन होय ।।
अमरसिंह तुम हमरो हो जिनको सुत सज्ञान ।।
राजकाजमैं सिर दयो राषी निज कुल कांन ।।
तुम विन इत कैसैं निभै तुमरे सिर सव भार ।।
निमकहलाली मैं रहो निसिदिन ही दरवार ।।
रुद्रवीर तव चौंतरा दीने सिघ्र पठाय ।।
दलभंजन काजीसहित चले कागडा धाय ।।
नई ववर संसारमैं सुनी चंद संसार ।।
चन्द मंव मन कुंद ह्वै लाग्यो करन विचार ।।
रुद्रवीर वहुधीर मिल लयो काँगडा घेर ।।
दलभंजन निस वासरैं फिरत रहैं चहुंफेर ।।
चन्द्रग्रहण निसजौं लगे वासरमैं रवि राह ।।
फिरै तिलंगि निसंक ही चारौतरफ अथाह ।।
देषि पेषि संसारकौं भयो महाभय त्रास ।।
मिल्यो जवैं संसार ही चंद चौतारा पास ।।
पाच लाष धन पुत्रिका कीन्यो आइ कबूल ।।
किला देहो मम छाडिकै देहुं मुलकमा सूल ।।।
इहै तंत्र मिल मंत्र सव भेज्यो लिषि. दरवार ।।
महाराज मानी नही भेजे भारादार ।।
परशुराम भय खवली भेजे पैसटमांहि ।।

(गीर्वाणयुद्धप्रकाशबाट)

[सबै मानिसहरूले नयनसिंह काजीले राजाको काममा प्राण दिए भनी अपशोच मानेर भने । खूप लडेर नयनसिंह काजी पछारिनुभयो; (उहाँले) प्राण दिनुभयो, तर (आफ्नो) भूमि छोड्नुभएन; (उहाँले) शत्रुलाई खेदेर जस पाउनुभयो भन्ने यो खबर नेपाल कान्तिपुर दर्बारमा गयो ।

(यो खबर) सुनेपछि (उसले) यहाँ जे भनेका थियो, उता त्यही गरे; आफूले बोलेको कुरा पूरा गर्ने नयनसिंहभन्दा बीर अब कहाँ छ; (उसले) टाउको कटायो, तर वचन हारेन; काँगडामा लडेर शत्रु··· ··· ···भनी महाराजबाट हुकूम भयो ।

जसरी मेरो भाइ पछारियो, म त्यहाँ गएर लड्छु; हे प्रभु ! मलाई चाँडै बिदा बक्स्योस्; हजुरको काम चाँडै सिद्ध हुन्छ; नयनसिंहको पुण्य जागेकोले उसले मालिकको काममा टाउको खपाउन पायो भनी भीमसेन काजीले भन्नुभयो । महाराजबाट मन लाएर सुनिबक्स्यो । तिमी-उपर हाम्रो विश्वास छ; तिमी लडाइँमा गयौ भने हाम्रो हजुरमा को बस्छ भनी महाराजबाट हुकूम भयो ।

अनि अमरसिंह काजी (भीमसेन थापाका बाबु)ले बोल्नुभय। । उहाँको कुरागराइ अमृत जस्तो थियो । महाराज ! मलाई बिदा बक्स्योस्; भीमसेनको शरण लिइबक्योस्; मेरो ज्ञानी छोरो नयनसिंहले मालिकको काममा टाउको खपायो; त्यो बच्चाले लडाइँमा जस पायो; मबाट (त्यो) बराबरको केही काम हुन सकेन; मालिकको काममा टाउको खपाउने यस्तो भाग्य म कहाँ पाऊँ; त्यस कारण मलाई चाँडै बिदा बक्स्योस् भनी अमरसिंहले बिन्ती गरेको सुनी महाराजबाट चन्दनको रूखको नजीकै जुन रूख उम्रन्छ, त्यो पनि चन्दनै हुन्छ; हे अमरसिंह ! तिमी हाम्रा (मान्छे) ह्वौ; तिम्रा ज्ञानी छोराले आफ्नो कुल···राखी राजाको काममा टाउको खपायो; तिमीविना यता(को काम) कसरी चल्ला; सबै बोझ तिम्रो टाउकोमा छ; नूनको सोझो गरी तिमी रातदिन दर्बारमै बसिरहू भनी दुइटा असल कुरा हुकूम भयो ।

अनि (महाराजबाट) रुद्रवीर चौतारालाई पठाइबक्स्यो । दलभञ्जन काजीसमेत भई (उहाँ) काँगडामा धाएर आउनुभयो ।

संसार (आफू) उपर नयाँ सिंहले जाइलाग्न आँटेको सुनेर मूर्ख संसारचन्दले मनमनै कुँडिई विचार गर्न लागे । अतिधीर रुद्रवीर काँगडा घेर्न आउँदा, दलभञ्जन रातदिन (किल्लाको) चारैतिर घुमिरहँदा रातमा चन्द्रग्रहण, दिनमा सूर्यग्रहण लागे जस्तो भयो ।

प्रशस्त तिलंगाहरू निःशङ्क भई चारैतिर घुमिरहेको देखेर संसारचन्दलाई खूप डर लाग्यो । अनि चौतारा (रुद्रवीर)कहाँ आई संसारचन्दले भेट गरे । मेरो किल्ला छाडिदिनुहोस्; म मुलुकको कर दिन्छु; (नेपालका राजालाई)पाँच लाख रुपियाँ र छोरी (चढाउँछु भनी संसारचन्दले त्यहाँ) आई कबूल गरे ।

सबै भारादारहरूले मिलेर सल्लाह गरी यो कुरा दर्बारमा लेखी पठाए । महाराजबाट (यो कुरा) नमानिबक्सेर भारादार पठाइबक्स्यो । (उहाँबाट) परशुराम भयखबलीलाई वि. सं. १८६५ मा पठाइबक्स्यो ।]

**नैनसिंह जब ही हते पाई फतह कटोच ॥**
**अमरसिंह काजी कियो हर्ष शोक ही सोच ॥**
**हर्ष इहै मनमांहिको कीन्यो ।**
**नैनसिंहने किला नछीन्यो ॥**
**इह जस जो अब हम ही पावैं ॥**

इक दिन किला इहैं जो छिनावैं ।।
शोक इहै कीन्यो मनमाहीं ।
गोत घाव लाग्यो तनमाहीं ।।
सोच भई जो नृप सुन पावैं ।
निमकहराम हमहिं ठहरावैं ।।
गई खबर नेपाल वह, कांतीपुर दरबार ।
नैनसिंह काजी गिन्यो, करी खूब तलबार ।।
प्राण दये पर खेत नछाड्यो ।
खेत दये अरि जस जग बाढ्यो ।।
महाराज सुनि उत्तर दीन्यो ।
जो इत कहि गयो सो उत कीन्यो ।।
नैनसिंहसे वीर कहाँ अब ।
जो मुख कहैं करै सोई सब ।।
सीस दियो पर पीठ नदीनी ।
निमकहलाली जगमहिं कीनी ।।
भीमसेन सेती कह्यो, महाराज भरि स्वास ।
जो तुम जाओ कांगडे, कौन हमारे पास ।।
तुमबिन इह कैसै निभै, तुमरे सिर सब भार ।।
निमक–हलालीमे रहो, निसिदिन ही दरबार ।।
रुद्रवीर चौतरिया आये ।
दलभंजन संगमा ही पठाये ।।
लियो कांगडा तिनहुं घिराई ।
चहूँतरफ फौज हि पिलाई ।।...
फिरैं तिलंगा चहुंतरफ, आठों जाम अथाह ।
देखि पेखि संसारकौं, भयो महाभय त्रास ।।
संसार तब ही मिल्यो आन दुहुनके पास ।
पांच लाख धन पुत्रिका कीनी आन कबूल ।।
किला कांगडासहित ही लेहो मुलक मसूल ।।
संसारचन्द्रने इह कही बैठ एकांतहिमाहिं ।।
दलभंजन पांडेहिसे और चौतरा ताहिं ।।...
संसारचन्द वहु घूस ही दीनी ।।
दलभजन चौतरिया लीनी ।।
किला छाडि मिलि बैठे दोई ।

करी हमारी सब ही खोई ।।
जो इह पलटि तहां को जावैं ।
किला कांगडा हमहुं छुटावैं ।।...
अमरसिंहने तंत्र इह लिखि भेज्यो दरवार ।
महाराजने सुनत ही भेज्यो भारादार ।।...
दलभंजन और चौतरा दोनो लये बुलाय ।।

(गढराजवंशको इतिहासबाट । राहुल सांकृत्यायनको
"गढवाल" का २१९-२१ पृष्ठबाट)

[कटोच जितेर नयनसिंह जब मारिनुभयो, अनि विचार गरेर (बूढा) अमरसिंह काजी खुशी पनि हुनुभयो, दिक्क पनि हुनुभयो । नयनसिंहले किल्ला जित्न सकेनन्; अब यो जस मै पाउँछु; एक दिन म यो किल्ला जित्नेछु भन्ने विचार गरी (अमरसिंह) खुशी हुनुभयो । शरीरमा गोत्रको घाउ लाग्यो; महाराजबाट (यो कुरा) सुनिबक्सेपछि मलाई निमकहराम ठहराइबक्सेला भन्ने चिन्ता गरी उहाँ दिक्क हुनुभयो । खूप लडेर नयनसिंह काजी पछारिए; उनले प्राण दिए, तर (आफ्नो) भूमि छोडेनन्, शत्रुलाई मारेकोले पृथ्वीमा (उनको) जस बढ्यो भन्ने यो खबर नेपाल कान्तिपुर दर्बारमा गयो ।

यो खबर सुनेपछि यहाँ जे भनेर गएको थियो, (उसले) उता त्यही गऱ्यो, आफूले बालेको पूरा गर्ने नयनसिंहभन्दा वीर अब कहाँ छ; (उसले) टाउको कटायो, तर पीठ फर्काएन; (उसले) संसारमा नूनको सोझो गऱ्यो भनी महाराजबाट हुकूम भयो ।

तिमी काँगडामा गयौ भने हाम्रो हजूरमा को बस्छ; तिमीबिना यता (को काम) कसरी चल्ला; सबै बोझ तिम्रो टाउकोमा छ; नूनको सोझो गरी तिमी रातदिन दर्बारमै बसिरहू भनी लामो सास फेरेर महाराजबाट भीमसेनसँग हुकूम भयो ।

रुद्रवीर चौतरिया आउनुभयो । दलभञ्जन सँगै पठाइनुभयो । उहाँहरूले काँगडा घेर्नुभयो । फौजले चारैतर्फबाट पेल्यो । असङ्ख्य तिलङ्गाहरू चारैतिर आठै प्रहर घुम्न लागे । यो देखी संसारचन्दलाई ठूला डर भयो । दूतनिर आएर संसारचन्दले भेट गरे । (उनले नेपालका राजालाई) पाँच लाख रुपियाँ र छोरी चढाउने कबूल गरे । किल्लाकाँगडासमेत मुलुकको कर लिनुहोस् भन्ने कुरा एकान्तमा बसेर संसारचन्दले दलभञ्जन पाँडेसँग गरे । चौतरिया त्यहीं हुनुहुन्थ्यो ।

संसारचन्दले धेरै घूस दिए; दलभञ्जनले र चौतरियाले लिनुभयो; दुवै जना मिलेर किल्ला छोडी बस्नुभयो, हाम्रो सबै गरे; (यिनीहरू) फर्केर त्यहाँ (काठमाडौंमा) गए भने हामी किल्लाकाँगडा छुटाउनेछौं (जित्नेछौं) भन्ने यो कुरा लेखी अमरसिंहले दर्बारमा पठाउनुभयो । महाराजबाट (यो कुरा) सुन्नेबित्तिकै भारादार पठाइबक्स्यो । दलभञ्जन र चौतरिया दुवै जना (फिर्ता) बोलाइनुभयो । ]

वि. सं. १८६५ को उठानमा श्रीमोरिया राजा कर्मप्रकाशले ठाना बारी फौज राखेकाले उनको सैनिक तयारी देखेर नेपाली भारादारहरू सशङ्क भए । यसैले काँगडाबाट सर्दार भक्ति थापाले कर्मप्रकाशको ठाना उठाउन भनी सुबेदार बाजवर्ण थापा र काल थापाको मातहतमा २ कम्पनी फौज श्रीमौरमा पठाए । त्यस फौजले कर्मप्रकाशलाई आसत्रास देखाई उनको ठाना उठाउन लायो । यसै ताका फेरि नेपालसँग मिली गुलेर राज्यले काँगडाको लडाइँमा नेपाललाई मदत गर्न थालेको थियो । संसारचन्द पनि सन्धि गर्ने प्रस्ताव राखी अमरसिंह थापाकहाँ आफ्ना दूत बराबर पठाउने गर्थे तापनि काँगडा नै जित्ने आँट गरी नेपाली पक्षले उनको प्रस्ताव स्वीकार गरेको थिएन ।

तलको चिठीबाट माथि लेखिएका कुरा थाहा पाइन्छन्—

(श्री ५ गीर्वाणको प्रशस्ति)

स्वस्तिश्रीराजभारसामरथ श्रीसरदार भगती थापाकै आसीकपूर्वकपत्रमीदम्

आहा कुसल. ताहा कुसल चाहिये. आगे आहाको समाचार भलो छ. उप्रान्त ताहाको मुहुडाको षबर तेरो अर्जी नआयाको धेर दीन भयो. क्या अर्थ हो. यताबाट वीदा गरी पठायाको सरदार सुबा सुबेदारहरू पनी सबै पुग्या हुन्. गुलेऱ्या पनी फेरी मीली सामील भै काजमा लागीरहेछ. सनसारचन पनी मीलापका कुरा ली मानिस यकतार पठाउछ भंन्या षबर आउदा मदत कतै

---

सर्दार चन्द्रवीर कवर वीरभद्र कवर सुबेदार हंसवीर खवासले पोखरा रिसिङका जम्मा कम्पनी ली तारागढीमा बस्याका थिया. किल्लावरिपरि घेरी पुराना गोरख वज्रबानियाँ नयाँ सबुज १५।१६ कम्पनी लिई सुबेदारहरू बस्याका थिया ।

यस्तै बीचमा शत्रुमर्दन कंपनी र गढ कुमाउमा जम्याका ५।७ कंपनी ली काजी दलभञ्जन पाँडे र सुबा रुद्रवीर साही पुग्या ।

ताहापछि काँगडाका राजा संसारचन्दले गोर्खा बडा राजा हुन् । मेरी मैया डोला पनि दिन्छु । साहेबज्यूलाई पनि नेपाल पठाउँछु । ९ लाख रुपियाँ पनि सलामी चढाउँछु । ताहाँपछि वर्ष १ को पाँच लाख दिन्छु । बाह्र हजार फौज पनि दिन्छु । गोर्खाका लस्कर गढमा जाई बस्न दिन्छु भनी धा माग्दा सोही विस्तारको अर्जी श्री ५ सर्कारका हजुरमा आउँदा मंत्री भीमसेन थापाले हजुरमाथि बिन्ती गरी बढिया भएछ, धा गर्नू भनी हुकुम जाँदा गुलेरका वजीर ध्यानसिंहलाई पक्री नेल हाल्दा काजी अमरसिंह थापासमेत अघि लाग्या भारादारहरूले डेढ महीनामा किल्ला सर गर्छौं, तिनसँग क्या धा चाहियो भन्या फेरि श्री ५ महाराज सरकारका हजुरमा अर्जी आउँदा किल्ला सर गर्न्या भया सर गर, धा क्या चाहियो, यो कुरा मुनासिब हो, तिमीहरू आओ भन्या रुद्रवीर शाहि काजी दलभञ्जन पाँडेलाईसमेत बोलाहट जाँदा उनीहरू नेपाल आया । धाको बन्दोबस्त भएन ।

(भाषावंशावलीबाट)

पायन. षजाना पनि ठहऱ्याको हर्वन. देसवासी सुबंदी सीपाहीको चीत्त धेरये हुदैन. सबै कुराले काकडाको अंत गल्याकै डवल बुझिछ. तनमन लाई काज गऱ्या पाचले जस पाउर्थछौं.

बाकी करमप्रकाशले ठाना वारी फौज राषता सुवेदार बाजवर्ण थापा काल थापासमेत २ कम्पनि पठाई आसतसार देषाउदा ठाना उठायो भनी तेरो अर्जी अघी आयाथ्यो. उ सुवेदारहरूले. थापा काजीप्रभृती भारादारहरूसीत कर्मप्रकासले गऱ्याको १ बोल्याको काम कुरा नाघी ३६०००। भेटी तीलक कपुर नाहान २ को घाट सौपी जमठा जैतक पलेटीमा उसका ठाना थामी पीछा ग(प)ऱ्याका भला मानिस पक्री स्व भयन. यसो कवल गरी दोसाला गैरह रुपीआसमेत षाई २ ताहा बस्न्या मारादारबाट अर्जि आयो. त्यो कुरा हाम्रा बिना हुकूम तैले अरायाको हो की सुवेदारहरूका आफ्ना आटले गऱ्याको हो. जस्ताको तस्तो बिंती गरी पठा. बाँकि ताहाको मुहुडाको षवर १०।११ दिनका बीचमा बिंति गरी पठाउदै रहन्या गर.

ईति सम्वत १८६५ साल आषाढ शुदी ७ रोज ५❁ मुकाम काठमाडौं शुभम्.

(इतिहास–प्रकाश १ अङ्कको १० पृष्ठबाट)

यसपछि वि. सं. १८६५ को हिउँदमा काठमाडौंबाट सर्दार वीरभद्र कवरको मातहतमा काँगडामा फौज पठाइयो । सो फौज वि. सं. १८६५ को चैतमा काँगडामा पुग्यो ❨ ।

(क्रमशः)

***

---

❁ वि. सं. १८६५ आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|
| असार | १९ | बृहस्पति | सप्तमी | ४३ | ५ | (पात्रोबाट) |

❨ वीरभद्र छासट हिकौं कह्यो जावो तुम तांहि ।।
वीरभद्र तुम वीर हो करो काज इह आज ।।
पश्चिम दिस सव कटक ले कह्यो जावो महाराज ।।
महाराज गीरवांणयुद्धविक्रमादि शां कही ।।
कुंवर वीरभद्र जावो कांगडा कटककही ।।
सपक्ष रक्ष कीजीयो जो धाम ग्राम जाचिकैं ।।
कूलिया कुचालि देस दुर्ग देहो नासिकैं ।।
श्रीनग्रमैं कवी हैं येक नेक रक्ष कीजियो ।।
ऐक मुद्रिका हमेस लालमौहर दीजियो ।।
भीमसेंन वीरनैं सुनी जवैं इहैं कही ।।
सिघ्रता लिषाय लालमौहर हाथमैं दई ।।
करि सलाम कौंर वीरभद्र सैंन साजिकैं ।।
पैंसटीके फागमैं श्रीनगृ आयो गाजिकैं ।।

कम्पनी अनेक संगमै वजंत्र वाजते ।।
बीचमै निसान तासमारफा हि गाजते ।।
पाग भाग कुरति लाल टोप सेली साजती ।।
हाथमै पथरकला वंदूक ही विराजती ।।
कियो प्रवेस वीरनै श्रीनगृ याहि भांतसैं ।।
सिघृता वला हमैं दई जो मौहर हातसैं ।।
अनेक भांतसौं कृपा तुमे जो भूपकी भई ।।
धांम ग्राम वाग ही जगीर थांम सव दई ।।
धंन धंन भूपती कहै सबै जो देष हैं ।।
धंन तात मात राज जह इहै विवेक हैं ।।
भये कवी सवी हि लोक जो विलोक आसमैं ।।
तु्ंम शत्रु छुद्र जे भये महासौं त्रासमैं ।।
रागरंग नित्यं फाग सहरमैं मिचाइयो ।।
अवीर औ गूलाल वीर वहोत ही उडाइयो ।।
मृदंग त्वंग षंजरी झंजाल वीन वाजती ।।
सरंगि हि सितार तार वंसुरी हि गाजती ।।
नचै नरी परी हि ज्यौं वारांगना हि रंगमै ।।
चीरआसपास वीर ही सबै तरंगमै ।।
महाराज गीरवाणजुद्धको प्रताप गावते ।।
कुवर कांन ध्यान धार चित्तमैं लडावते ।।
देत रोज मौज दर्व सर्व ही गुनीनकौं ।।
प्रसंन होयकै वुलाय देत विप्र दीनकौं ।।
येक वोर रागरंग येक वोर पंजनी ।।
करत हैं सभाईमध्ये नृत मृग्गषंजनी ।।
वीरभद्रको वतार कौंर वीरभद्र है ।।
राजकाजमै प्रवीन जंगजीत मर्द है ।।
याहि भांत फाग षेल पंजनी सबै करी ।।
चैत्रमै चलाय चित्त दिष्ट [illegible]मै धरी ।।
श्रीनग्र काज छीनकै जो पस्चिमैं सिधारियो ।।
कागडा कटोच संग जाय जंग मारियो ।।

(गीर्वाणयुद्धप्रकाशबाट)

[तिमी त्यहाँ जाऊ भनी (महाराजबाट) वीरभद्रलाई वि. सं. १८६६ मा❁ हुकूम भयो । वीरभद्र ! तिमी वीर छौ; यो काम आज गर; पश्चिम दिशामा लडाइँ गर्न जाऊ भनी महाराजबाट हुकूम भयो । ए वीरभद्र कवर ! काँगडामा लडाइँ गर्न जाऊ, ठाउँठहर जाँची आफ्ना पक्षका मान्छेको रक्षा गर; देशमा र किल्लामा रहेका विद्रोहीहरूलाई र बदमासहरूलाई सिद्ध्याइदेऊ; श्रीनगरमा एक जना असल कवि छन्; तिनको रक्षा गर; तिनलाई दिनकादिन एक रुपियाँ पाउने गरी लालमोहर गरिदेऊ भनी महाराज गीर्वाणयुद्धविक्रम शाहबाट हुकूम भयो । या कुरा सुन्नेबित्तिकै लालमोहर लेखाएर वीर भीमसेनले (वीरभद्रको) हातमा दिनुभयो । अनि सलाम गरेर फौज लिई वीरभद्र कवर वि. सं. १८६५ को फागुमा श्रीनगरमा गर्जेर आउनुभयो । बाजा बजाइरहेका, बीचमा निशान बोकेका, तासमारफा ? बजाइरहेका अनेक कम्पनी उहाँको साथमा थिए । पगरी, रातो कुर्ता लाएर, हातमा पत्थरकला बन्दूक लिएर वीरहरूले श्रीनगरमा प्रवेश गरे ।

वीरभद्रले मलाई (मोलारामलाई) उत्तिखेरै बोलाएर लालमोहर हातमा राखिदिनुभयो । तिमी-उपर अनेक प्रकारले महाराजको निगाह भयो; सबै घर जग्गा जमीन महाराजबाट थमिदिइबक्स्या; धन्य धन्य महाराज धन्य बाबुआमा जस्ता महाराज; उहाँको यस्तो विवेक छ भनी देख्ने जति सबैले भने ।

आस गरेर सबै जना मानिस कवि भए । कञ्जूस, शत्रु, क्षुद्रहरू खूप डराए । फागुमा रागरंग नाच सहरमा खूप भयो । अबीर र लोला खूप उडाइए । मृदङ्ग, त्वंग ? खैंजडी, झंजाल ? वीणा, सारंगी, सितार, करताल, बाँसुरी बजाइए । महाराज गीर्वाणयुद्धको प्रताप गाउँदै अप्सरा जस्ता नट्वीहरूले चीरको वरिपरि नाचे । वीरभद्र आदि सबै जना तरङ्गमा (बग्नुभयो) । (वीरभद्र) कवरले विचार गरेर सबै गुणी मानिसहरूलाई मोज गर्न दिनका दिन पैसा दिनुभयो । (उहाँले) खुशी भएर गरीब र बाहुनहरूलाई बोलाएर (दान) दिनुभयो । एकातिर रागरङ्ग र एकातिर पजनी (गरियो ।) मृगको जस्तो आँखा भएका नट्वीहरूले सभाको बीचमा नाचे ।

वीरभद्र कवर, वीरभद्रका अवतार हुनुहुन्छ । उहाँ राजकाजमा सिपालु, लडाइँ जित्ने, पुरुषार्थी हुनुहुन्छ । यसरी फागु खेलेर सबै पजनी गरी उहाँले चैतमा पश्चिम जाने विचार गर्नुभयो । श्रीनगरको काम छिनेर उहाँ पश्चिम जानुभयो । काँगडा कटोचमा गएर उहाँले लडाइँ जित्नुभयो । ]

❁ यहाँ कविले १८६६ मा वीरभद्र काँगडातिर खटिए भनी लेखेका छन् । तल गएर उनले १८६५ को फागुमा गढवालको राजधानी श्रीनगरमा वीरभद्र पुगे भनी लेखेकाले उनले यहाँ भ्रमवश १८६६ लेखेको देखिन्छ । यस कारण १८६६ को ठाउँमा १८६५ हुनुपर्छ ।

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका धार्मिक कृत्य

-*दिनेशराज पन्त*

तात्कालिक अरू पण्डितहरूभन्दा लक्ष्मीपतिमा अलिकता भिन्नता रहेको देखिन्छ । उनमा निराशावाद देखिदैंन[1] । उनी कर्मठ[2] र केही निश्चित विचारधारा भएका देखिन्छन्[3] । व्यवहारमा नआउने आदर्श कुरा गर्ने प्रवृत्ति लक्ष्मीपतिमा देखिएको छैन[4] । घरेलु सानसानो व्यवहारदेखि अरू काममा पनि उनको नीति प्रायः स्पष्ट देखिन्छ[5] ।

लक्ष्मीपतिले गरेका धार्मिक कृत्यहरूको विचार गर्दा पनि उनी अलि भिन्न प्रकृतिका देखिएका छन् । पशुपति, गुह्येश्वरी आदि प्रसिद्ध तीर्थस्थलमा शिवलिङ्गस्थापना, धारा, पाटीपौवा आदि बनाउनतिर नलागी काठमाडौंबाट ८ कोस जति पश्चिममा रहेको मान्खुमा[6] शिवलिङ्ग, धारा, पाटीपौवा आदि बनाउन उनी पुगेका छन् । लक्ष्मीपतिका जगाजमीनमा मान्खुको विशेष

---

१. पूर्णिमा ९ अङ्कका ३८–३९ पृष्ठ हेर्नुहोस् ।

२. इतिहास–संशोधनको प्रमाणप्रमेयको उपोद्घातका ८–९ पृष्ठ हेर्नुहोस् ।

३. पूर्णिमा १२ अङ्कको ७० पृष्ठ, इ. प्र. प्र को उपोद्घातको ९ पृष्ठ हेर्नुहोस् ।

४. यही निबन्धमा प्रकाशित अभिलेख हेर्नुहोस् ।

५. पूर्णिमा ११ अङ्कका ४३–४४ पृ., १२ अङ्कको ६२ पृष्ठ हेर्नुहोस् ।

६. मान्खु (भिर्पानी) आजकाल धादिङ विकास जिल्लामा पर्छ । तर त्यस वेला मान्खु लामीडाँडा जिल्लाभित्र पर्दथ्यो भन्ने कुरा तल उद्धृत २ पत्रबाट बुझिन्छ—

(१) **स्वस्तिश्रीसम्वत् १८४४ साल कार्तिक शुदि ३ रोज २❥ तह्निे लक्ष्मीपति पाँडेलाइ जयमंगल पाँडेले लामाडाँडाका भिर्पानिको वृत्ता छविस माटाको तेसरि मेरो अंस मोल षाइ माया मारि पारपरछिन्न गरिदिञां. वृत्ता गालिदिञां. इस बातका साछि कालु पाध्या करडिया लक्ष्मीवल्लभ करडिया उमानिधि पंत भर्त्त जैसि रामचंद्र पाँडे गुणनिधि त्रिपाठि दुर्गानिधि करडिया लिखक साछि दामोदर जैसि शुभ ।**

---

❥ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४४ कार्तिक शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | ३० | सोम | तृतीया | ६० | ० |

(पात्रोबाट)

विशेष स्थान छ[१] : यसो हुँदा आफूले गरेका धार्मिक कृत्यले त्यहाँका बासिन्दालाई केही सुबिधा होस् भनी लक्ष्मीपतिले चिताएको देखिन्छ ।

(२) स्वस्तिश्रीसम्वत १८४४ साल पौष शुदि ७ (रो)ज ३ ❦ तद्दिने लक्ष्मिपति पाँडेलाइ रमानन्द पाँडेले दाताराम पंतले लामाडाडा भिर्पानीको बृत्ता १२० हाम्रो असि मुरि मोल षाइ डल्लो गालि माया मारि पारर्षाछिन्न गरिदिञुं. यस बातका साछि काजि श्रीहर्ष (पन)त श्रीहर्ष लोहनी अनिरुद्र बाथ्या उप(ा)नीधि पंत दामोद्दर जोसि लिषितं दातारा(म) पंत स्वहस्ते-(न) शुभम

यस माटाभाहाँ झोझगरा परसस्त दाताले शुष भूजाउनु.

१. पूर्णिमा ९ अङ्कको ४४ पृष्ठ हेर्नुहोस् ।

वि सं. १९१२ मा जङ्गबहादुरले लक्ष्मीपतिका नाति श्रीप्रसादलाई गरिदिएको दस्कतबाट यो कुरा अझ स्पष्ट बुझिन्छ । सो पत्र यस प्रकारको छ—

स्वस्तिश्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान कम्याराइनचीफ जनरल जङ्गबहादूर कुवर राणाजी श्रीमिनिष्टर जनरल वम्बहादूर कुवर राणाजीकस्य पत्रम्.

आगे षरिदार श्रीप्रसाद पाँडेके भिर्पानिका अम्बलमध्ये हाम्रो विर्ता बोदस्यापारिको वन मान्षु गाउको वन् यत्रतत्रका मानिस्ले र आफ्नेहरुले बिथिति गरि काठ काटी जरास्मेत षनीदिदा वन उजार भै पैरा चली कम्पु पल्टन्का षेत पनी पुग्यो. वाद कुला पनि लाग्यो. डुड बनाउन्या काठ नमै पानीविना षेत बाझा रहन लाग्या. गाइका गोठ कोरा घर बनाउनालाइ पनी काठविना कठिन भयो. आफ्ना विर्ताको वन् यत्रतत्रका मानिसले विथिति गरि काट्न नपाउन्या वंदेजको दस्कत् गरिबक्स्या वन् पालन्या काम गर्दा हुँ भनि तिमीले भाइहरुको सल्लाह ली हाम्रा हजूरमा विंति पार्दा जाहेर भयो. अबप्रांत तिम्रो विर्ता बोक्स्यापारीको वन् मानषुको वन् पाली षेत कुलोका (बाँ)ध डुड बनाउनु. पाल्याका वनमा आफ्नेहरू अरु कसैलाइ पनि काठ काटन नदिनु. गाउल्याले र अरुले काटचा भन्या चिताइदारले ❁ अमालमा ❦ लगी अदल* गराउनु. चिताइदारले काट्यो भन्या गाउल्याले अमालमा लगी अदल गराउनु. केहि कामले नकाटी भयेन भन्या चिताइदार र

❦ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४४ पौष शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| माव ५ | मङ्गल | सप्तमी | ४० | ३२ |

(पात्रोबाट)

❁ चिताइदार=रखवाला । ❦ अमाल=गाउँघरको मुद्दामामिला हेर्ने र सरकारिया तिरो उठ्तीपुठ्ती गर्ने अड्डा । * अदल=इन्साफ ।

त्यहाँ रहेका अभिलेखहरूको उद्धरणसहित लक्ष्मीपतिका धार्मिक कृत्यको विवरण यहाँ दिइएको छ ।

## शिवजीको मन्दिर

शिवजीको मन्दिर मान्खुमा वेँसी ओर्लने ठाउँमा छ । शिवजीको मन्दिरको तल्लो भाग ७ हातको चारपाटे (७ हात भुज भएको वर्गाकार) छ । त्यसको उचाइ ५ हात छ । गजुरसमेत नाप्दा १० हात हुन्छ । शिवजीको मूर्त्ति लिङ्गाकार छ । मन्दिरको चारैतिर पेटी छ । पेटीमा ठाउँठाउँमा बत्ती बाल्ने पाला बनाइएका छन् । शिवजीको मन्दिरअगाडि बसाहा छ । बसाहाको नगीचै अर्को मूर्त्तिको आसन छ । त्यहाँका मानिस पहिले त्यहाँ हनूमान्को मूर्त्ति थियो भनी भन्छन् । पछि हेर्दा हनूमान्को मूर्त्ति मन्दिरभित्र लगी राखेको देखियो । मन्दिर पहिले बन्दा भव्य ढङ्गले बनेको देखिन्छ । तर हाल जीर्णशीर्ण अवस्थामा छ । पहिले त्यहाँ सुनको जलप लाएको गजुर थियो रे । मन्दिरभित्र घण्टा छ । चारवटा दलिनमा चारवटा साङलाले सो घण्टा अड्याइएको छ । सो घण्टा धेरै नै फुटिसकेको छ । चारै सुरमा गणेश, सूर्य आदि ६ देवता छन् । माझमा शिवलिङ्ग छ । ठेला सँघार ढुङ्गाको छ । घुमाउरो कलात्मक ढोका छ । बाहिरपट्टि पनि चारैतिर गणेश, सूर्य आदि ३ देवता छन् । हाल केही देवता फुटिसकेका छन् । शिवजीको मन्दिरको ढोका पश्चिमतिर र तीनतिर आँखीझ्याल छ । शिवजीको मन्दिरभित्र रहेका देवताका मूर्त्तिहरू ज्यादै राम्रा छन् । मन्दिरभित्र चन्दन घोट्ने ठूलो चनौटो छ । माथि गुम्बज पारी बनाइएकोले ज्यादा बोझ भएको देखिन्छ ।

## मन्दिरका अरू मालसामान[२]

४ वटा साङला भएको तामाको जलहरी छ । जलहरीको टुप्पामा गाइको मुख छ । साङलाको लमाइ ४ हात छ । जलहरीको तौल अन्दाजी १ धार्नी छ । जलहरीको वरिपरि

---

**गाउ(ल्या)का सल्लाहले काटनु. बिच कसैले नकाटनु भनि बंदेजको वन् पाल्न्या दस्कत् गरिबिञ्युं. आपना षातिरजमासंग वन् पाल्न्या काम गर, इति संवत् १९१२ साल मिति कार्तिक बदि २ रोज ७ ❛ शुभम्.**

**१. यस निबन्धमा परेका विवरण र अभिलेख वि. सं. २०२३ चैत्र तथा २०२४ माघमा मान्खु जाँदा मैले ल्याएको हुँ । यो काममा मान्खुनिवासी सोमनाथ पन्तले विशेष सहायता गर्नुभएको थियो । पत्र र पात्राचाहिं मोहननाथ पाँडेको पुर्ख्यौंली सङ्ग्रहका हुन् ।**

**२. यी सामान हाल गाउँका २,३ वटा घरमा राखिएका छन् ।**

---

❛ यस दिनको पचाङ्ग यस प्रकारको छ—

वि. सं. १९१२ कार्तिक कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| कार्तिक | १२ | शनैश्चर | द्वितीया | ९ । ४४ |

**(पात्रोबाट)**

चारैतिर रुद्राक्ष थिए रे । हाल १,२ वटा मात्र छन् । ३॥ हात लामो त्रिशूल छ । ठूलो दमाहा छ ।

वि. सं. १९१८ मा लक्ष्मीपतिका नातिले जीर्णोद्धार गरेको माथि उल्लिखित घण्टाको टुक्रा पाइएको छ' । सो घण्टाको अभिलेखबाट वि. सं. १८४० मा लक्ष्मीपतिले घण्टा चढाएका थिए भन्ने देखिन्छ । सो अभिलेख यस प्रकारको छ—

**श्रीगणेशाय नम (:) स्वस्तिश्रीसम्वत(त) १८४० सा(लमा) श्रीदैवग्य(ज्ञ) लक्ष्मा-(क्ष्मी)पति पाडेले चह्रायाको घन्ट बिग्रदा श्रीप्रसाद[२] व(वि)श्वनाथ[३] लक्ष्मि(क्ष्मी)चन्द्र[४] पाडेहरू(ले) चडायाको यो जि(जी)र्ण उद्धार गऱ्याको काशि(शी)दत(त्त) पाडेले[५] सम्वत-(त्) १९१८ साल मिति माघ शुदि १५ रोज ५ मा[६] हो. शुभम् भूयात् ॥९॥**

## पाटी

शिवजीको मन्दिरबाट पूर्वपट्टिको पाखामा दक्षिण मुहुडा गरी बनेको १ पाटी छ । सो १५ हात लम्बा, सवा ७ हात चौडा छ । दक्षिणपट्टि आँखीझ्याल छ । दक्षिण, पूर्व, उत्तरतिर खोपा छ । हाल सो पाटी मानिस बस्न नहुने गरी जीर्णशीर्ण अवस्थामा छ ।

---

१. हाल यो टुक्रा गाउँको एउटा घरमा लगेर राखिएको छ । फुटेको भागको तौल अन्दाजी ३॥ धार्नी छ । घेरा २॥ हात छ ।

२. लक्ष्मीपतिका माहिला छोरा रङ्गनाथका माहिला छोरा श्रीप्रसाद हुन् (पूर्णिमा १२ अङ्कको ६० पृष्ठ हेर्नुहोस्) । रङ्गनाथको परिचय पूर्णिमा १३ अङ्कको ४६ पृष्ठमा हेर्नुहोस् ।

३. लक्ष्मीपतिका साहिला छोरा लीलानाथका माहिला छोरा विश्वनाथ हुन् (पूर्णिमा १२ अङ्कको ६० पृष्ठ हेर्नुहोस्) । लीलानाथको परिचय पूर्णिमा १४ अङ्कका १५६–६९ पृ., १६ अङ्कका ३९४–४१४ पृ. मा हेर्नुहोस् ।

३. लक्ष्मीपतिका परिवारको वंशावलिमा लक्ष्मीचन्द्रको नाम देखिदैँन । विश्वनाथका भाइको नाम एकचन्द्र छ । (पूर्णिमा १२ अङ्कका ६० पृष्ठ हेर्नुहोस् ।) शायद एकचन्द्रकै अर्को नाउँ लक्ष्मीचन्द्र हो कि ?

५. लक्ष्मीपतिका कान्छा छोरा जीवनाथका छोरा काशीदत्त हुन् (पूर्णिमा १२ अङ्कको ६० पृष्ठ हेर्नुहोस् ।) जीवनाथको परिचय पूर्णिमा १३ अङ्कको ५० पृष्ठमा हेर्नुहोस् ।

६. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १९१८ माघ शुक्ल

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| फाल्गुन | ४ | बृहस्पति | चतुर्दशी | ४० |

(पात्रोबाट)

चतुर्दशीको घडी ४०। उप्रान्त पूर्णिमामा भोलिपल्ट शुक्रवार नलाग्दै (उज्यालो नहुँदै) यो घण्टा चढाइएको देखिन्छ ।

## धारा

शिवजीको मन्दिरनजीकै पहिले एउटा ढुङ्गे धारा थियो रे । सो धारा पश्चिम उत्तर दिशामा थियो रे । धाराको वरिपरि राम्ररी पर्खाल लाइएको छ । त्यहाँ पहिले शिलालेख थियो, पछि पहिरो गई छोपियो भनी त्यहाँका मानिस भन्छन् । हाल सो धारा त्यहाँबाट केही पर माथि रेग्मीथोकमा सारिएको छ । हाल धारा रहेको ठाउँमा नारायणको मूर्त्ति छ ।

शिवमन्दिरबाट ४० गज जति पर एउटा धारा छ । सो राम्ररी नै चलिरहेछ ।

केउरेनी खोलसीमा[१] (पहाडको खोँचमा=गाउँको पल्लो छेउमा) अर्को धारा राम्ररी चलिरहेछ । त्यहाँ पनि नारायणको मूर्त्ति छ ।

## चौतारा

केउरेनीमा पुरानो चौतारा छ । सो अलि बिग्रेकोले हाल नयाँ चौतारा बनेको छ ।

## ब्याँसीका पाटी, चौतारा र धारा

पाटी पहिले १४ हात लम्बा, ११ हात चौडा थियो । पछि भत्की वि. सं. २०१५ मा बनाइएको हो : हाल १३॥ हात लम्वा, ६॥ हात चौडा छ । अहिले सो पाटी राम्रो अवस्थामा छ । पाटीभित्र बीचमा शिलालेख छ । पाटीको दुइतिर पेटी छ । पुरानो बिग्रेको पाटीको जग देखिन्छ । पाटीको छानामा झिंगटी छ । पहिले छिँडीसमेत ३ तला थियो भनी त्यहाँका धेरै मानिस भन्छन् । ईशान पाखामा ठूलो शिलालेख थियो रे । तर त्यो हाल देखिदैन । पाटीको दुइतिर मिथुन मूर्त्ति थियो भनी त्यहाँका मानिस भन्छन् । तर हाल ईशानतिर मात्र छ । सो पाटीको आग्नेय मुहुडा छ । यो पाटीको शिलालेख नराम्रोसँग कुँदिएको छ ।

---

१. केउरेनी खोलसीको उल्लेख तात्कालिक पत्रमा पनि पाइन्छ । जस्तै–

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्व्वाणयुद्धविक्रमसाहबहादूरसम्सेरजङदेवानां सदा समरविजयिनाम्

आगे श्रीकृष्ण गेलालले बदाल्या पोषोरिया बन आफ्नो सभ बेच्यो. लीलानाथ पाडेले किन्यो. तस्को साध पुर्व केउन्यानि षोल्सी दक्षिण छालातानि रिजालको विर्ता रुसटिबाहिक महेस षोलो पश्चिम पाषुन्या डाडो उत्तर पाडेको विर्त्ता मुलबाटाको पुर्व पानिढलो यति चार किलाभित्रको बन पाषो षोरियाका मोल रुपैया पचासि ८५ तस्को बक्साउनि रुपैया चार ४ हाम्रा हजुर दाषिल भयो. बेचन्याको दाम पाको. किन्याको माटो पाको. आफ्ना षातिर्जम्मासीत कुशबिर्ता जान्न योग्य गर. ईति सम्वत १८६० साल कार्तिक वदि १४ रोज ६ शुभ

(पछिल्तिर)

माफ (र्फ)त् भार्वांस

धारानिरै ठूलो चौतारा छ । तर सो चौतारा मानिस बस्न नहुने गरी बिग्रिसकेको छ ।

पाटीभन्दा उत्तर दिशामा खानीखोलाबाट ढल गाडेर ल्याएको धारा छ । हाल जग्गा आवाद गरेर भइँकुलो खनेर ल्याएकोले सो धारा राम्ररी चलेको छैन । पेटीहरू भत्केका छन् । पछि खोज्दा माटाको सो ढल पाइयो ।

पाटीमा रहेको अभिलेख यस प्रकारको छ—

श्रीनित्याक्षरसच्चिदद्वयपरानन्दार्पितात्मा कृतिः(ती)
कृष्णानन्द इलासुरोऽखिलगुणस्तज्जस्तदादेशतः ।
शैलेन्द्वाब्दमिते शके क्षयकृदि(करे)द्ववर्षेऽनुमत्या तपो-
मास्यर्के(ऽ)हनि पुण्यपस्त्यमकरोद् दैवज्ञलक्ष्मीपतिः ॥१॥

भरद्वाजगोत्र–भारद्वाजांगिरसबार्हस्पत्येतित्रिप्रवरान्वित–माध्यन्दिनी(न)शाखि–पाण्डेयोपनाम–क–दैवज्ञवर्य–श्रीमत्कृष्णानन्दशर्मात्मज – दैवज्ञशिरोमणि–श्रीमल्लक्ष्मीपतिशर्मा श्रमापन्नाध्वगानां विश्रामाय स्वपित्राज्ञया ता(स)त्रपुण्यपस्त्यमकरोदिति ॥२॥

सन्तः स्मृत्युक्तितो(ऽ)सन्तो नृपभीत्या निकेतनम् ।
रक्षन्त्येव तथापीति विज्ञप्तिर्मम रक्ष(क्ष्य)ताम् ॥३॥
शुभं भवतु पद्यं बुध्वा तदनुशा(सा)रिणाम् ॥ ॥

[नित्य अविकारी सत् चित् अद्वितीय आनन्दरूप परब्रह्ममा मन लाउनुभएका, विद्वान्, गुणी ब्राह्मण कृष्णानन्द हुनुहुन्छ । उहाँका छोरा ज्योतिषी लक्ष्मीपतिले उहाँको आज्ञाले शाके १७१७ (वि. सं. १८५२) मा, क्षय नाम भएको संवत्सरमा, माघ महीनामा, सूर्यको वार तथा तिथि (आदित्यवार तथा सप्तमी तिथि) मा[1] पौवा बनाए ।

भारद्वाज गोत्रमा जन्मेका, भारद्वाज आङ्गिरस बार्हस्पत्य तीन प्रवर भएका, माध्यन्दिनी शाखाका, पाँडे थर भएका, असल ज्योतिषी श्रीकृष्णानन्द शर्माका छोरा दैवज्ञशिरोमणि श्रीलक्ष्मीपति शर्माले थाकेका बटुवाहरूको विश्रामको लागि आफ्ना बाबुको आज्ञाले[2] पौवा बनाए ।

१. यस दिनको पचाङ्ग यस प्रकारको छ—

वि. सं. १८५२ (क्षय संवत्सर) माघ कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| माघ | २१ | आदित्य | सप्तमी | २१ । ५५ |

(पात्रोबाट)

२. श्री ५ रणबहादुर शाहले वि. सं. १८५२ कार्तिक १९ गते काशीमा बसेका वैद्य महेश्वर जोशी र कृष्णानन्द पाँडेलाई पत्र पठाएका थिए । (पूर्णिमा ७ अङ्कको ६५ पृष्ठ हेर्नुहोस्) ।

यस अभिलेखबाट वि. सं. १८५२ माघसम्म कृष्णानन्द जीवित थिए भन्ने देखिन्छ ।

कृष्णानन्द पाँडेको अरू परिचय पूर्णिमा ७ अङ्कका ६३–६६ पृष्ठ, १४ अङ्कको १५९ पृष्ठमा हेर्नुहोस् ।

यो पौवालाई सज्जनहरूले धर्मशास्त्रको भनाइबाट र दुर्जनहरूले राजाको डरबाट रक्षा गर्नेछन् तापनि सवै जनाले यो रक्षा गर्नुहोला भन्ने मेरो प्रार्थना छ ।

पद्यलाई बुझेर त्यसअनुसार गर्नेको भलो होओस् । ]

आफूले बनाएका शिवजीको मन्दिर, पाटीपौवा, आरा आदिको खर्च चलाउनाको लागि ६० मुरी माटो (१५ रोपनी) जग्गा लक्ष्मीपतिलें गूठी राखिदिएका थिए। वि. सं. १८७५ मार्गमा लक्ष्मीपतिले त्यस विषयको पत्र लेखिदिएका थिए[१] —

स्वस्तिश्रीसंवत् १८७५ श्रीशाके १७४० साल मार्गशीर्ष सुदि १० रोज २[२] लिखितं श्रीलक्ष्मीपतिपाँडेशर्मणा.

आगे सिर्पानी ब्यासिका वृत्ता उपल्लो छविसमध्ये विप्ल्याडाडाको पुछार षेत मुरी २०[३] औ वगरपट्टि वोवस्याका रहको[४] मुखको मुरी २० वोवस्याका वगर कमेन्या खोलसावारी मुरी २० जमा षेत मुरी ६०[५] साठि हामिले स्थापन गर्‍याका (शिवजी)को नित्य नैमित्तिक पूजा मठ पाटी धाराको रक्षा पुजेरीको सिधा बाकि रह्याको जगीराले भत्क्या बिग्र्याको बनाउनु गरी गुठ चह्लाञाँ. यो धर्म जस्ले प्रतिपाल गर्ला. तस्कन अक्षय पुण्य होला. यो शिवस्व हो. एस्मा हिंसा कसैले मनमा पनी नचिताउनु. धर्मसेतु जानी मनले बचनले कर्मले प्रतिपालन गर्नु.

मैन्हा एकको नित्य पूजाके जमा ।–[६]वर्ष दिनको रुपैया ३॥।[७]

| | | |
|---|---|---|
| चन्दन श्रीखण्डके | –आना एक | |
| रक्तचन्दनके | ॥ पैसा दुइ | अक्षताके धान |
| धूपके पैसा | ॥ पैसा दुइ | वर्ष दिनको पाथी |
| नैवेद्यके पैसा | ॥ पैसा दुइ | |
| घिउके आना | = आना दुइ | बाह्र १२ |
| बत्तिके धागो | ॥ पैसा दुइ | |

---

१. लक्ष्मीपति वि. सं. १८७५ पौष १ गते काशीवास जान भनी हिंडेका थिए (पूर्णिमा ११ अङ्कको ४४ पृष्ठ हेर्नुहोस्) । आफू फेरि नेपाल नफर्किने हुनाले आफू जानुभन्दा पहिले उनले यो बन्दोवस्त गरेको देखिन्छ ।

२. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८७५ मार्ग शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| मार्ग | २४ | सोम | दशमी | २२। | ३८ |

(पात्रोबाट)

३. मुरी २०=५ रोपनी । ४. रह=दह । ५. मुरी ६०=१५ रोपनी । ६. ।–=५ आना । ७. ३॥।=३ रुपियाँ १२ आना ।

शिवरात्रीका पूजाके जमा रुपैया तिन् आना सात् ३।≡
पंचामृत बस्त्र सुपारी जनै भेटीके ≡ तिन् आना
रुद्री ११ आवृत्तिको दक्षिणा ।–। पाच आना पैसा दुइ
ब्राह्मण ११ का भोजनके रु १।= एक रुपैया छ आना
दक्षिणा रु ।–।। पाच आना पैसा दुइ
अखण्ड दीपके घिउ माना १।। ताके≡[1]
पूजेरीके धोतीके रु १
पुजेरी ब्राह्मणका नित्य भोजनके रुपैया जमा ३।।[2]
धान मुरी नव ९
दालके रुपैया १।। डेढ
नूनके रुपैया १ एक
घिउके रुपैया १ एक
नगरा कहाल बजाउन्याके वर्ष दिनको धान मुरी तिन् ३
शिवालय बारी बगैंचाको टहल गर्न्याके जडाउरी धान मुरी एक १
च्यासीका पौवा चिताइदारके[3] धान मुरी तीन् ३
एति गरी शेष रह्याको जगीरा राषि देवालय पाटी धारो बिग्रचा भत्क्याको बनाउनु.
इति संवत् १८७५ साल मार्ग सुदी १२ रोज ४[4] शुभम्[5]

वि. सं. १८७५ फाल्गुनमा लक्ष्मीपतिले शिवजीको गूठीको जग्गाको मोहीको बन्दोवस्त गरी पत्र लेखिदिएका छन्[6] । सो पत्र यस प्रकारको छ—

१. ≡= ३ आना । २. ३।।= ३ रुपियाँ ८ आना । ३. चिताइदार=रखावाला ।
४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८७५ मार्ग शुक्ल

| | गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| मार्ग | २६ | बुध | दशमी | २१। | ५१ |

(पात्रोबाट)

५. यस पत्रमा उठानमा मिति "मार्ग शुदि १० रोज २" दिइएको छ, अन्त्यमा "मार्ग शुदि १२ रोज ४" दिइएको छ । यताबाट यो पत्र मार्ग २४ गते लेख्न शुरु गरी मार्ग २६ गते सिद्धयाइएको देखिन्छ ।

६. लक्ष्मीपति बि. सं. १८७५ पौष १ गते काशीवास जान भनी हिँडेका थिए (पूर्णिमा ११ अङ्कको ४४ पृष्ठ हेर्नुहोस्) । यस कारण या पत्र काशीबाट लेखेको देखिन्छ ।

स्वस्तिश्रीषरिदारलक्ष्मीपतिपाँडेकस्य पत्रम्

आगे हेमकर्णके श्रीमहादेवलाई राष्याका ६० मुरी[१] षेतमा रार्मासि दनवारलाई दियाका २० मुरी बाहिक बाकी ४० मुरी[३] षेत श्रीमहादेवको टहलटिकुरा गरंजीसम्म[४] ६० मुरीको अधिया कूत लाग्याका सरहमा वोलपोस् नगर्नु भनि रोप्न दिञूं. इति संवत १८७५ साल मिति फागुन वदि ६ रोज ३[५] शुभम्

लक्ष्मीपतिले आफ्ना छोरा लीलानाथलाई काशीबाट पठाएको एउटा पत्रमा पनि गूठीको बन्दोवस्तसंबन्धी केही कुरा परेका छ [६]। सो अंश यस प्रकारको छ—

भीर्पानीका शिवालय पौवा धर्मशालाका गुठको षर्च भै रह्याको ज्या बिन्याको हातमा रहेको छ. त्यो कागत बुझी रहल[७] रुपेया ली तहा त्यो जग्गा बिग्रदा बनाउनुपर्दा लाउनु. बिन्याले ब्याजी लाइ नाफा पान नपावस्. तेसैसंग रहेछ भन्या तमसूक लेखी देवस्. सालबसाल ब्याज देवस्.

माथिका कुराबाट आफूले बनाएका देवमन्दिर पाटीपौवा धारा आदिको सुरक्षा पूजाआजा आदि सबै कुराको बन्दोवस्त लक्ष्मीपतिले गरेर गएका थिए भन्ने बुझिन्छ ।

* –

# सूर्यग्रहण

—नयराज पन्त

## प्रस्तावना

सौभाग्यले भनूं कि दुर्भाग्यले भनूं मेरो शिरमा पञ्चाङ्गसंशोधनको काम आएको छ । यस कामबाट मलाई एक पैसाको पनि लाभ छैन । तर मैले पढेका ग्रन्थहरू केही मात्रामा भए पनि यसले मेरो मनमा अडचाइदिन्छ । यति हुनु पनि अहिलेको अवस्थामा मेरो लेखा सौभाग्य नै हो भन्ने मैले संझेको छु । पञ्चाङ्गको सुधार गर्नुपर्छ तथा सो काम हामीले गर्‍यौं भनी

---

१. ६० मुरी=१५ रोपनी । २. २० मुरी=५ रोपनी । ३. ४० मुरी=१० रोपनी । ४. गरंजीसंम=गरुञ्ज्यालसम्म ।

५. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८७५ फाल्गुन कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | ७ | मङ्गल | षष्ठी | १५। | १८ |

(पात्रोबाट)

६. संपूर्ण यो पत्र पछि प्रकाश गरिनेछ ।

७. रहल=रहेका ।

छोरा नातीसम्मलाई पुग्ने पैसा गम्म कमाउन खोजेका तथा अधिकारीहरूकहाँ पहुँच भएका मनुष्यका लेखा मेरो अध्ययनशील प्रवृत्ति बाधक भइरहेछ । यस कारण नानाथरीका बकबाद गल्लीमा हिंड्दा मैले बराबर सुन्नुपर्छ । यो मेरो दुर्भाग्य नै हो भन्ने मैले ठाने‌को छु ।

ज्यौतिष शास्त्रको विशेष अध्ययनको परम्परा नबसाई पञ्चाङ्गसुधार हुन सक्तैन । ज्यौतिष शास्त्रका नयाँ नयाँ प्रामाणिक ग्रन्थ बन्दै गएपछि मात्र पञ्चाङ्गसुधार गर्न सकिन्छ । ज्यौतिष-विषयका प्रामाणिक ग्रन्थ बनाउनु सजिलो कुरो छैन । हजारौं वर्षदेखि यसमा ठूला ठूला विद्वान्हरूले परिश्रम गर्दै आएका छन् । तर तिनीहरू एउटै परिणाममा पुग्न सकेका छैनन् । यस कारण यस विषयमा अध्ययनको परम्परा बढाउँदै जानुपरेको छ ।

ग्रहगणितविषयका उपपत्तियुक्त प्रामाणिक ग्रन्थको आधारमा करणग्रन्थ (कामचलाउ ग्रन्थ) बन्दछन् । करणग्रन्थै बनाउन पनि विशेष अध्ययन र परिश्रमको खाँचो पर्दछ । वेङ्कटेश केतकरले धेरै वर्ष परिश्रम गरी केही करणग्रन्थ बनाएका छन् । उनका ग्रन्थ सर्वमान्य हुन नसके तापनि केही अंशमा उपयुक्त अवश्य बनेका छन् । ती ग्रन्थ बनाउन पनि केतकरले निकै बाधा भोग्नुपरेको थियो—

**कनीयांसोऽपि सेवायां तातानां सहचारिणः । त्रिगुणं वेतनं प्रापुस्ताता आसन् यथास्थिताः ॥६१॥**
**ग्रन्थस्य लिख्यमानस्य समाप्तिर्जायते यदा । तदैवेदं पुरं मोक्ष्ये न तत्प्रागिति निश्चितम् ॥६२॥**
**नापेक्षे संक्रमं नापि याचे वर्धितवेतनम् । इति निर्णयमादृत्य स्ववरिष्ठान् न्यवेदयन् ॥६३॥**

(दत्तात्रेय केतकरले लेखेको वेङ्कटेश केतकरको जीवनचरित्रबाट, ज्योतिर्गणित द्वितीय संस्करणको २५ पृष्ठ)

[बाभन्दा पछि जागीर भएका बाका साथीहरूको पनि तलब तेब्बर पुग्यो, परन्तु बाको तलब जत्तिको तत्ति नै रह्यो । ग्रन्थ लेख्न म लागिरहेको छु, यो काम सिध्याएर मात्रै यो शहर छोड्ने मेरो विचार छ, यस कारण मैले अन्त सर्नु नपरोस्, मेरो जागीर नबढे पनि म यत्तिमै संतुष्ट छु भनी बाले आफ्ना अधिकारीहरूसंग निवेदन गर्नुभएको थियो । ]

केतकरको पुस्तकबाट ग्रहणहरू गन्न केही सुविधा हुन्छ । तर केतकरका ग्रन्थका उदाहरण नहेरी कारिकाबाट मात्र काम लिन सकिँदैन । किनभने ती कारिका विशद छैनन् । यस कारण पञ्चाङ्गसंशोधन गर्ने गणकहरूलाई निर्देशन दिंदा मलाई कठिनताको अनुभव भयो । किनभने कारिका नपढाऊँ, काम चल्दैन, कारिका पढाऊँ, अर्थ खुल्दैन । यस कारण केतकरका कारिकालाई मैले विशद रूपमा लेख्ने विचार गरें । अहिलेलाई सूर्यग्रहणविषयका कारिका र तिनको नेपाली अनुवाद प्रकाश गर्नु पूर्णिमामा संभव कुरो मैले ठानें । हुनत सारणीहरूको पनि संशोधन गर्नु आवश्यक भएको छ । किनभने केतकरले दिएका सारणीबाट हामीलाई आफ्नो देशमा त्रिभोनलग्नहरू निकाल्न निकै झंझट पर्छ । तर अहिले सो काममा हात हाल्ने आँट गर्न मैले सकिनँ । किनभने म एक्लै त्यो काम गर्न सक्तिनँ । मेरो सहायक भई त्यो काम गरिदिने अहिले कोही छैन ।

नेपालको इतिहासमा श्री ५ पृथ्वीनारायण शाहको राज्यकाल र उनका कान्छा छोरा राजकुमार बहादुर शाहको शासनकाल अर्थात् वि. सं. १८०१ देखि वि. सं. १८५० सम्मको समय (बीचका केही वर्ष छोडेर) उज्वल समय छ । त्यस्तै उज्वल समयमा विद्वान्हरू जन्मछन् । त्यस कालका दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले पञ्चाङ्ग–सुधारको प्रामाणिक ग्रन्थ लेख्ने कामको जग हाल्न हाल्न खोजेथे । त्यस परम्परामा उनका छोरा लीलानाथले नेपालीमा लेखेका ग्रहणसँग सम्बन्ध भएका अंश पनि यहाँ समावेश गर्नु उचित संझी मैले त्यसै गरेको छु । सो कुरा बुझाउन अलिकता अन्तका कुरा पनि थपेको छु ।

सूर्यग्रहणविषयका ज्ञान अत्यन्त प्राचीन कालदेखि चलेर आएको थियो भन्ने कुरा जिज्ञासुको मनमा चढोस् भनी वेद पुराण दीर्घनिकाय तथा ज्योतिष ग्रन्थका केही भागलाई पनि मैले यहाँ उद्धरण गरेको छु । सूर्यग्रहणविषयका कारिका विशद बनून् भनी त्यस विषयमा भास्कर र कमलाकरहरूले बोलेका कुरा पनि मैले यहाँ थपेको छु । मेरो यस काममा रामजी, देवीप्रसाद, शङ्करमान, गौतमवज्र, महेशराज, दिनेशराजहरूले काम गरिदिएका छन् । अलिकता काम मङ्गलदासबाट पनि भएको छ । सबैलाई यथोचित धन्यवाद छ ।

## चन्द्रमाको आफ्नै प्रकाश छैन

सूर्यको बिम्ब तेजको समूहरूप गोलाकार छ । सूर्यको प्रकाशले पृथ्वीमा उज्यालो हुन्छ । जस्तो पृथ्वीको आफ्नो प्रकाश छैन, सूर्यकै प्रकाशले पृथ्वी उज्यालो हुन्छ, त्यसरी नै चन्द्रमाको पनि आफ्नो प्रकाश छैन । सूर्यकै प्रकाशले चन्द्रमाको बिम्ब उज्यालो हुन्छ ।

तरणिकिरणसङ्गादेष पीयूषपिण्डो
दिनकरदिशि चन्द्रश्चन्द्रिकाभिश्चकास्ति ।
तदितरदिशि बालाकुन्तलश्यामलश्री-
र्घट इव निजमूर्त्तिच्छाययैवाऽतपस्थः ॥१॥

(सिद्धान्तशिरोमणि शृङ्गोन्नतिवासनाधिकार)

[अमृत जस्तो आनन्द दिने चन्द्रमाको गोलाकार बिम्बको सूर्यपट्टि फर्केको भागमा सूर्यको किरण पर्छ र सो भाग जूनले झलमलाउँदो हुन्छ । चन्द्रमाको सूर्यपट्टि नपरेको भागचाहिँ युवतिको कपाल जस्तै कालो हुन्छ । जसरी घाममा राखेको (डल्लो) गाग्रोको सूर्यपट्टि फर्केको भाग उज्यालो हुन्छ, सूर्यपट्टि नपरेको भागचाहिँ आफ्नै छायाले कालो हुन्छ । त्यसरी नै चन्द्रबिम्बको उज्यालोको कुरा बुझ्नुपर्छ ।]

## चन्द्रकला बढ्नु र घट्नु

शुक्लपक्षको द्वितीयाको दिन सूर्यास्तकालतिर खुर्पाको जस्तो आकार भएका चन्द्रमा पश्चिममा देखिन्छन् । तृतीयाको दिन अलि ठूला भएका चन्द्रमा सूर्यास्त भएपछि दुइ घण्टा जति समय-

सम्म देखिन्छन् । यसै गरी दिनदिनै बढ्दै गएका चन्द्रमा पश्चिमतिर बढ्ता बढ्ता समयसम्म देखिन थाल्छन् । दिनहुँ चन्द्रमा पनि बढ्दै जान्छन्, उनलाई देखिने समय पनि बढ्दै जान्छ । यसरी बढ्दै गएका चन्द्रमा पूर्णिमाको दिन पूरा बाटुला हुन्छन् र रातभर देखिन्छन् ।

पूर्णिमाको भोलिपल्टदेखि कृष्णपक्षको प्रारम्भ हुन्छ । चन्द्रमा अलि अलि गरेर घट्न थाल्छन् । पूर्णिमाको दिन चन्द्रमा सूर्यास्तकालमै भने जस्तै उदाएका हुन्छन् । तर कृष्णपक्षको परेवाको दिन चन्द्रमा उदाउने समय सूर्यास्तभन्दा पौने घण्टा जति पछि हुन्छ । कृष्णपक्षको द्वितीयाको दिन चन्द्रमा झन् घटेका हुन्छन्, उदाउन पनि सूर्यास्तभन्दा डेढ घण्टा जति पछि मात्र उदाउँछन् । यसरी कृष्णपक्षमा दिनहुँ चन्द्रमा घट्तै घट्तै गई ढिलो ढिलो उदाउन पनि थाल्छन् । कृष्णपक्षको त्रयोदशीमा चन्द्रमा फेरि खुर्पाको आकारका बन्छन् र सूर्य उदाउनुभन्दा डेढ घण्टा जति अगाडि मात्र उदाउछन् । त्यसको भोलिपल्ट अर्थात् कृष्णपक्षको चतुर्दशीको दिन त चन्द्रमा प्रायः देख्न पनि नसकिने हुन्छन् । औंसीको दिन त चन्द्रमा पटक्कै नदेखिने हुन्छन् । यस कुराको अनुभव सबैले गर्न सक्छन्, धेरैले गरेका पनि हुन्छन् ।

**सूर्यादधःस्थस्य विधोरधःस्थमर्धं नृदृश्यं सकलासितं स्यात् ।**
**दर्शेऽथ भार्धान्तरितस्य शुक्लं तत्पौर्णमास्यां परिवर्तनेन ॥२॥**
**उपचितिमुपयाति शौक्ल्यमिन्दोस्त्यजत इनं व्रजतश्च मेचकत्वम् ।**
**जलमयजलजस्य गोलकत्वात् प्रभवति तीक्ष्णविषाणरूपताऽस्य ॥४॥**

(सिद्धान्तशिरोमणि शृङ्गोन्नतिवासनाधिकार)

[ औंसीको दिन (पृथ्वीमा बसेका) मानिसले देखिने चन्द्रमाको तलतिरको (पृथ्वीपट्टिको) भाग सबै कालो हुन्छ, किनभने सो दिन सूर्यभन्दा तलतिर चन्द्रमा र चन्द्रमाभन्दा तलतिर पृथ्वी परेका हुन्छ । चन्द्रमा घुम्दै गई पूर्णिमाको दिन सूर्यबाट ६ राशि पर पुग्छन् (सूर्य र चन्द्रमाको बीचमा पृथ्वी पर्छ) र सो दिन चन्द्रमाको (पृथ्वीमा बसेका) मानिसले देखिने तलतिरको भाग (पृथ्वीपट्टि फर्केको भाग) सबै उज्यालो हुन्छ ॥२॥

सूर्यबाट चन्द्रमा जति जति पर सर्दै जान्छन्, उति उति चन्द्रबिम्बमा उज्यालो बढ्दै जान्छ । जलमय भएको चन्द्रबिम्ब गोल छ । यस कारण (आधाभन्दा कम उज्यालो हुँदा) सो उज्यालो भागको छेउ छेउ तीखो सीङ जस्तो देखिन्छ ॥४॥ ]

चन्द्रकलाको विषयमा अहिलेभन्दा पुगनपुग डेढसय वर्ष जति अगाडि लीलानाथ पाँडेले[1] नेपालीभाषामा[2] लेखेको ग्रन्थबाट केही उद्धरण गर्न पाठकहरूलाई रुचिकर होला भन्ने सम्झिएकोले त्यसै गरिन्छ ।

---

१. लीलानाथको परिचय पूर्णिमा चारौं वर्षका १५६–६९, ३९४–४१४ पृष्ठमा हेर्नुहोस् ।

२. सो ग्रन्थको विषयमा पूर्णिमा चारौं अङ्कका ८२–८५ पृष्ठमा हेर्नुहोस् ।

७५ पत्र (मूल ग्रन्थको पत्रसङ्ख्या यो हो ।)

**अथ चंद्रका कलाका वढ्ना घट्नाको विषय ।।.।।** सूर्य तेजोमय गोल छ. तव सूर्यका किरण लाग्दा उष्णताको प्रतीति प्रत्यक्ष हुंछ. चंद्रमा निवी (वि) ड' जलमय गोल छ. तव चंद्रका किरण लाग्दा शीतलताको प्रतीति प्रत्यक्ष हुंछ. तेसै कारणले चंद्रका अमृत किरण छन् भनी लोक-प्रसिद्ध छ. यस्ता चंद्रविवमा जसपट्टि जति सूर्यविवका किरण परचा तेस्पट्टि तत्ति चंद्रविव प्रकाश देषींछ. अर्कापट्टि तेहि निवी (वि) ड चंद्रविवले सूर्यका किरण छेकींदिछ र श्यामवर्ण भयाको चंद्रविव मात्र रहंछ. परंतु आकाशको पनि नील वर्ण हुनाले मिलिजान्छ. प्रकाश हुन सक्तैन. अमावास्याका समाप्तिमा सूर्य चन्द्र माथि तल आपना आपना कक्षामा राशि अंशा घडी (कला) पला (विकला) दिले वरोवरमा रहंछन् चंद्रका माथि वरोवरमा सूर्य हुनाले उपल्लापट्टिको चंद्रविव तेजोवान् हुंछ. पृथिवीपट्टिको विव श्याम हुंछ. चन्द्रका उपल्ला पृष्ट (ष्ठ) का मध्यमा वस्न्या अग्निष्वा-त्तादि पितृगणहरुको शिरमाथि सूर्य हुनाले अमावास्याका दिन मध्याह्न हुंछ. तेसै कारणले अमावास्या पितृकार्यमा अक्षय पुण्य दिंछ भनी वेद धर्मशास्त्र ज्योतिः शास्त्रमा कह्याको हो. सूर्यग्रहणमा पृथिवीदेषी जव सूर्य चंद्र वरावर सूत्रमा परचा तव स्या (श्या) मवर्ण भयाका चंद्रविवले प्रकाशमान् (न) सूर्य विवमा जति छेकोंदिछ. तति श्यामवर्ण भयाको सूर्यग्रहण हुंछ औ ढीलो हिड्न्या सूर्यलाइ पछि छोडी चाँडो हिड्न्या भयाको चंद्रमा वार्ह राशि तिन शय साठि अंशाले विभाग गरयाका भचक्रमा वार्ह वार्ह अंशा अघि जांछ. तव एक एक कला तेजको वृद्धि अथवा ह्रास भयाको भूमिवाट देषिंछ. तेस्लाई तिथिव्यवहार गर्दछन्. औ जव वार्ह अंशा मात्र सूर्यदेषी चंद्र अघि गयो. तव शुक्ल प्रतिपदा तिथिको समाप्ति द्वितीया तिथिको आरंभ हुंछ. ताहा चंद्रको तेजोवान् एक कला पृथिवीवाट देषींछ. अरु चौध कला तेजवान् माथिपट्टि पर्दछन्. परंतु त्यो तेजवान् कला सूर्यले

१. निविड—जमेको ।

गरिकन भयाको हुनाले सूर्य भयापट्टि तेजवान् देषींछ. शुक्ल द्वितीया तिथिमा सूर्यदेषी पूर्व दिशामा चंद्र हुंनाले विंवका पश्चिमपट्टिको कला तेजवान् भूमिवाट देषींछ. त्यो सकल लोकप्रसिद्ध छ. येसैलाई चंद्रोदय भंछन्. शुक्ल द्वितीया सवैमा चंद्रदर्शन गर्नु. तेस्ले एक मैह्नासम्मको शुभाशुभ विचार हुंछ. परंतु लोकहरू आश्विनशुक्ल द्वितीयामा विशेष गरी चंद्रको दर्शन गर्छन्. अरु द्वितीयामा याद गर्दैनन्. द्वितीयामा चंद्रको कला शृंग जस्तो देषींछ. मीन मेषराशिको चंद्र छ भन्या दक्षिण दिशाको शृंग उचो उत्तरको शृंग नीचो हुंछ वृष कुंभ राशिको चंद्र छ भन्या दुवै शृंग वरोवर हुंछन्. वाकी राशिको चं-

७६ पत्र

द्र छ भन्या उत्तरदिशाको शृंग उचो दक्षिणको नीचो शृंग हुंछ. कदाचित् उल्टो भयो भन्या अशुभ जांनु औ पृथिवीवाट तेजवान् कलाको वृद्धि भयाको देषींछ र शुक्लपक्ष अर्थात् उज्यालो पक्ष भनी भंदछन्. जव सूर्यदेषी चौविस् अंशा चंद्र अघि गयो तव द्वितीयाको समाप्ति तृतीयाको प्रारंभ हुंछ. तेस्मा पृथिवीवाट चंद्रको दुइ कला पश्चिमपट्टिको प्रकाश देषींछ औ सूर्यदेषी तिन् राशि अघि जव चंद्र जांछ तव शुक्लाष्टमीको मध्य हुंछ. चंद्रविंव पश्चिमपट्टि आधा तेजवान् भूमिवाट देषींछ. आधा उपल्लापट्टि तेजोवान् हुंछ. अस्त समयमा हामीहरूका पृथिवीले झैं पितृहरूका चंद्रविंवले शुक्लाष्टमीदेषी सूर्यलाइ छेक्नाको आरंभ गर्छ र रात्रिको प्रारंभ हुंछ औ जव सूर्यदेषी छ राशिअघि चंद्र गयो तव सूर्य चंद्र वरोवर साम्ने हुनाले सूर्यका किरण पृथिवीपट्टिका संपूर्ण चंद्रविंवमा पर्दछन् र पृथिवीवाट संपूर्ण कला प्रकाश देषींछ. चंद्र पूर्ण भयाका देष्नाले पूर्णमासि तिथि भंछन्. यस्मा सूर्यविंवलाइ वरोवर वीचमा वसी चंद्रविंवले छेकिंदिछ र पितृको अर्द्धरात्र हुंछ औ जैह्ले पृथिवीका वरोवर सूत्रमा चंद्र सूर्य


परश्या तव सूर्यले गरिकन भयाको भूछाया रात्रिस्वरूप सूयाका क्रमले[1] सूर्यकक्षासम्म पुग्याकामा चंद्र पर्छ तेस् पृथ्विले सूर्यलाइ जति छेकीदियो तेति चंद्रमामा सूर्यका तेजोवान् किरण पर्दैनं र चंद्रग्रहण हुंछ औ जव सूर्यदेषी छ राशि बाह्र अंश अघि चंद्र गयो तव पृथिवीबाट देषना चंद्रबिंबको एक कला तेज् घट्याको चंद्रदेषी पूर्व सूर्य हुनाले पूर्वपट्टि चौद्ध कला तेजोवान् देषींछ. एक कला तेजोवान् उपल्लापट्टि पर्छ. येसैलाइ कृष्ण प्रतिपदा तिथिको समाप्ति द्वितीयाका प्रारंभ भंछन्. तेजोवान् कला घट्तो गयो श्यामकलाको वृद्धि हुन लाग्यो भन्यानिमित्त कृष्णपक्ष अर्थात् अध्यारो पक्ष भंछन्. पौराणिकहरू ति चंद्रका तेजोवान् एक एक कलाकन कृष्णपक्षमा अग्निप्रभृति देवता षांछन् र कला घट्छन् भंछन्. कला पान गर्न्या देवता वह्निः १ रविः २ विश्वेदेवाः ३ वरुणः ४ वषट्कारः ५ वासवः ६ ऋषयः ७ अजैकपात् ८ यमः ९ वायुः १० उमा ११ पितरः १२ कुवेरः १३ पशुपतिः १४ प्रजापतिः १५ इ पंध्र देवता कृष्णपक्षमा क्रमले एक एक कला पान गर्दछन्. शुक्लपक्षमा ति पान गर्न्या वन्हृचा(ह्न्या)दि देवतादेषी एक एक कला क्रमले आई चंद्रबिंबमा ज्मा हुंछ र पूर्णमासिमा कला पूर्ण हुंछ. सोह्रौ कला चंद्रको देहकन धारणा गर्न्या आधार शक्ति रूप भयाको अमा नाम भयाको महाकला छ. तेस्कलाको क्षय वृद्धि हुदैन भंछन्. यो कुरो उपपत्तिले वस्न शक्तैन औ जव सूर्यदेषी नौ राशिअघि चंद्र गयो. तव

७७ पत्र

कृष्णाष्टमी तिथिको मध्य हुंछ. चंद्रदेषी पूर्व सुर्य हुनाले पूर्वतरफ्को चंद्रार्द्धबिंब प्रकाश देषिछ. चंद्रका उपल्ला पीठका मध्यमा वस्न्या पितृहरूको चंद्रले छेकीयाको सूर्यबिंब देषीन लाग्छ र दिनको प्रारंभ हुंछ. येस कारणले

---

१. सूयाका क्रमले=सियो जस्तो भई (सूच्याकार भई) ।



चन्द्रकला बढ्ने घट्ने विषयमा मूल ग्रन्थको चित्र

कृष्णाष्टमीदेखी शुक्लाष्टमीपर्यन्त पितृहरूको दिन शुक्लाष्टमीलगायत् कृष्णाष्टमीपर्यन्त पितृको रात्रि मनुष्यहरूका तिस् दिनको पितृको एक अहोरात्र सिद्ध हुंछ यो संपूर्ण भंगीरचनामा प्रत्यक्ष देखिंछ ।। ।। इति चन्द्र-कलाका वृद्धि ह्रासको विषय संपूर्ण भयो ।।.।।

## सूर्यग्रहण लाग्ने अवस्था

औंसीको दिन सूर्यभन्दा तलतिर चन्द्रमा र चन्द्रमाभन्दा तलतिर पृथ्वी पर्न जान्छ । औंसीको अन्त्यमा चन्द्रमा र सूर्यको राशि अंश कला विकला बराबर हुन्छन् अर्थात् औंसीको अन्त्यमा चन्द्रमा र सूर्यको पूर्वापर अन्तर हुँदैन । त्यस वेला दक्षिणोत्तर अन्तर पनि पर्न नआएमा तलतिर रहेको चन्द्रबिम्बले सूर्यबिम्बलाई छेकिदिन्छ र माथितिर रहेका सूर्यलाई पृथ्वीमा बस्ने मानिसले देख्न सक्तैनन् र पृथ्वीमा बस्ने मानिसको लेखा सूर्यबिम्ब कालो हुन जान्छ । किनभने औंसीको दिन पृथ्वीपट्टि फर्केको चन्द्रबिम्बको भाग कालो भएको हुन्छ । यस कारण चन्द्रमाले सूर्यलाई ढाक्ता चन्द्रमाको बिम्बको कालो भाग नै पृथ्वीमा बस्ने मानिस-हरू देख्छन् । यस अवस्थालाई सूर्यग्रहण भन्दछन् ।

चन्द्रविमण्डल (चन्द्रमा हिँड्ने बाटो)को धरातल र क्रान्तिवृत्त (सूर्य हिँड्ने बाटो)को धरातल एउटै छैन । यी दुइ धरातलको बीचमा पाँच अंश जतिको अन्तर छ । यस कारण औंसीको अन्त्यमा चन्द्रमा र सूर्यको पूर्वापर अन्तर हुँदैन तापनि दक्षिणोत्तर अन्तर रहन्छ । यसै कारणले प्रत्येक औंसीमा सूर्यग्रहण लाग्दैन । जुन औंसीको दिन चन्द्रमा तथा सूर्य क्रान्तिवृत्त र चन्द्रविमण्डलको सम्पातबिन्दु (सूर्य र चन्द्रमाको दोबाटो)मा वा त्यसको अत्यन्त नगीचै पुगेका हुन्छन्, त्यस दिन चन्द्र र सूर्यको दक्षिणोत्तर अन्तर पनि नहुने वा अत्यन्त थोरै हुने हुनाले त्यस्तो औंसीको दिन सूर्यग्रहण लाग्छ । क्रान्तिवृत्त र चन्द्रविमण्डलको सम्पातबिन्दु अर्थात् सूर्य र चन्द्रमाको दोबाटोलाई राहु तथा केतु भन्दछन् । यस कारण राहु वा केतुको सँगसँगै वा तिनको नगीचै जुन औंसीको अन्त्यमा चन्द्रमा र सूर्य पुगेका हुन्छन्, त्यसै दिन सूर्यग्रहण लाग्छ ।

भानोर्भार्धे महीच्छाया तत्तुल्येऽर्कसमे ऽपि वा ।
शशाङ्कपाते ग्रहणं कियद्भागाधिकोनके ।।६।।
तुल्यौ राश्यादिभिः स्याताममावास्यान्तकालिकौ ।
सूर्येन्दू पौर्णमास्यन्ते भार्धे भागादिकौ समौ ।।७।।
छादको भास्करस्येन्दुरधःस्थो घनवद् भवेत् ।

(सूर्यसिद्धान्त चन्द्रग्रहणाधिकार)

[सूर्यबाट ६ राशि (१८० अंश) फरकमा पृथ्वीको छाया (भूभा) रहेको हुन्छ (सूर्यको ठीक उल्टो दिशामा भूभा रहन्छ) । चन्द्रमाको पात (क्रान्तिमण्डल र चन्द्रविमण्डलको संपात-बिन्दु=सूर्य र चन्द्रमाको दोबाटो=राहु) भूभाले अथवा सूर्यले ट्वाक्क बराबर भएमा वा अलिकता यताउति भएमा ग्रहण लाग्छ ।।६।। (ग्रहणको यो सम्भावना हो) ।

औंसीको अन्त्यमा सूर्य र चन्द्रमा राशि अंश कला विकलाले बराबर हुन्छन् (माथि र तल भई रहेका हुन्छन्) । पूर्णिमाको अन्त्यमा चाहिँ सूर्य र चन्द्रमा ६ राशिको फरकमा अंश कला विकलाले बराबर हुन्छन् (ठीक उल्टो दिशामा हुन्छन्) ।।७।। (ग्रहणको यो समय हो । तलतिर रहेको बादलले जस्तै गरी चन्द्रमाले सूर्यलाई ढाक्ता सूर्यग्रहण लाग्छ । सूर्यग्रहणको यो कारण हो ।) ]

**पश्चाद् भागाज्जलदवदधः संस्थितोऽभ्येत्य चन्द्रो**
**भानोर्बिम्बं स्फुरदसितया छादयत्यात्ममूर्त्या ।**
**पश्चात् स्पर्शो हरिदिशि ततो मुक्तिरस्यात एव**
**क्वापि च्छन्नः क्वचिदपिहितो नैष कक्षान्तरत्वात् ।।१।।**

(सिद्धान्तशिरोमणि ग्रहणवासनाधिकार)

[तलतिर रहेका चन्द्रमाले पश्चिमतिरबाट आएर झलमलाउँदो सूर्यको बिम्बलाई आफ्नो कालो बिम्बले बादलले जस्तै गरी ढाकिदिन्छन् । यसै हुँदा सूर्यग्रहणमा पश्चिमतिरबाट स्पर्श र पूर्वतिरबाट मोक्ष हुन्छ । चन्द्रमा र सूर्यको कक्षा भिन्नाभिन्नै (तलमाथि) छन् । यसै कारण कुनै देशमा सूर्यग्रहण लाग्छ, कुनै देशमा सूर्यग्रहण लाग्दैन । ]

**अथैकसूक्ष्मावयवस्थितेश्च रवेरधः शीतकरोऽस्ति दर्शे ।**
**ततोऽप्यधो भूमिगतश्च तेन द्रष्टा रविं पश्यति नैव सोऽत्र ।।१।।**
**तदिन्दुना च्छादितमर्कबिम्बं संदृश्यते ग्रस्तमिवात्र लोकैः ।**

(सिद्धान्ततत्त्वविवेक सूर्यग्रहणाधिकार)

[औंसीमा चन्द्रमा र सूर्यका राशि अंश कला विकला बराबर भई पूर्वापर अन्तर हुँदैन । त्यस बेला दक्षिणोत्तर अन्तर पनि पर्न नगएमा सूर्यको तलतिर चन्द्रमा पर्न आउँछन् । त्यस बेला चन्द्रमाको तलतिर परेको पृथ्वीमा बस्ने मानिसले सूर्यलाई देख्न सक्दैनन् । यस कारण पृथ्वीमा बस्ने मानिसहरूको लेखा चन्द्रमाले सूर्यबिम्बलाई ढाकिदिन्छन् र दुनियाँले सूर्यग्रहण लागेको देख्छन् । ]

सूर्यग्रहणको दृश्य अत्यन्त आकर्षक हुन्छ । अत्यन्त प्राचीन कालदेखि यसले लोकमा प्रभाव पारेको छ ।

# ऋग्वेदमा सूर्यग्रहण

सूर्यग्रहणको वर्णन ऋग्वेदमा पनि पाइन्छ । ऋग्वेदको चतुर्थ अष्टकको द्वितीय अध्यायको बाह्रौं वर्गमा परेका पाँचवटा ऋचामा सूर्यग्रहणको चर्चा परेकाले ती पाँच ऋचा यहाँ उद्धृत गरिन्छन् । अर्थ बुझ्न सजिलो होस् भनी सायणभाष्यको पनि साथसाथै उद्धरण गरिएको छ ।

यत् त्वा सूर्य स्वर्भानुस्तमसाविध्यदासुरः ।
अक्षेत्रविद् यथा मुग्धो भुवनान्यदीधयुः ॥५॥

यत् । त्वा । सूर्य । स्वर्भानुः । तमसा । अविध्यत् । आसुरः । अक्षेत्रवित् । यथा । मुग्धः । भुवनानि । अदीधयुः ॥५॥

इदमादिचतुर्भिः मन्त्रैः अत्रीणां कर्म कीर्त्यते । हे सूर्य प्रेरक देव त्वा त्वां यत् यदा आसुरः असुरस्य प्राणापहर्तुः असुर्या वा पुत्रः स्वर्भानुः स्वर्भानुसंज्ञकः तमसा मायानिर्मितेन अविध्यत् आवृणोत् इति अर्थः । तदा भुवनानि सर्वाणि अदीधयुः दृश्यन्ते । यथा तत्रस्थः सर्वः जनः अक्षेत्रवित् स्वस्वस्थानम् अजानन् मुग्धः मूढः भवति तथा ॥५॥

[ हे सूर्य जब हजुरलाई असुरकुलको राहुले अन्धकारले ढाक्यो, तब दुनियाँ आफ्ना आफ्ना ठाउँ पनि थाहा पाउन नसक्ने जस्ता भई किङ्कर्तव्यविमूढ भएका देखिए । ]

स्वर्भानोरध यदिन्द्र माया अवो वर्तमाना अवाहन् ।
गूळ्हं सूर्यं तमसापव्रतेन तुरीयेण ब्रह्मणाविन्ददत्रिः ॥६॥

स्वर्भानोः । अध । यत् । इन्द्र । मायाः । अवः । दिवः । वर्तमानाः । अवाहन् । गूळ्हम् । सूर्यम् । तमसा । अपव्रतेन । तुरीयेण । ब्रह्मणा । अविन्दत् । अत्रिः । ॥६॥

अध अथ जगन्मौढ्यानन्तरं स्वर्भानोः असुरस्य यत् याः मायाः सन्ति । कीदृश्यः ताः । दिवः द्योतमानात् आदित्यात् अवः अवस्तात् वर्तमानाः । तदुपरि तिरोधानासामर्थ्यात् इति भावः । हे इन्द्र ताः सर्वाः अवाहन् अवहंसि । अथ अत्रेः एव परोक्षवादः । तमसा अन्धकारेण अपव्रतेन अपगतकर्मणा गूळ्हं सूर्यम् । अन्धकारस्य आवरणरूपत्वात् अपव्रतत्वम् । तथाविधं तुरीयेण ब्रह्मणा 'ग्राव्णो ब्रह्मा' इति अनेन अत्रिः अविन्दत् लब्धवान् । आवरणापगमोपायं निरावरणं शुद्धं वा सूर्यम् इति । पूर्वमन्त्रापेक्षया अस्य तुरीयत्वम् । एकैकं मायांशम् एकैकेन मन्त्रेण अपनुद्य चतुर्थेन मन्त्रेण निलीनं तमः अपि अनुदत् इति अर्थः ॥६॥

[ चम्कीरहेका सूर्यको तल्लो भागमा रहेको राहुको मायालाई हे इन्द्र हजुरले हटाउनुभयो । किङ्कर्तव्यविमूढ बनाइदिने अन्धकारले ढाकिएका सूर्यलाई अत्रिले तुरीय ब्रह्मद्वारा (थाहा) पाए । ]

**मा मामिमं तव सन्तमत्र इरस्या द्रुग्धो भियसा नि गारीत् ।**
**त्वं मित्रो असि सत्यराधास्तौ मेहावतं वरुणश्च राजा ॥७॥**

**मा** । माम् । इमम् । तव । सन्तम् । अत्रे । इरस्या । द्रुग्धः । भियसा । नि । **गारीत्** ।
**त्वम्** । मित्रः । असि । सत्यराधाः । तौ । मा । इह । अवतम् । वरुणः । **च** । **राजा** ॥७॥

**इदं सूर्यवाक्यम्** । हे अत्रे माम् इमम् ईदृगवस्थं मां तव सन्तं तव स्वभूतम् **इरस्या अन्नेच्छया** द्रुग्धः द्रोग्धाः असुरः भियसा भयजनकेन तमसा मा नि गारीत् मा गिरतु । **किं च हे मित्र त्वं** मित्रः असि । प्रमीतेः सकाशात् त्राता भवसि । सत्यराधाः सत्यधनः **च** । **तौ राजा वरुण**ः च **त्वं च** तौ युवां मा माम् इह अवतं रक्षतम् । यद् वा । अत्रिः **एव मित्र उच्यते** । **स च** वरुणः च युवाम् ॥७॥

[ सूर्यले भने–हे अत्रि म यस्तो अवस्थामा परें । म तपाईंको हुँ । मलाई खाने इच्छाले द्रोह गर्नेले डरलाग्दो अन्धकारले निल्न नपाओस् । तपाईं मेरो मित्र हुनुहुन्छ । तपाईं सत्यका पक्षपाती पनि हुनुहुन्छ । तपाईंले र राजा वरुणले मलाई जोगाइदिनुपर्‍यो । ]

**ग्राव्णो ब्रह्मा युयुजानः सपर्यन् कीरिणा देवान्नमसोपशिक्षन् ।**
**अत्रिः सूर्यस्य दिवि चक्षुराधात् स्वर्भानोरप माया अघुक्षत् ॥८॥**

ग्राव्णः । ब्रह्मा । युयुजानः । सपर्यन् । कीरिणा । देवान् । नमसा । **उपशिक्षन्** । **अत्रिः** ।
**सूर्यस्य** । दिवि । **चक्षुः** । आ । अधात् । स्वर्भानोः । अप । मायाः । **अघुक्षत्** ॥८॥

**ब्रह्मा ब्राह्मणः** अत्रिः ग्राव्णः अभिषवसाधनानि युयुजानः युञ्जन् । **इन्द्रार्थं सोमम् अभिषुण्वन् इत्यर्थः** । तथा **कीरिणा** । कीर्यते विक्षिप्यते इति कीरि स्तोत्रम् । तेन **देवान् सपर्यन् पूजयन्** किं च नमसा अन्नेन हविर्लक्षणेन नमस्कारेण वा उपशिक्षन् । **शिक्षतिः दानार्थः अत्र प्रसाधने वर्तते** । प्रसाधयन् एवम् उक्तैः साधनैः सूर्यस्य सर्वप्रेरकस्य चक्षुः **सर्वस्य ख्यापकं मण्डलं दिवि अन्तरिक्षे आधात्** । निस्तमस्कं कृतवान् इति अर्थः । तद् एव स्पष्टयति । **स्वर्भानोः एतन्नामकस्य असुरस्य** मायाः । स्वाश्रयम् अव्यामोहयन्ती परान् तु तथा कुर्वती माया इति **उच्यते** । तादृशीः मायाः । यत् तुरीयेण ब्रह्मणा इति उक्तम् । तद् एतद् उक्तं तुरीयं ब्रह्म । **तेन अत्रिसहायः इन्द्रः** अप अघुक्षत् अपजुगोप न्यवारयत् इति अर्थः। अथवा तृतीयपादः एवं व्याख्येयः । **सूर्यस्य दिवि पूर्वं** आवृते प्रकाशे तद् अपनुद्य स्वकीयं चक्षुः आधात् । निरावरणं तेजः संस्त्यायं **दृष्टवान् इति अर्थः** । **स्वर्भानुमायया सूर्यस्य** आवृतिः हारिद्रविके समाम्नाता–'**स्वर्भानुश्चासुरः सूर्यं तमसाविध्यत् तस्मै देवाः प्रायश्चित्तमैच्छन्** तस्य यत्प्रथमं तमोऽपाघ्नन् सा **कृष्णाविरभवत् यद् द्वितीयं सा फाल्गुनी यत् तृतीयं सा वलक्षी यदध्यस्थादपाकृन्तन्**' इत्यादि ॥८॥

[**ब्राह्मण** अत्रिले सोमयागका साधनहरूलाई ठीक पार्दै देवताहरूको स्तुति गर्दै होमद्वारा **देवताहरूलाई प्रसन्न** पार्दै आकाशमा सूर्यको आँखा खुलाइदिए, राहुको अन्धकारलाई हटाइदिए ।]

यं वै सूर्यं स्वर्भानुस्तमसाविध्यदासुरः ।
अत्रयस्तमन्वविन्दन्नह्यन्ये अशक्नुवन् ॥९॥

यम् । वै । सूर्यम् । स्वर्भानुः । तमसा । अविध्यत् । आसुरः । अत्रयः । तम् । अनु । अविन्दन् । नहि । अन्ये । अशक्नुवन् ॥९॥

अत्रिकृतं सामर्थ्यम् अनुवदति यं वै सूर्यम् इति । निगदव्याख्या एषा । अत्रय तं सूर्यम् अन्वविन्दन् इन्द्रार्थं सोमयागदेवतास्तुतिनमस्कारैः अनुक्रमेण ईषद् ईषत् तमः अवरुध्य लब्धवन्तः इति अर्थः । अन्ये नहि अशक्नुवन् न लब्धवन्तः खलु ॥९॥

[असुरकुलको राहुले जुन सूर्यलाई अन्धकारले ढाकेथ्यो, ती सूर्यलाई अत्रिहरूले थाहा पाए । अरूहरूले सकेनन् ।]

## कृष्णजीको पालाको सूर्यग्रहण

कृष्णजीको पालामा सर्वसूर्यग्रहण लागेको थियो भनी श्रीमद्‌भागवतमा लेखिएको छ । जस्तै—

अथैकदा द्वारवत्यां वसतो रामकृष्णयोः ।
सूर्योपरागः सुमहानासीत् कल्पक्षये यथा[1] ॥१॥
तं ज्ञात्वा मनुजा राजन् पुरस्तादेव सर्वतः ।
स्यमन्तपञ्चकं क्षेत्रं ययुः श्रेयोविधित्सया ॥२॥
महत्यां तीर्थयात्रायां तत्राऽऽगन् भारतीः प्रजाः ।
वृष्णयश्च तथाऽक्रूरवसुदेवाहुकादयः ॥५॥
ययुर्भारत तत् क्षेत्रं स्वमघं क्षपयिष्णवः ।
गदप्रद्युम्नसाम्बाद्याः सुचन्द्रशुकसारणैः ॥६॥
आस्तेऽनिरुद्धो रक्षायां कृतवर्मा च यूथपः ॥६½॥
तत्र स्नात्वा महाभागा उपोष्य सुसमाहिताः ॥९॥
ब्राह्मणेभ्यो ददुर्धेनूर्वासःस्रग्रुक्ममालिनीः ॥९½॥
आसन्नच्युतसन्दर्शपरमानन्दनिर्वृताः ॥२३॥
भीष्मो द्रोणोऽम्बिकापुत्रो गान्धारी ससुता तथा ।
सदाराः पाण्डवाः कुन्ती सृञ्जयो विदुरः कृपः ॥२४॥

(श्रीमद्‌भागवत दशमस्कन्ध ८२ अध्याय)

---

१. कल्पक्षये यथा सर्वग्रास इत्यर्थः (श्रीधरको टीका) ।

[कृष्णजी र बलराम द्वारकामा हुनुहुन्थ्यो । सूर्यको अत्यन्त ठूलो भयङ्कर सर्वग्रास ग्रहण लाग्ने भयो । सूर्यग्रहण लाग्ने थाहा पाएर चारैतिरबाट मानिसहरू धर्मकर्म गर्न भनी स्यमन्तपञ्चक (कुरुक्षेत्र) मा अघिबाटै पुगे । ठूलो मेला लाग्यो । त्यहाँ भारतवर्षभरका मानिस बटुलिए । अक्रूर, वसुदेव, आहुक, गद, प्रद्युम्न, साम्ब आदि यादवहरू धर्म गर्न भनी त्यहाँ गए । द्वारकाको रक्षा गर्न सुचन्द्र, शुक, सारण आदिको साथमा अनिरुद्ध खटिएका थिए । त्यहाँ सेनापति भई कृतवर्मा रहेका थिए । ग्रहणमा यादवहरूले नियमपूर्वक भोकै बसी स्यमन्तपञ्चककुण्डमा नुहाई ब्राह्मणहरूलाई कपडा, माला, सुनले सिँगारिएका गाई दान दिए । त्यहाँ भीष्म, द्रोणाचार्य, धृतराष्ट्र, गान्धारी र उनका छोराहरू, जहानसमेत पाण्डवहरू, कुन्ती, सृञ्जय, विदुर, कृपाचार्यले कृष्णजीको दर्शन गरेर खूप आनन्द मनाए ।]

श्रीमद्भागवतमा बताइएको यो सर्वग्रास सूर्यग्रहण कहिले लाग्यो होला भनी गणेश दैवज्ञले गणना गरेछन् र यो ग्रहण विक्रमपूर्व ३०५२ मा अर्थात् अहिलेभन्दा (वि. सं. २०२५ भन्दा) ५०७७ वर्ष अगाडि लागेको भनी निश्चय गरेछन्—

कृष्णो भान्वखिलग्रहाय स कुरुक्षेत्रं सधर्मो यया-
वित्थं भागवते निशम्य च मयाऽऽलोच्याऽऽर्षसिद्धान्ततः ।
द्व्यङ्काङ्काग्न्यरिनागतुल्यशरदी ८६३९९२ ते द्वापरे तारणेऽ-
ब्देऽन्त्ये मासि खभू १० घटीषु भृगुजेऽभूत् सोऽर्कसर्वग्रहः[1] ॥

(सिद्धान्तशिरोमणिको टीका शिरोमणिप्रकाश ग्रहगणिताध्याय (उत्तरार्द्ध)को २१ पृष्ठ, आनन्दाश्रम संस्कृत ग्रन्थावलिको संस्करण)

---

१. गणेश दैवज्ञले अरू दुइटा सूर्यग्रहणको पनि उल्लेख गरेका छन्—

शाके त्र्यब्धीन्द्रतुल्ये १४४३ वृषशरदि मधौ मासि बाणेन्दु १५ नाडी-
तुल्ये दर्शेऽश्विधिष्ण्ये दिनकरदिवसे भानुसर्वग्रहोऽभूत् ।
तस्मिन् सर्वग्रहेऽस्तं गतवति सकले काव्यसप्तर्षिमुख्या-
स्तारा दृष्ट्वाऽन्धकाराकुलितमिह जगत् तत् तु हाहा चकार ॥
शाकेऽष्टाद्रिमनून्मिते १४७८ नलशरद्यूर्ध्वेऽष्टनाडीमिते
दर्शेऽब्जाऽहनि मित्रभेऽभवदिनग्रस्तं महाश्चर्यकृत् ।
शेषोऽर्कः परितः सितो वलयवन्मध्ये च कृष्णो यतोऽ-
ल्पं चार्कं वपुरैक्षताऽत्र कविविद्भ्रान्त्यन्धकारे जनः ॥

(सिद्धान्तशिरोमणिको टीका शिरोमणिप्रकाश ग्रहगणिताध्याय (उत्तरार्द्ध)को २१ पृष्ठ)

[ सूर्यको सर्वग्रहणमा कृष्णजी कुरुक्षेत्रमा जानुभएको थियो, त्यहाँ युधिष्ठिर पनि गएका थिए भन्ने भागवतमा सुनेर मैले आर्षसिद्धान्तबाट विचार गरें । गणित गर्दा द्वापरको ८६३९९२ वर्ष बितेमा (द्वापरको ८ वर्ष बाँकी रहेमा=कलि लाग्नुभन्दा ८ वर्षअगाडि=विक्रमपूर्व ३०५२ वर्षमा) तारणसंवत्सरमा फाल्गुन कृष्ण (पूर्णान्तमानले चैत्र कृष्ण) औंसी शुक्रवारमा १० घडी दिन चढ्दा सूर्यको सो सर्वग्रास ग्रहण लागेको थियो भन्ने देखियो । ]

## बुद्धले पनि सूर्यग्रहणको चर्चा गरेका छन्

'यथा वा पने' के भोन्तो समण–ब्राह्मणा सद्धा–देय्यानि भोजनानि भुञ्जित्वा ते एवरूपाय तिरच्छान–विज्जाय मिच्छा–जीवेन जीविकं कप्पेन्ति–सेय्यथीदं, चन्द–ग्गाहो भविस्सति, सुरिय–ग्गाहो भविस्सति, नक्खत्त–ग्गाहो भविस्सति । चन्दिम–सुरियानं पथ–गमनं भविस्सति, चन्दिम–सुरियानं उप्पथ–गमनं भविस्सति । नक्खत्तानं पथ–गमनं भविस्सति, नक्खत्तानं उप्पथ–गमनं भविस्सति । उक्का–पातो भविस्सति । दिसा–डाहो भविस्सति । भूमि–चालो भविस्सति । देव–दुन्दुभि भविस्सति । चन्दिम–सुरिय–नक्खत्तानं उग्गमनं ओगमनं संकिलेसं वोदानं भविस्सति । एवं विपाको चन्द–ग्गाहो भविस्सति, एवं–विपाको सुरिय–ग्गाहो भविस्सति, एवं–विपाको नक्खत्त–ग्गाहो भविस्सति, एवं–विपाको चन्दिम–सुरियानं पथ–गमनं भविस्सति, एवं–विपाको चन्दिम–सुरियानं उप्पथगमनं भविस्सति, एवं–विपाको नक्खत्तानं पथ–गमनं भविस्सति, एवं–विपाको

---

[ शकसंवत् १४४३ (वि. सं. १५७८) वृषसंवत्सर चैत्र कृष्ण (पूर्णान्तमानले वैशाख कृष्ण) औंसी आदित्यवार अश्विनी नक्षत्रमा १५ घडी दिन चढ्दा सूर्यको सर्वग्रहण भयो । त्यो सूर्यग्रहणमा सबै कुरा नदेखिने भए । त्यस अन्धकारमा शुक्र, सर्पा आदि तारालाई देखेर आकुलव्याकुल भएका दुनियाँले हाहाकार गरे ।

शकसंवत् १४७८ (वि. सं. १६१३) नलसंवत्सर कार्तिक कृष्ण (पूर्णान्तमानले मार्ग कृष्ण) औंसी सोमवार अनुराधा नक्षत्रमा ८ घडी दिन चढ्दा अचम्मलाग्दो सूर्यग्रहण भयो । ग्रहण लागी बाँकी रहेको सूर्यको बिम्बवरिपरि उज्यालो भएर बाला जस्तो भएको थियो, बीचमा कालो थियो । किनभने चन्द्रमाको बिम्ब सानो थियो । त्यस अन्धकारमा दुनियाँले शुक्र, बुध आदि ग्रह नक्षत्रलाई देखे । ]

गणेश दैवज्ञले दिएका ग्रहणको हामीले पनि परीक्षा गर्नपरेको छ ।

**नक्खत्तानं उप्पथ-गमनं भविस्सति, एवं-विपाको उक्का-पातो भविस्सति, एवं-विपाको दिसा-डाहो भविस्सति, एवं-विपाको भूमि-चालो भविस्सति, एवं-विपाको देव-दुन्दुभि भविस्सति, एवं-विपाकं चन्दिम-सुरिय-नक्खत्तानं उग्गमनं ओगमनं संकिलेसं वोदानं भविस्सति,-इति वा, इति एवरूपाय तिरच्छान-विज्जाय मिच्छा-जीवा पटिविरतो समणो गोतमो' ति। इति वा हि भिक्खवे, पुथुज्जनो तथागतस्स वण्णं वदमानो वदेय्य । (२४)**

(ब्रह्मजालसुत्त, वि. सं. १९९९ मा बम्बईविश्वविद्यालयबाट प्रकाशित 'दीघनिकाय'को पहिलो भागको १२ पृष्ठ)

संस्कृतच्छाया

**यथा वा पुनरेके भवन्तः श्रमणब्राह्मणाः श्रद्धादेयानि भोजनानि भुक्त्वा त एवंरूपाया तिरश्चीनविद्याया मिथ्याजीवेन जीविकां कल्पयन्ति तद् यथेदम्-चन्द्रग्रहो भविष्यति, सूर्यग्रहो भविष्यति, नक्षत्रग्रहो भविष्यति, चन्द्रसूर्ययोः पथिगमनं भविष्यति, चन्द्रसूर्ययोरुत्पथगमनं भविष्यति, नक्षत्राणां पथिगमनं भविष्यति, नक्षत्राणामुत्पथगमनं भविष्यति, उल्कापातो भविष्यति, दिग्दाहो भविष्यति, भूमिचालो भविष्यति, देवदुन्दुभिर्भविष्यति, चन्द्रसूर्यनक्षत्राणामुद्गमनमवगमनं (स) सङ्क्लेशं (स)-व्यवदानं भविष्यति । एवंविपाकश्चन्द्रग्रहो भविष्यति, एवंविपाकः सूर्यग्रहो भविष्यति, एवंविपाको नक्षत्रग्रहो भविष्यति, एवंविपाकं चन्द्रसूर्ययोः पथिगमनं भविष्यति, एवंविपाकं चन्द्रसूर्ययोरुत्पथगमनं भविष्यति, एवंविपाकं नक्षत्राणां पथिगमनं भविष्यति, एवंविपाकं नक्षत्राणामुत्पथगमनं भविष्यति, एवंविपाक उल्कापातो भविष्यति, एवंविपाको दिग्दाहो भविष्यति, एवंविपाको भूमिचालो भविष्यति, एवंविपाको देवदुन्दुभिर्भविष्यति, एवंविपाकं चन्द्रसूर्यनक्षत्राणामुद्गमनमवगमनं (स)सङ्क्लेशं (स)व्यवदानं भविष्यति- इति वा, इति एवंरूपायास्तिरश्चीनविद्याया मिथ्याजीवात् प्रतिविरत श्रमणो गौतम इति । इति वा हि भिक्षवः पृथग्जनस्तथागतस्य वर्णं वदन् वदेत् । ]**

अनुवाद

[ भिक्षुहो, केही श्रमण (भिक्षु, जोगी) र ब्राह्मणहरू अरूले श्रद्धापूर्वक दान दिएको कुरा खाएर यस किसिमको तुच्छ विद्याको झूठो जीविकाद्वारा निर्वाह गर्दछन् । जस्तै-चन्द्रग्रहण लाग्छ, सूर्यग्रहण लाग्छ, नक्षत्रग्रहण[1] लाग्छ । चन्द्र र सूर्य आफ्नै बाटोबाट हिंड्छन् । चन्द्र र सूर्य

१. हाम्रो देशमा चन्द्रग्रहण बराबर परिरहन्छ, चन्द्रग्रहणभन्दा सूर्यग्रहण कम पर्छ । यस कारण साधारण मानिस पनि चन्द्रग्रहण र सूर्यग्रहणदेखि परिचित छन् । नक्षत्रग्रहणको विषयमा केही विचार गर्नुपरेको छ ।

**नक्षत्रमृक्षं भं तारा तारकाप्युडु वा स्त्रियाम् ।**

(अमरकोश १।३।२१)

आफ्नो बाटो छोडेर हिंड्छन् । नक्षत्रहरू आफ्नै बाटोबाट हिंड्छन्, नक्षत्रहरू आफ्ना बाटा छोडेर हिंड्छन् । उल्कापात हुन्छ । दिग्दाह हुन्छ । भूईंचालो जान्छ । पानी नपर्ने बादल गर्जन्छ ।

(नक्षत्र, ऋक्ष, भ, तारा, तारका उडु यी ६ शब्दले तारालाई बुझाउँछन् ।)

**वक्रानुवक्रास्तमयोदयाद्यास्ताराग्रहाणां करणे मयोक्ताः ।**

(बृहत्संहिता १।१०)

[ ताराग्रहहरूका वक्रगति मार्गगति अस्त तथा उदय मैले (वराहमिहिरले) करण (पञ्चसिद्धान्तिका)मा बताएको छु । ]

यसको टीकामा भट्टोत्पलले "**ताराग्रहाः भौमादयः**" (ताराग्रह भनेका मङ्गलहरू हुन्) भनी बोलेका छन् । यताबाट ताराग्रूप भएका मङ्गल, बुध, बृहस्पति, शुक्र तथा शनैश्चरलाई ज्योतिषीहरूले ताराग्रह भन्ने नाम दिएको स्पष्ट देखिन्छ । यही परम्परामा गणेश दैवज्ञले आफ्नो प्रसिद्ध ग्रन्थ ग्रहलाघवको तेस्रो अध्यायमा मङ्गल बुध बृहस्पति शुक्र शनिलाई स्पष्ट गर्ने विधि लेखी सो अध्यायको नाम 'पञ्चतारास्पष्टीकरणाधिकार' भनी राखेका छन् । कालिदासले पनि—

**नक्षत्रताराग्रहसंकुलाऽपि ज्योतिष्मती चन्द्रमसैव रात्रिः ।**

(रघुवंश ६।२२)

[नक्षत्र, ताराग्रह (मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि) आकाशभर खचिखचाउ भए तापनि रात जुनेली हुन चन्द्रमा नै उदाउनुपर्छ । ]

भनी बोलेका छन् ।

यताबाट आकाशमा देखिने ताराहरूमध्येमा मङ्गल, बुध, बृहस्पति, शुक्र, शनिहरूको आफ्नो गति पनि भएकोले तिनलाई ताराग्रह नाम दिएको र तीभन्दा बाहेक अरू आँखाले देखिने ताराहरूलाई नक्षत्र नामले कालिदासले व्यवहार गरेको स्पष्ट छ ।

**ताराग्रहाणामन्योन्यं स्यातां युद्धसमागमौ ।**
**समागमः शशाङ्केन सूर्येणाऽस्तमनं सह ।।**

(सूर्यसिद्धान्त ग्रहयुत्यधिकार १ श्लो.)

[ ताराग्रहहरू (मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि) को आफुसआफुसमा भेट हुँदा कहिले युद्ध कहिले समागम हुन्छ । चन्द्रमासंग भेट हुँदाचाहिँ समागम हुन्छ । सूर्यसँग भेट हुँदा अस्त हुन्छ । ]

सूर्यसिद्धान्तको ग्रहयुत्यधिकारमा ताराग्रहहरूको आफुसआफुसको भेट हुँदा पर्न आउने अवस्थाको विषयमा विचार गरिएको छ । नक्षत्रग्रहयुत्यधिकारमा चाहिँ ताराग्रहहरूको अरू तारा (नक्षत्र)सँग भेट हुँदा पर्न आउने अवस्थाको विषयमा विचार गरिएको छ ।

यसै गरी सिद्धान्तशिरामणिमा पनि ती ती अधिकारमा ती ती विषयमै विचार गरिएको छ । त्यहाँ तलतिर रहेको ताराग्रहले माथितिर रहेको ताराग्रहलाई छोपिदिंदा चन्द्रमाले सूर्य-

चन्द्र सूर्य नक्षत्रहरू उदाएको तथा अस्ताएको राम्ररी देखिदैंन, चन्द्र सूर्य नक्षत्रहरू उदाएको तथा अस्ताएको राम्ररी देखिन्छ । चन्द्रग्रहणको यस्तो फल हुन्छ[1], सूर्यग्रहणको यस्तो फल हुन्छ[1], नक्षत्रग्रहणको यस्तो फल हुन्छ[२], चन्द्र र सूर्य आफ्नै बाटोबाट हिंड्दा यस्तो फल हुन्छ[३], चन्द्र र सूर्य आफ्नो बाटो छोडर हिंड्दा यस्तो फल हुन्छ[३] । नक्षत्रहरू आफ्नै बाटोबाट हिंड्दा यस्तो फल हुन्छ[४], नक्षत्रहरू आफ्नो बाटो छोडेर हिंड्दा यस्तो फल हुन्छ[४], । उल्कापातको यस्तो फल हुन्छ[५] । दिग्दाहको यस्तो फल हुन्छ[६] । भुँइचालोको यस्तो फल हुन्छ[७] । पानी नपरीकन बादल गर्जदा यस्तो फल हुन्छ[८] । चन्द्र सूर्य नक्षत्रहरू राम्ररी उदाएको

---

लाई छोपिदिंदा सूर्यग्रहण पर्न आए जस्तै स्थिति पर्न आउँछ भनी लेखिएको छ । सो स्थितिको गणना गर्ने विधि ती ती अधिकारमा विस्तारपूर्वक दिइएको छ । चन्द्रमाले ताराग्रहलाई छोपिदिदा पनि विशेष चमत्कारपूर्ण स्थिति पर्न आउँछ । यस विषयको चर्चा कालिदासले पनि गरेका छन् (पूर्णिमा ४ वर्ष २६१ पृष्ठ हेर्नुहोस् ।) बुध र शुक्रले सूर्यबिम्बको अलिकता भागलाई छोपिदिंदा पनि विशेष चमत्कारपूर्ण स्थिति पर्न आउँछ । यस विषयको विशेष विचार सिद्धान्ततत्वविवेकको बिम्बाधिकारमा गरिएको छ । तारा (नक्षत्र)रूप भएका ग्रह (मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि) को आफुसआफुसमा, अरू तारासँग तथा चन्द्रमासँग भेट हुँदा पर्न आउने अवस्था र अरू ताराको चन्द्रमासँग भेट हुँदा पर्न आउने अवस्थालाई यहाँ नक्षत्रग्रहण भनेको देखिन्छ ।

१. यस विषयको विचार बृहत्संहिताको राहुचाराध्यायमा गरिएको छ ।

२. यस विषयको फल बृहत्संहिताका आदित्यचाराध्यायहरूमा र रोहिणीयोगाध्यायहरूमा छन् ।

३. यस विषयको विचार बृहत्संहिताका आदित्यचार र चन्द्रचार अध्यायमा गरिएको छ ।

४. यस विषयको विचार बृहत्संहिताका भौमचार, बुधचार, बृहस्पतिचार, शुक्रचार, शनैश्चरचार, केतुचार, अगस्त्यचार, सप्तर्षिचार अध्यायहरूमा गरिएको छ ।

५. यस विषयको विचार बृहत्संहिताको उल्कालक्षण अध्यायमा गरिएको छ ।

६. यस विषयको विचार बृहत्संहिताको दिग्दाहलक्षण अध्यायमा गरिएको छ ।

७. यस विषयको विचार बृहत्संहिताको भूकम्पलक्षण अध्यायमा गरिएको छ ।
बुद्धको पालाको 'भूमिचालो' शब्द नेपालीमा भुँइचालो शब्द बनेको छ । यस कारण नेपाली भाषाको विकासको अध्ययन गर्न चाहनेले पालि भाषाको पनि अध्ययन गर्नु आवश्यक छ ।

८. मूलमा 'देवदुन्दुभि भविस्सति' भनी लेखिएको छ । यसको शब्दार्थ देवताको दमाऔ(बाजा) हुनेछ (बज्नेछ) भन्ने हुन्छ । यस कारण यसको भाव बुझ्न अलि विचार गर्नुपर्छ । 'रबर्ट सीजर चिल्डर्स' को पालिकोशको ११५ पृष्ठमा देवदुन्दुभिको अर्थ अट्ठकथा (अर्थकथा) बाट 'सुक्खबलाहकागज्जनम्' (सुकेको बादल गर्जनु) भन्ने लेखिएको छ । यस विषयको फल बृहत्संहिताको निर्घातलक्षणाध्यायमा छ ।

देखिंदा र नदेखिंदा तथा चन्द्र सूर्य नक्षत्रहरू अस्ताएको राम्ररी नदेखिंदा र देखिंदा यस्तो यस्तो फल हुन्छ[१] । यस किसिमको तुच्छ विद्याको झूटो जीविकाबाट श्रमण गौतम (भिक्षु-चर्यामा रहेका बुद्ध) पर सरेका छन् भनी साधारण मानिसहरू तथागत (यथार्थ कुरा बुझेका बुद्ध)को प्रशंसा गर्दा बोल्छन् ।

(क्रमशः)

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको

# रत्नदीप

*सम्पादक तथा अनुवादक-रामजी तेवारी*

२३ प्रक्रम- मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याउने रीति ।

**अब्दोऽश्विनन्देन्दुहतः स्वशून्यदन्तांशहीनो नववेदयुक्तः ।**
**भूयोऽब्दपञ्चाद्रिगुणांशयुक्तो भौमध्रुवः स्याद्**

**अन्वय**-अश्विनन्देन्दुहतः अब्दः स्वशून्यदन्तांशहीनः (कार्यः), नववेदयुक्तः (कार्यः), भूयः अब्दपञ्चाद्रिगुणांशयुक्तः (कार्यः), भौमध्रुवः स्यात् ।

**पदार्थ**-अश्विनन्देन्दुहतः=१९२ ले गुनिएको । अब्दः=वर्षगण । स्वशून्यदन्तांशहीनः=आफ्नो ३२० भाग घटेको । कार्यः=गर्नू । नववेदयुक्तः=४९ अंश जोडिएको । कार्यः=गर्नू । भूयः=फेरि । अब्दपञ्चाद्रिगुणांशयुक्तः=वर्षगणको ३७५ भाग जोडिएको । कार्यः=गर्नू । भौमध्रुवः=मङ्गलको ध्रुव । स्यात्=हुन्छ ।

**भावार्थ**-वर्षगणलाई १९२ ले गुन्नू, गुणनफल अंश हुन्छ । गुणनफललाई ३२० ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफलबाट लब्धि घटाउनू । शेषमा ४९ अंश जोड्नू । योगफल अंशादि प्रथमफल हुन्छ ।

---

१. ग्रहनक्षत्रहरूको अस्त उदयको फल बृहत्संहिताका ती ती चार अध्यायमा छन् ।

बर्षगणलाई ३७५ ले भाग लिई अंशादि लब्धि लिनू । यो लब्धि अंशादि द्वितीयफल हुन्छ ।

प्रथमफल र द्वितीयफलको योग गर्नू । योगफल मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) हुन्छ ।

## उदाहरण

विक्रमसंवत् १८७१ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याउँदा

विक्रमसंवत् १८७१ को बर्षगण १७ हो (१ प्रक्रमको उदाहरण हेर्नुहोस्) । बर्षगण १७ लाई १९२ ले गुन्दा गुणनफल ३२६४ अंश आउँछ । गुणनफल ३२६४ अंशलाई ३२० ले भाग लिँदा लब्धि १० अंश १२ कला आउँछ । अंशादि यो लब्धि १०।१२ लाई गुणनफल ३२६४ अंशबाट घटाउँदा शेष ३२५३ अंश ४८ कला आउँछ । अंशादि यो शेष ३२५३।४८ मा ४९ अंश जोड्दा योगफल ३३०२ अंश ४८ कला आउँछ । अंशादि यो योगफल ३३०२।४८ प्रथमफल हुन्छ ।

बर्षगण १७ लाई ३७५ ले भाग लिँदा लब्धि ० अंश २ कला ४३ विकला १२ प्रति-विकला आउँछ । अंशादि यो लब्धि ०।२।४३।१२ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल ३३०२।४८ र अंशादि द्वितीयफल ०।२।४३।१२ को योग गर्दा ३३०२ अंश ५० कला ४३ विकला १२ प्रतिविकला आउँछ । ३३०२ अंशलाई ३६० अंशले तष्ट गर्दा ६२ अंश आउँछ । यस कारण अंशादि ६२।५०।४३।१२ हुन्छ । यस कारण विक्रमसंवत् १८७१ को मङ्गलको ध्रुव (मेषङ्क्रान्तिकालका मध्यम मङ्गल) ६२ अंश ५० कला ४३ बिकला १२ प्रतिविकला हुन्छ ।

| | | |
|---|---|---|
| | अं. । क. | |
| १९२ | ३२०)३२६४ अंश( १० । १२ | |
| १७ बर्षगण | ३२० | |
| १३४४ | ६४ | अ. । क. |
| १९२ | ×६० | ३२६४ । ० |
| ३२६४ अंश | १६) ६४ | १० । १२ |
| | ×३ | ३२५३ । ४८ |
| | १) ४ | ४९ । ० |
| | ×३ | ३३०२ । ४८ प्रथमफल |
| | १२ | |

अं. । क. । वि. । प्र.

३७५)१७ वर्षगण ( ० । २ । ४३ । १२ । द्वितीयफल

| | | अं. | क. | वि. | प्र. | |
|---|---|---|---|---|---|---|
| ×६० | | | | | | |
| २५) १७ | २१६ | ३३०२ | ४८ | ० | ० | प्रथमफल |
| ×४ | २० | ० | २ | ४३ | १२ | द्वितीयफल |
| ६८ | १६ | ३३०२ | ५० | ४३ | १२ | |
| ५० | १५ | | | | | |
| १८ | १ | | | | | |
| ×६० | ×६० | | | | | |
| ५) १८ | १) १ | | | | | |
| ×१२ | ×१२ | | | | | |
| २१६ | १२ | | | | | |

३६०)३३०२(९
३२४०
६२

अं. । क. । वि. । प्र.

६२ । ५० । ४३ । १२ । वि. सं. १८७१ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल)

## १७ प्रश्नमाला

तल दिइएका वर्षका मङ्गलका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याऊ।

| | | |
|---|---|---|
| (१) वि. सं. २०२३ | (७) वि. सं. १८६० | (१३) वि. सं. १९६० |
| (२) वि. सं. २०२२ | (८) वि. सं. १८६१ | (१४) वि. सं. १९६१ |
| (३) वि. सं. २०२१ | (९) वि. सं. १८६७ | (१५) वि. सं. १९७० |
| (४) वि. सं. २०२० | (१०) वि. सं. १८६८ | (१६) वि. सं. १९७१ |
| (५) वि. सं. २०१९ | (११) वि. सं. १८६९ | (१७) वि. सं. १८५४ |
| (६) वि. सं. २०१८ | (१२) वि. सं. १८७० | (१८) वि. सं. १८५५ |

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | | अंश | कला | विकला | प्रतिविकला |
|---|---|---|---|---|---|---|---|---|---|
| (१) | ३५६ | ३ | २ | २४ | (२) | १६४ | ३८ | ५२ | ४८ |
| (३) | ३३३ | १४ | ४३ | १२ | (४) | १४१ | ५० | ३३ | ३६ |
| (५) | ३१० | २६ | २४ | ० | (६) | ११९ | २ | १४ | २४ |
| (७) | ११७ | २४ | ५७ | ३६ | (८) | ३०८ | ४९ | ७ | १२ |
| (९) | १७ | १४ | ४ | ४८ | (१०) | २०८ | ३८ | १४ | २४ |
| (११) | ४० | २ | २४ | ० | (१२) | २३१ | २६ | ३३ | ३६ |
| (१३) | १७७ | ४० | ५७ | ३६ | (१४) | ९ | ५ | ७ | १२ |
| (१५) | २९१ | ४२ | ३३ | ३६ | (१६) | १२३ | ६ | ४३ | १२ |
| (१७) | ४९ | ० | ० | ० | (१८) | २४० | २४ | ९ | ३६ |

२४ प्रक्रम–वि. सं. १८५४ भन्दा अगाडिका वर्षका मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याउने उदाहरण ।

## १ उदाहरण

विक्रमसंवत् १८५३ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याउँदा ।

विक्रमसंवत् १८५३ को वर्षगण ऋण १ हो (३ प्रक्रमको १ उदाहरण हेर्नुहोस्) । वर्षगण ऋण १ लाई १९२ ले गुन्दा गुणनफल ऋण १९२ अंश आउँछ । गुणनफल ऋण १९२ अंशलाई ३२० ले भाग लिँदा लब्धि ऋण ० अंश ३६ कला आउँछ । अंशादि यो लब्धि ऋण ०।३६ लाई गुणनफल ऋण १९२ अंशबाट घटाउँदा शेष ऋण १९१ अंश २४ कला आउँछ । अंशादि यो शेष ऋण १९१।२४ मा ४९ अंश जोड्दा योगफल ऋण १४२ अंश २४ कला आउँछ । अंशादि यो योगफल ऋण १४२।२४ प्रथमफल हुन्छ ।

वर्षगण ऋण १ लाई ३७५ ले भाग लिँदा लब्धि ऋण ० अंश ० कला ९ विकला ३६ प्रतिविकला आउँछ । अंशादि यो ऋण ०।०।९।३६ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल ऋण १४२।२४ र अंशादि द्वितीयफल ऋण ०।०।९।३६ को योग गर्दा योगफल ऋण १४२ अंश २४ कला ९ विकला ३६ प्रतिविकला आउँछ । अंशादि यो योगफल ऋण १४२।२४।९।३६ लाई ३६० अंशबाट घटाउँदा शेष २१७ अंश ३५ कला ५० विकला २४ प्रतिविकला आउँछ । यस कारण विक्रमसंवत् १८५३ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) २१७ अंश ३५ कला ५० विकला २४ प्रतिविकला हुन्छ ।

```
   १९२                              अं. । क.
 ×(−१) वर्षगण        ३२०)−१९२ अंश(−० । ३६
 --१९२ । अंश            ×६०
                      १६)१९२
 अं. । क.                ×३                          अं. । क.
 −१९२। ०              १) १२                        −१९१ । २४
 −   ०। ३६               ×३                            ४९ । ०
 −१९१। २४               ३६                         --१४२ । २४ । प्रथमफल

                       अं. । क. । वि. । प्र.वि.
          ३७५)−१ वर्षगण(−० । ० । ९ । ३६  द्वितीयफल
               ×६०
          २५)   १              ४८
               ×४              ४५
                ४               ३
              ×६०             ×६०
          ५)    ४         १)    ३
              ×१२            ×१२
               ४८              ३६
```

| अं. | क. | वि. | प्र. | |
|---|---|---|---|---|
| –१४२ | २४ | ० | ० | प्रथमफल |
| – ० | ० | ९ | ३६ | द्वितीयफल |
| –१४२ | २४ | ९ | ३६ | |

| अं. | क. | वि. | प्र. | |
|---|---|---|---|---|
| ३६० | ० | ० | ० | |
| –१४२ | २४ | ९ | ३६ | |
| २१७ | ३५ | ५० | २४ | वि. सं. १८५३ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) |

## २ उदाहरण

विक्रमसंवत् १७३८ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याउँदा ।

विक्रमसंवत् १७३८ को वर्षगण ऋण ११६ हो (३ प्रक्रमको २ उदाहरण हेर्नुहोस्) । वर्षगण ऋण ११६ लाई १९२ ले गुन्दा गुणनफल ऋण २२२७२ अंश आउँछ । गुणनफल ऋण २२२७२ अंशलाई ३२० ले भाग लिंदा लब्धि ऋण ६९ अंश ३६ कला आउँछ । अंशादि यो लब्धि ऋण ६९।३६ लाई गुणनफल ऋण २२२७२ अंशबाट घटाउँदा शेष ऋण २२२०२ अंश २४ कला आउँछ । अंशादि यो शेष ऋण २२२०२।२४ मा ४९ अंश जोड्दा योगफल ऋण २२१५३ अंश २४ कला आउँछ । अंशादि यो योगफल ऋण २२१५३।२४ प्रथमफल हुन्छ ।

वर्षगण ऋण ११६ लाई ३७५ ले भाग लिंदा लब्धि ऋण ० अंश १८ कला ३३ बिकला ३६ प्रतिविकला आउँछ । अंशादि यो ऋण ०।१८।३३।३६ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल ऋण २२१५३।२४ र अंशादि द्वितीयफल ऋण ०।१८।३३।३६ को योग गर्दा योगफल ऋण २२१५३ अंश ४२ कला ३३ विकला ३६ प्रतिविकला आउँछ । २२१५३ अंशलाई ३६० ले तष्ट गर्दा १९३ अंश शेष रहन्छ । यस कारण ऋण १९३ अंश ४२ कला ३३ विकला ३६ प्रतिविकला हुन्छ । अंशादि यो ऋण १९३।४२।३३।३६ लाई ३६० अंशबाट घटाउँदा शेष १६६ अंश १७ कला २६ विकला २४ प्रतिविकला आउँछ । यस कारण विक्रमसंवत् १७३८ को मङ्गलको ध्रुव (मेषङ्क्रान्तिकालका मध्यम मङ्गल) १६६ अंश १७ कला २६ विकला २४ प्रतिविकला हुन्छ ।

१९२
×(−११६) वर्षगण
११५२
१९२
१९२
−२२२७२ अंश

अं. । क.
−२२२७२ । ०
− ६९ । ३६
−२२२०२ । २४

अं. । क.
३२०)−२२२७२ अंश(−६९ । ३६
१९२०
३०७२
२८८०
१९२
×६०
१६) ११५२
× ३
१) १२
×३
३६

अं. । क.
−२२२०२ । २४
+ ४९ । ०
−२२१५३ । २४ प्रथमफल

अं. । क. । वि. । प्र.
३७५)−११६ वर्षगण(−० । १८ । ३३ । ३६ द्वितीयफल
×६०
२५) ११६
×४
४६४
२५
२१४
२००
१४
×६०
५) १४
×१२
१६८
१५
१८
१५
३
×६०
१) ३
×१२
३६

अं. । क. । वि. । प्र.
−२२१५३ । २४ । ० । ० प्रथमफल
− ० । १८ । ३३ । ३६ द्वितीयफल
−२२१५३ । ४२ । ३३ । ३६

अं. । क. । वि. । प्र.
−१९३ । ४२ । ३३ । ३६

३६०)−२२१५३(६१
२१६०
५५३
३६०
१९३

अं. । क. । वि. । प्र.
३६० । ० । ० । ०
−१९३ । ४२ । ३३ । ३६
१६६ । १७ । २६ । २४ । वि. सं. १७३८ को मङ्गलको ध्रुव
(मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल)

## १८ प्रश्नमाला

तल दिइएका वर्षका मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याऊ।

(१) विक्रमसंवत् १८११
(२) विक्रमसंवत् १८१०
(३) विक्रमसंवत् १७४०
(४) विक्रमसंवत् १७३९
(५) विक्रमसंवत् १७३१
(६) विक्रमसंवत् १७३२
(७) विक्रमसंवत् १६१६
(८) विक्रमसंवत् १६१५
(९) विक्रमसंवत् १५३८
(१०) विक्रमसंवत् १५३७
(११) विक्रमसंवत् १४४४
(१२) विक्रमसंवत् १४४३
(१३) विक्रमसंवत् १३५२
(१४) विक्रमसंवत् १३५३
(१५) विक्रमसंवत् १
(१६) विक्रमसंवत् ०

### उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | | अंश | कला | विकला | प्रतिविकला |
|---|---|---|---|---|---|---|---|---|---|
| [१] | ९८ | ४१ | ७ | १२ | [२] | २६७ | १६ | ५७ | ३६ |
| [३] | १८९ | ५ | ४५ | ३६ | [४] | ३५७ | ४१ | ३६ | ० |
| [५] | २६५ | २८ | १९ | १२ | [६] | ९७ | ५२ | २८ | ४८ |
| [७] | २१५ | ९ | ५५ | १२ | [८] | २३ | ४५ | ४५ | ३६ |
| [९] | ४५ | ४५ | २६ | २४ | [१०] | २१४ | २१ | १६ | ४८ |
| [११] | ५३ | ५४ | २४ | ० | [१२] | २२२ | ३० | १४ | २४ |
| [१३] | ८४ | ५१ | ४० | ४८ | [१४] | २७६ | १५ | ५० | २४ |
| [१५] | ३३९ | ५१ | ३१ | १२ | [१६] | १४८ | २७ | २१ | ३६ |

२५ *प्रक्रम*–विक्रमसंवत् २०२२ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) अंशादि १६४।३८।५२।४८ र विक्रमसंवत् २०२३ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) अंशादि ३५६।३।२।२४ छन्। यी उदाहरणबाट १ वर्षमा मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) अंशादि १९१।२४।९।३६ बढ्दो रहेछ भन्ने देखिन्छ। यस कारण अंशादि १९१।२४।९।३६ लाई १,२,३ इत्यादिले गुन्दा तथा विक्रमसंवत् ० को अंशादि मङ्गलको ध्रुव[1] (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल)लाई क्षेपक नाम दिंदा तलको सारणी बन्न आउँछ।

---

१. विक्रमसंवत् १८५४ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ४९ अंश हुन्छ भनी लक्ष्मीपतिले बोलेका छन्। १ वर्षको मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) को गति अंशादि १९१।२४।९।३६ हुन्छ। यस कारण मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल)को वार्षिक गतिलाई १८५४ ले गुनी आएको गुणनफललाई ४९ अंशबाट घटाउँदा विक्रमसंवत् ० को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) आउँछ।

# ५ सारणी

क्षेपक [बि. स. ० को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ]

अं. । क. । वि. । प्र.

१४८ । २७ । २१ । ३६

| वर्षको | अंश | कला | विकला | प्रतिविकला |
|---|---|---|---|---|
| १ | १९१ | २४ | ९ | ३६ |
| २ | २२ | ४८ | १९ | १२ |
| ३ | २१४ | १२ | २८ | ४८ |
| ४ | ४५ | ३६ | ३८ | २४ |
| ५ | २३७ | ० | ४८ | ० |
| ६ | ६८ | २४ | ५७ | ३६ |
| ७ | २५९ | ४९ | ७ | १२ |
| ८ | ९१ | १३ | १६ | ४८ |
| ९ | २८२ | ३७ | २६ | २४ |
| १० | ११४ | १ | ३६ | ० |
| २० | २२८ | ३ | १२ | ० |
| ३० | ३४२ | ४ | ४८ | ० |
| ४० | ९६ | ६ | २४ | ० |
| ५० | २१० | ८ | ० | ० |
| ६० | ३२४ | ९ | ३६ | ० |
| ७० | ७८ | ११ | १२ | ० |
| ८० | १९२ | १२ | ४८ | ० |
| ९० | ३०६ | १४ | २४ | ० |
| १०० | ६० | १६ | ० | ० |
| २०० | १२० | ३२ | ० | ० |
| ३०० | १८० | ४८ | ० | ० |
| ४०० | २४१ | ४ | ० | ० |
| ५०० | ३०१ | २० | ० | ० |

१९१।२४।९।३६ लाई १८५४ ले गुन्दा गुणनफल अंशादि २६०।३२।२८।२४ आउँछ । गुणनफल अंशादि २६०।३२।२८।२४ लाई ४९ अंशबाट घटाउँदा अंशादि १४८।२७।२१।३६ आउँछ । अंशादि १४८।२७।२१।३६ बिक्रमसंवत् ० को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) हुन्छ ।

| वर्षको | अंश | कला | विकला | प्रतिविकला |
|---|---|---|---|---|
| ६०० | १ | ३६ | ० | ० |
| ७०० | ६१ | ५२ | ० | ० |
| ८०० | १२२ | ८ | ० | ० |
| ९०० | १८२ | २४ | ० | ० |
| १००० | २४२ | ४० | ० | ० |
| २००० | १२५ | २० | ० | ० |
| ३००० | ८ | ० | ० | ० |
| ४००० | २५० | ४० | ० | ० |
| ५००० | १३३ | २० | ० | ० |
| ६००० | १६ | ० | ० | ० |
| ७००० | २५८ | ४० | ० | ० |
| ८००० | १४१ | २० | ० | ० |
| ९००० | २४ | ० | ० | ० |
| १०००० | २६६ | ४० | ० | ० |

२६ *प्रक्रम–५* सारणीबाट इष्ट विक्रमसंवत्को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याउने रीति ।

इष्ट विक्रमसंवत्को सहस्रस्थानीको अंशादि शतस्थानीको अंशादि, दशस्थानीको अंशादि, एकस्थानीको अंशादिसमेत जोड्नू । यो योगफल क्षेपकमा जोड्नू । योगफल इष्ट विक्रमसंवत्को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) हुन्छ । अंश ३६० भन्दा बढ्ता भए ३६० ले तष्ट गर्नू (३६० ले भाग लिई शेष मात्र लिनू) ।

जस्तै—

विक्रमसंवत् १८७१ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याउँदा ।

| | अं. । क. । वि. । प्र. |
|---|---|
| १००० वर्षको अंशादि | २४२ । ४० । ० । ० |
| ८०० वर्षको अंशादि | १२२ । ८ । ० । ० |
| ७० वर्षको अंशादि | ७८ । ११ । १२ । ० |
| १ वर्षको अंशादि | १९१ । २४ । ९ । ३६ |
| १८७१ | ६३४ । २३ । २१ । ३६ |

३६०)६३४(१
३६०
२७४

अं. । क. । वि. । प्र.
२७४ । २३ । २१ । ३६

| | अं. | क. | वि. | प्र. |
|---|---|---|---|---|
| क्षेपक = वि.सं. ० को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) | १४८ | २७ | २१ | ३६ |
| १८७१ वर्षको मङ्गलको गति | २७४ | २३ | २१ | ३६ |
| वि. सं. १८७१ को मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) | ६२ | ५० | ४३ | १२ |

## १९ प्रश्नमाला

२६ प्रक्रमको रीतबाट तल दिइएका वर्षका मङ्गलका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याऊ ।

(१) वि. सं. २०२३
(२) वि. सं. २०२२
(३) वि. सं. २०२१
(४) वि. सं. २०२०
(५) वि. सं. २०१९
(६) वि. सं. २०१८
(७) वि. सं. १८६०
(८) वि. सं. १८६१
(९) वि. सं. १८६७
(१०) वि. सं. १८६८
(११) वि. सं. १८६९
(१२) वि. सं. १८७०
(१३) वि. सं. १९६०
(१४) वि. सं. १९६१
(१५) वि. सं. १९७०
(१६) वि. सं. १९७१
(१७) वि. स. १८५४
(१८) वि. सं. १८५५
(१९) वि. सं. १८११
(२०) वि. सं. १८१०
(२१) वि. सं. १७४०
(२२) वि. सं. १७३९
(२३) वि. सं. १७३१
(२४) वि. सं. १७३२
(२५) वि. सं. १६१६
(२६) वि. सं. १६१५
(२७) वि. सं. १५३८
(२८) वि. सं. १५३७
(२९) वि. सं. १४४४
(३०) वि. सं. १४४३
(३१) वि. सं. १३५२
(३२) वि. सं. १३५३
(३३) वि. सं. १
(३४) वि. सं. ०

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | | अंश | कला | विकला | प्रतिविकला |
|---|---|---|---|---|---|---|---|---|---|
| [१] | ३५६ | ३ | २ | २४ | [१८] | २४० | २४ | ९ | ३६ |
| [२] | १६४ | ३८ | ५२ | ४८ | [१९] | ९८ | ४१ | ७ | १२ |
| [३] | ३३३ | १४ | ४३ | १२ | [२०] | २६७ | १६ | ५७ | ३६ |
| [४] | १४१ | ५० | ३३ | ३६ | [२१] | १८९ | ५ | ४५ | ३६ |
| [५] | ३१० | २६ | २४ | ० | [२२] | ३५७ | ४१ | ३६ | ० |
| [६] | ११९ | २ | १४ | २४ | [२३] | २६५ | २८ | १९ | १२ |
| [७] | ११७ | २४ | ५७ | ३६ | [२४] | ९७ | ५२ | २८ | ४८ |
| [८] | ३०८ | ४९ | ७ | १२ | [२५] | २१५ | ९ | ५५ | १२ |

| | अंश | कला | विकला | प्रतिविकला | | अंश | कला | विकला | प्रतिविकला |
|---|---|---|---|---|---|---|---|---|---|
| [९] | १७ | १४ | ४ | ४८ | [२६] | २३ | ४५ | ४५ | ३६ |
| [१०] | २०८ | ३८ | १४ | २४ | [२७] | ४५ | ४५ | २६ | २४ |
| [११] | ४० | २ | २४ | ० | [२८] | २१४ | २१ | १६ | ४८ |
| [१२] | २३१ | २६ | ३३ | ३६ | [२९] | ५३ | ५४ | २४ | ० |
| [१३] | १७७ | ४० | ५७ | ३६ | [३०] | २२२ | ३० | १४ | २४ |
| [१४] | ९ | ५ | ७ | १२ | [३१] | ८४ | ५१ | ४० | ४८ |
| [१५] | २९१ | ४२ | ३३ | ३६ | [३२] | २७६ | १५ | ५० | २४ |
| [१६] | १२३ | ६ | ४४ | १२ | [३३] | ३३९ | ५१ | ३१ | १२ |
| [१७] | ४९ | ० | ० | ० | [३४] | १४८ | २७ | २१ | ३६ |

सूत्र (२३,२४ प्रक्रमको रीत)बाट आएका मङ्गलका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) र ५ सारणी (२५, २६ प्रक्रमको रीत)बाट आएका मङ्गलका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ट्वाक्क मिल्न आउँछन् । यहाँ भाग लिँदा निःशेष भएको हुनाले मिल्न आएको हो ।

(क्रमशः)

## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ८९ | १३ | काला | कान्ला |
| ९१ | १० | हाला | होला |
| ९३ | २३ | कालिग्राम | कोलिग्राम |
| ९४ | १८ | ढाकाढल | ढोकाढल |
| ९६ | ११ | आफ्नो प्राचीन नाम छोडिसकेको छ | आफना प्राचीन नाम छोडिसकेका छन् |
| १०१ | ८ | ँको | यहाँको |
| ११७ | ४ | पृथ्वीनाराण | पृथ्वीनारायण |
| ११७ | ५ | पुरानु | पुरानो |
| १२१ | ११ | सामाग्री | सामग्री |
| १४३ | १ | विशेष स्थान | स्थान |
| १४९ | २४ | ादशी | द्वादशी |
| १५३ | ११ | पटकै | पटक्कै |

१५३ पृष्ठमा २३ पङ्क्तिपछि "चन्द्रमा जति जति सूर्यको नगीच जान्छन्, उति उति चन्द्रबिम्बमा कालो बढ्दै जान्छ'" यति टुटेको छ ।

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १५६ | २२ | सुर्य | सूर्य |
| १५८ | ८ | हो । | हो ।) |

# हाम्रो वक्तव्य

वि. सं २०११ वैशाखमा योगी नरहरिनाथले ठिमीनिवासी चन्द्रमान जोशीसँग रहेको एउटा ठ्यासफु ल्याई हामीलाई सार्न दिनुभएको थियो । हामीले पनि यथासमयमा सारी त्यो ठ्यासफु उहाँलाई फिर्ता गरिदिएका थियौं ।

सो ठ्यासफुमा वि. सं. १७३४ देखि वि. सं. १७६२ सम्मका विशेष घटना दिइएकाले र त्यहाँ दिइएका घटनाका तिथिमितिको पञ्चाङ्गगणना गर्दा मिलेकाले सो ठ्यासफुको प्रामाणिकतामा हामीलाई विश्वास लाग्यो र हामीले वि· सं. २०११ मंसीरदेखि इतिहास–संशोधन गर्दा प्रामाणिक सामानको रूपमा यो ठ्यासफुको उपयोग गरिआएका हौं ।

उठानमा हामीलाई त्यस ठ्यासफुको अर्थ राम्ररी लाग्न सकेको थिएन । पछि अभ्यास गर्दै जाँदा हामीलाई त्यस ठ्यासफुको अर्थ बढी मात्रामा लाग्न थाल्यो र यसको फलस्वरूप प्रताप मल्लको मृत्युपछिको कान्तिपुरको राजकाजको विषयमा नयाँ प्रकाश पर्न गयो । यसपछि हामीले केही नयाँ इतिहास–संशोधन निकालेकाले इतिहास–रसिकहरूले सर्वप्रथम चिकुटि लक्ष्मीनारायण जोशीहरूको विषयमा प्रामाणिक कुरा थाहा पाउन सकेका थिए ।

श्रीभीमनिधि तिवारीले लेख्नुभएको चौतारा लक्ष्मीनारायण भन्ने ऐतिहासिक नाटक वि. सं. २०२४ मा साझा प्रकाशनतर्फबाट प्रकाश भएको छ । सो नाटकको प्रस्तावनामा सो नाटक तयार पार्दा आफूलाई परेको परिश्रमको बेलिबिस्तार तिवारीज्यूले यसरी लाउनुभएको छ––

'यो नाटकको घटना हनुमानढोका दरबारकै हो । म पनि काठमाडौंको पुर्ख्यौली बासिन्दा पन्ध्र मिनेटको फासलामा मेरो आश्रम छ । तैपनि मलाई यो नाटक लेख्ता धेरै नै मानसिक एवं शारीरिक श्रम पऱ्यो । विषय अध्ययनको निमित्त कति पुस्तकालयहरूमा वंशावली तथा सोधपूछको निमित्त कति व्यक्तिको घर घरमा, वस्त्राभूषणको निमित्त कति मंदिर र मूर्ति भएको ठाउँमा दौडधूप गर्नुपऱ्यो ।

हनुमानढोका दरबारको कोठा, चोटा, चोक, बारी, बगैंचा आदिको निरीक्षणको निमित्त नारायणहिटी दरबारबाट इजाजत लिनुपरेको थियो । यो नाटक लेख्नमा भन्दा अध्ययन र अनुसंधानमा विशेष समय र श्रमको अधिक व्यय भएको छ भन्ने कुरा पनि मेरा पाठकहरूमा ज्ञापन गर्न चाहन्छु ।"

माथि उद्धरण गरिएका यी वाक्य हेर्दा चौतारा लक्ष्मीनारायण जोशीको विषयमा भीमनिधिजीले आफैंले सम्पूर्ण कुरा खोजी गर्नुभएको हो भन्ने देखिन्छ ।

तर भीमनिधि तिवारीजीले आफूलाई इतिहासको अन्वेषकमा दर्ज खोजे पनि इतिहास–संशोधन पढिसकेका पाठकहरूलाई उहाँ झुक्याउन सक्नुहुन्न र उहाँले आफूलाई इतिहासको अन्वेषकमा होइन, नाटककार कथाकार र कविमा मात्र आफ्नो नाम दराई सन्तोष लिई बस्नुपर्छ ।

नेपाली भाषामा ऐतिहासिक नाटक लेख्ने चलनको थालनी नयाँ होइन। आफूभन्दा पहिले ऐतिहासिक नाटक लेख्ने व्यक्तिहरूले जसको आधारमा नाटक लेखिए, तिनीहरूप्रति कस्तो व्यवहार गरेका थिए भन्ने कुरा बुझ्नु भीमनिधिजीको लागि आवश्यक थियो।

श्रीसूर्यविक्रम ज्ञवालीले अन्वेषण गरी लेख्नुभएको अमरसिंह थापालाई आधार मानी श्रीबालकृष्ण समले अमरसिंह थापा भन्ने नाटक तयार पार्नुभएको छ। त्यहाँ उहाँले कुन शब्दमा अन्वेषकउपर कृतज्ञता ज्ञापन गर्नुभएको छ भन्ने कुरा विज्ञ पाठकहरूलाई थाहा भए तापनि श्रीभीमनिधि तिवारीलाई थाहा नहुन सक्छ। यस कारण हामी अमरसिंह थापाका 'केही शब्द' मा श्रीबालकृष्ण समले लेख्नुभएका केही वाक्य यहाँ उद्धरण गर्छौं—

**अमरसिंह थापाको नाम यताउता मैले पहिले पनि सुनेको हुँला, तर मलाई यो नाटक लेख्ने प्रेरणा हाम्रा प्रसिद्ध इतिहासकार श्री सूर्यविक्रम ज्ञवालीलिखित 'अमरसिंह थापा' को जीवनीबाटै मिलेको हो। नाटक लेख्नुभन्दा अगाडि मैले नछापिएका अरू पनि नेपाली वंशावलीहरू र अंग्रेजीमा लेखिएका नेपालका इतिहासहरू हेरें, हाम्रा इतिहासशिरोमणि बाबुराम आचार्यलाई पनि अध्ययन गरें, परन्तु मैले मुख्य आधार ज्ञवालीजीकै पुस्तकलाई मानेको छु।'**

श्रीभीमनिधि तिवारीको यस नाटकमा भद्दा भूल छन्। उदाहरणको लागि एउटा भूलतिर औंल्याउनु नै पर्याप्त हुनेछ।

जस्तै—

**रामायणमा विदुलापुत्र संवाद, महाभारतमा राजधर्म पर्व, विदुरनीति यस्तै पुस्तकहरू पढेस्।**

(चौतारा लक्ष्मीनारायण जोशीको १४ पृ.)

यहाँ विदुलापुत्रसंवादलाई रामायणअन्तर्गत भनिएको छ। तर विदुलापुत्रसंवाद रामायणको अन्तर्गत नभई महाभारतको उद्योगपर्वका १३३–३६ अध्यायमा छ।

साँच्चि भनौं भने भीमनिधि तिवारीज्यूले तात्कालिक इतिहासको राम्ररी मनन पनि गर्नुभएका छैन। उदाहरणार्थ देउपाटनमा राघवानन्द स्वामीको घरमा बसेका महीपतेन्द्र मल्ललाई पक्रन जाँदा ४ जना सिपाहीमात्र गएको कुरा उहाँले लेख्नुभएको छ। जस्तै—

**चार जवान प्यादाको एक्कासि प्रवेश।... ... ... ...**

**प. प्यादा –यी: यै हो अपराधी।**

**राघवानन्द –(कड्केर) कौन ? कौन अपराधी ? राजा प्रताप मल्लका कुमार, महीपतेन्द्र मल्ल।**

**दो. प्यादा –हो, चिनाइदिनुभो स्वमीजी, तपाईंले। यही हो अपराधी।**

**महीपतेन्द्र –(पाउ परेर, आत्तिएर) स्वामीजी ! स्वामीजी। मेरो रक्षा! मलाइ बचाइदिनुहोस् ! बचाइदिनुहोस् !**

ते. प्यादा –बाँध डोरीले कमरमा । झटाझट !

राघवानन्द –हट् ! कुकर्मी कहींका ! विना दोष ! विना अपराध ! (बाँध्नेलाई घुर्चेट-दिन्छन् ।)

चौ. प्यादा –आइज, आइज खँगारिदेऔं यस भुँडेलाई भन्याङबाट ।

(चौथो र पहिलो प्यादा मिलेर राघवानन्दलाई घुलेटतै नेपथ्यतिर लैजान्छन् । दोस्रो र तेस्रो प्यादाले महीपतेन्द्रको कमरमा डोरीले कस्छन् । नेपथ्यबाट ढाङढाङ ढुङ्ढुङ आवाज आउँछ ।)

राघवानन्द –(नेपथ्यबाट) ऐय्याः ! बाबा ! मारे ! बाबा ! जय पशुपतिनाथ ! भन्याङबाट खसालिदिए । मलाइ । भाँचियो बाबा ! हात भाँचियो ! गोडा मर्कियो ! यस्तो नरक राज्यमा बस्तिनँ म । गएँ ऐले नै ललितपुरको शरणमा ।

चौ.र प.प्यादा-(प्रवेश गर्दै) बाँध, बाँध्, कस् बेस्करी । फुत्कला ।
(आफूहरूले पनि मदद् गर्छन् ।)

महीपतेन्द्र –मैले के बिराएँ !! मेरो के कसूर ?? मलाइ किन बाँध्ने ?? कहाँ लैजाने ??

(चार जवान प्यादाले अधिरछि लागेर दुवै हात र कमर डोरीले बाँधिएका महीपतेन्द्र-लाई घिच्याउँदै लैजान्छन् ।)

(चौतारा लक्ष्मीनारायणका ७१–७२ पृ. बाट)

४ जना सिपाही मात्र गई तिनीहरूले महीपतेन्द्रलाई पक्रेर ल्याए भनी यसरी यहाँ लेखिएको छ । तर महीपतेन्द्रलाई पक्रन प्रमानहरूसमेत गएको उल्लेख ठ्यासफुसमा छ । जस्तै—

सम्वत् ८०७ भाद्रपद शुक्ल एकादशी उत्राषाढ बुधबार थ्व कुन्हु गोरस सिकुथिनिनियौता-छेस राङाओ मिरह्म जुजु निवरकाओ बरह्नि स्याक. प्रमानपनि सकरस्यन विर याङाओ राक ।। राघवानन्द राबरया छेंस धिर याक. रावरं मोचोस्यं वङ ।

[ने. सं. ८०७ (वि. सं. १७४४) भाद्र शुक्ल एकादशी उत्तराषाढानक्षत्र बुधवारका दिन देउपाटनमा सिकुथिन नियौताछेमा भेट्टाएर मिरह्म जुजु (साना राजा=महीपतेन्द्र मल्ल) लाई नेल ठोकी राति मारे । प्रमान (भारादार) हरू सबैले घेरेर समाते । राघवानन्द रावल (मूल पुजारी)को घरमा घेरा हाले । रावल नबर्सा गए । ]

(इतिहास–संशोधनको प्रमाणप्रमेयका २७६,२७८–७९ पृष्ठबाट)

श्रीभीमनिधि तिवारीले आफ्नो नाटकरचनामा मात्र सन्तुष्ट नभई अरूले गरिसकेको ऐतिहासिक अन्वेषणमा समेत दाबी गर्न पुग्नुभएको कुरा माथिका कुराबाट स्पष्ट हुन्छ । यताबाट विद्याको चोरी गर्ने व्यक्तिहरूमा श्रीडिल्लीरमण रेग्मीसँगै श्रीभीमनिधि तिवारी पनि पर्न आउनुभएको छ ।

–०–

सूचना–यो अङ्क पनि ठीक समयमा प्रेसबाट निस्कन सकेन । अहिले पौषको पहिलो हप्तामा मात्र यो अङ्क निस्क्यो ।

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल
१०।४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२५
साउन–भदौ–असोज

**वार्षिक मूल्य– रु. ८।**
( डाँकखर्च अलग )
**यस अङ्कको मूल्य ३।५०**

मुद्रक—
*जोरगणेश प्रेस प्रा० लि०*
*बालाजु औद्योगिक क्षेत्र, काठमाडौं*